
अंक २१, असोज २०८१ (October 2024)

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

## मानव बेचबिखन र बाल श्रम








"मानव बेचबिखन न्यूनीकरणमा नीति निर्माणकर्ताको भूमिका"
अन्तरक्रिया कार्यक्रम




"मानव बेचबिखन न्यूनीकरणमा सरकारी निकायको भूमिका"
संवाद कार्यक्रम



"मानव बेचबिखनविरुद्धको नयाँ राष्ट्रिय कार्ययोजना"
परामर्श कार्यशाला



"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४को संशोधन" परामर्श गोष्ठी



मानव बेचबिखनविरुद्ध अवलोकन भ्रमण,
कोलकता, भारत



मानव बेचबिखनविरूद्ध अवधारणागत स्पष्टता प्रशिक्षण



"मानव बेचबिखनविरूद्धको (नमूना) प्रदेश नीति"
ज्ञापनपत्र सहित हस्तान्तरण- मुख्यमन्त्री, कर्णाली प्रदेश



मानव बेचबिखन नियन्त्रण विषयमा भारतको कोलकत्तास्थित
नेपाली महावाणिज्य दूतावाससँग बैठक

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन

**अंक ७१** **असोज २०८१ (October 2024)**

**सल्लाहकार**
तारा भण्डारी

**सम्पादक मण्डल**
हिरा दाहाल
बिमला ज्ञवाली
सोम कुमार राई
अनिल अधिकारी
बेनु माया गुरूङ

**संयोजक**
करूणा महर्जन
अर्जिता पौडेल

**आवरण/ले-आउट**
सचिन महर्जन

**मुद्रण**
कर्ल्लबर्ग, ललितपुर
९८५१२३४४२७

## विषयसूची

| | | |
|---|---|---|
| ◆ **अध्यक्षको कलमबाट** | | २ |
| **लेख** | | |
| ◆ मानव बेचबिखन रोकथाममा परराष्ट्र नीति र कूटनीतिक अभ्यासको महत्व | मिलनराज धरेल | ३ |
| ◆ बालबालिका एवं किशोरकिशोरीहरूको बेचबिखन तथा अवैध ओसारपसार | विजय पौडेल | ७ |
| ◆ बालश्रम किन उन्मूलन हुन सकेन ? | कृष्णप्रसाद सुवेदी | ११ |
| ◆ मनोरञ्जन क्षेत्र र बालबालिकाहरूको बेचबिखन | हिरा दाहाल | १४ |
| ◆ बालश्रम र बालश्रम निवारणका उपाय | मणिराम आचार्य | १७ |
| ◆ अभिभावकीय शैली र मानव बेचबिखनका जोखिमहरू | बुद्धिकुमार श्रेष्ठ | २० |
| ◆ मधेश प्रदेशमा बालश्रमको लागि बालबालिकाहरूको बेचबिखनः अवस्था, चुनौति र सुझावहरू | लालबाबु प्रसाद कुशवाहा | २२ |
| ◆ सुदूरपश्चिम प्रदेशको सन्दर्भमा बालश्रमको लागि बालबालिकाहरूको बेचबिखनः अवस्था, चुनौति र सुझावहरू | शान्ता राना | २५ |
| **नियमावली** | | |
| ◆ राष्ट्रिय बालबालिका नीति, २०८० | | २८ |
| **एटविन गतिविधि** | | |
| ◆ एटविनको संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन | | ३० |
| **सदस्य संस्था परिचय** | | |
| ◆ संरक्षण नेपाल (Protection Nepal), बारा | | ३७ |
| ◆ शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल, मकवानपुर | | ३८ |
| **संचारमा एटविन** | | ३९ |
| **समाचारमा मानव बेचबिखन** | | ४० |

यस बुलेटिनमा प्रकाशित लेखहरूमा व्यक्त विचारहरू लेखकका निजी हुन् ।

**प्रकाशकः**

AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)**
पो.ब.नं. : २४९६०, फोन नं. ५३२९७८७, ५३२०४७८
इमेलः *aatwin@ntc.net.np*, वेबसाइट : *www.aatwin.org.np*
*Facebook Page : facebook.com/AATWIN.org*

**प्रकाशन सहयोगीः**

**Women's Fund Asia**

# अध्यक्षको कलमबाट



मानव बेचबिखन विविध उद्देश्यकालागि हुने गरेको पाइन्छ। त्यसमा एउटा उद्देश्य बालश्रम पनि रहेको छ। बालश्रमकालागि ठूलै संख्यामा बालबालिकाको बेचबिखन भइरहेको पाइन्छ। बिशेष गरि अनौपचारिक तथा असंगठित क्षेत्रमा बालश्रम देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ अनुसार आ.व. २०७६/७७ र २०७७/७८ को अवधिमा करिब ४०,३०० व्यक्ति मानव बेचबिखनमा परेको अनुमान गरिएको छ। नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरोका अनुसार आर्थिक वर्ष २०७९/८० मा मानव बेचबिखन विरुद्ध १५७ वटा मुद्दा दर्ता र कुल २३१ पीडितहरू रहेको। २११ महिला र २० जना पुरुष पीडित भएको देखाएको छ। बालश्रमको उपलब्ध तथ्याङ्क हेर्ने हो भने नेपाल बाल श्रम प्रतिवेदन २०२१ (नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/१८ को तथ्यांकको आधारित) अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका ७० लाख बालबालिका (कुल बालबालिकाको संख्या) मध्ये ११ लाख बालबालिका (१५.३%) बाल श्रममा संलग्न रहेको भनिए छ। साथै उक्त बाल श्रम प्रतिवेदन अनुसार करिब २ लाख (३.२%) बालबालिकाहरू जोखिमपूर्ण काममा संलग्न रहेका छन्।

बाल श्रमकालागि हुने बेचबिखनको पहिचान र प्रभावकारी सम्बोधनका अभाव रहेको छ। एटविनले बालश्रमको लागि हुने बेचबिखनको रोकथाम कार्यक्रमको क्रममा मधेश, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका ११ वटा पालिकाहरू तथा नेपाल-भारत सीमानाका सरोकारवालाहरूसंग काम गरेको अनुभवमा नेपालभित्र र नेपालबाट भारतमा हुने बालश्रमका लागि हुने बेचबिखनको सम्बोधनका कार्यक्रमहरूको अभाव रहेको पाइयो। बालश्रमिककालागि आवश्यक विविध सेवाहरू उपलब्ध नभएकोले बालश्रमिकलाई बालश्रममा जानबाट रोके पनि फेरि बालश्रमकालागि बेचबिखनमा परेको अवस्था रहेको छ। कतिपय सरोकारवालाहरूले बालिकाहरूलाई रोकेपनि बालकहरूलाई नरोकेमा भन्ने पाइयो। यदि रोके पनि बालकलाई राख्ने बाल गृहहरूको आभाव रहेको र धेरैजसोलाई परिवारकै सहमतिबाटै बालश्रमकोलागि पठाइएको कारणले घरमै फर्काए पनि फेरि बालश्रममै पठाउने गरेको देखिएकोले नरोकेको जानकारी दिनु भएको थियो।

बालश्रम पनि बालबालिका बेचबिखनसँग अन्तरसम्बन्धित विषय हो। यदि बालश्रमको लागि बेचबिखन भएको छ भने मानव बेचबिखनकै मुद्दाको रुपमा पहिचान र सम्बोधन हुनु आवश्यक छ। अन्यथा, हजारौको संख्यामा बालश्रमकालागि भइरहेको बेचबिखनबाट पीडित/प्रभावित न्यायको पहुँच, पाउने सेवा र अधिकारबाट वञ्चित हुन्छन्। बेचबिखनबाट कुनै पनि पीडित/प्रभावित लिङ्ग, उमेर अवस्था लगायत कुनै पनि कारणले आफ्नो अधिकारबाट बञ्चित हुनु हुन्न्। यस विषयमा सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायको ध्यानाकर्षण हुनु आवश्यक छ। बालश्रमकालागि बेचबिखनमा परेका साथै, श्रम शोषणका लागि हुने बेचबिखनको मुद्दा बेचबिखनकै रुपमा नीतिगत, संरचनागत र व्यवहारगतमा रुपमा सम्बोधन हुनु पर्छ।

तारा भण्डारी
अध्यक्ष, एटविन

# मानव बेचबिखन रोकथाममा परराष्ट्र नीति र कूटनीतिक अभ्यासको महत्व



✍ मिलनराज धरेल

## १. पृष्ठभूमि

विश्वव्यापी रूपमा मानव ओसारपसार तथा बेचबिखनको अपराध संगठित, श्रङ्खलाबद्ध र थप सघन भइरहेको पाइन्छ । विशेषगरी नवउदारवादी अर्थतन्त्र, बजारको भू-मण्डलीकरण र विकसित राष्ट्रहरूले आफ्नो देशमा भएको श्रम शक्ति अभावलाई परिपूर्ति गर्न खुला गरिएको अन्तर्राष्ट्रिय श्रम बजारका कारण मानव ओसारपसार तथा बेचबिखन थप सघन र जटिल बन्दै गइरहेको छ ।

मानव ओसारपसार तथा बेचबिखनको तथ्याङ्कलाई हेर्ने हो भने, सिटिडिसी (२०२३) को तथ्याङ्कअनुसार सन् २०२२ मा मात्र विश्वभर १ लाख ५६ हजार ३३० मानव बेचबिखनका घटनाहरू दर्ता भएका छन् । यी घटनाहरूमा १८७ देशका नागरिकहरू १८९ देशमा पीडित भएको पाइएको छ । आधुनिक दासतासम्बन्धी अर्को तथ्याङ्क हेर्ने हो भने, विश्वभर करिब ५ करोड मानिसहरू आधुनिक दासताको शिकार भएका छन्, जसमा ठूलो हिस्सा ओसारपसार तथा बेचबिखन प्रभावित व्यक्तिहरू रहेका छन् । संयुक्त राष्ट्रसंघ लागु औषध तथा अपराधसम्बन्धी कार्यालयको प्रतिवेदन २०२२ ले सन् २०२० मा कोभिड-१९ महामारीको समयमा अन्तरदेशीय आवागमन नियन्त्रण भएका कारण मानव बेचबिखन तथा ओसारपसारका घटनामा ११ प्रतिशतले कमी आएको जनाएको छ ।

यी तथ्याङ्कहरूले स्पष्ट सङ्केत गरेको विषय के हो भने, मानव ओसारपसार तथा बेचबिखन विश्वव्यापी रूपमा फैलिएको, अन्तरदेशीय संगठित अपराध हो र कुनै एक देशको एकल प्रयास र पहलकदमीबाट मात्र मानव ओसारपसार तथा बेचबिखनका समस्यालाई नियन्त्रण गर्न सकिदैन । जब देशहरू बिचको सहकार्य, साझा पहल र एक अर्काप्रतिको जिम्मेवारीका विषयहरू सम्बोधन गर्नुपर्ने हुन्छ, तब आन्तरिक नीति र संयन्त्र मात्र पर्याप्त हुदैन, त्यहाँ परराष्ट्र सम्बन्ध, नीति तथा कूटनीतिक पहलको आवश्यकता र औचित्यता पुष्टि हुन्छ ।

यस लेखमा नेपालले मानव ओसारपसार तथा बेचबिखनका निम्ति अवलम्बन गरेका अन्तर्राष्ट्रिय सम्बन्धका नीतिहरू तथा प्रयत्न गरेका कूटनीतिक पहलको बारेमा सामान्य समीक्षा गर्ने प्रयत्न गरिएको छ ।

## २. नेपालको परराष्ट्र सम्बन्ध

नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको इतिहासलाई हेर्ने हो भने उत्तर र दक्षिण छिमेकसँगको कूटनीतिक सम्बन्धका अतिरिक्त तत्कालिन विश्व शक्ति बेलायती साम्राज्यसँग कूटनीतिक सम्बन्ध स्थापित गर्ने पहिलो दक्षिण एसियाली मुलुक भएको पाउन सकिन्छ । तर राणाकालिन निरङ्कुशतामा देशको अन्तर्राष्ट्रिय सम्बन्धलाई राष्ट्रिय हितका निम्ति परिचालन गर्नेभन्दा पनि आफ्नो शासन सत्ता टिकाउन रिझाउने मानसिकताबाट परिचालन गरिएको कारण नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा व्यापकता र प्रभावकारिता आउन सकेन । २००७ सालको प्रजातन्त्र प्राप्तिपछि नेपालले आफ्नो प्रभावकारी उपस्थिति, अन्तर्राष्ट्रिय सम्बन्ध र मञ्चहरूमा देखाउन थालेको पाइन्छ । संयुक्त राष्ट्र संघको सदस्यता प्राप्तिपश्चात नेपाल केवल एक सार्वभौम राष्ट्रको रूपमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न मात्र नभई विश्व मञ्चमा शान्ति, न्याय र असंलग्नताको नेतृत्वदायी राष्ट्रको रूपमा आफूलाई स्थापित गर्न र नयाँ नयाँ मुलुकहरूसँग आफ्नो मैत्री सम्बन्ध, कूटनीतिक सम्बन्ध स्थापना गर्न सफल भएको पाइन्छ । २०४६ सालको परिवर्तनसँग विश्वव्यापी रूपमा देखापरेको खुला बजार र भू-मण्डलीकरणको प्रभावमा नेपालले विश्व बजारमा प्रवेश गर्नुका साथै, विश्व बजारले पनि नेपालमा प्रवेश पाएको हो ।

परराष्ट्र मन्त्रालयको तथ्याङ्कअनुसार सन् १८१६ मा बेलायतसँग दौत्य सम्बन्धबाट सुरु भएको नेपालको

औपचारिक अन्तर्राष्ट्रिय सम्बन्ध २०२३ सम्म आइपुग्दा विश्वका १८१ देशसँग द्विपक्षीय दौत्य सम्बन्ध रहेको अवस्थामा आइपुगेको छ । यस बाहेक पनि नेपाल सार्क जस्ता क्षेत्रीय संगठन, बिमस्टेक जस्ता आर्थिक समूहमा पनि आवद्ध रहेको छ ।

प्रतिवेदनअनुसार हाल नेपालको ३० देशमा राजदूतावास रहेको छ भने ७ वटा प्रमुख व्यापारिक तथा आर्थिक सहरहरूमा कन्सुलेट जनरलको कार्यालय रहेको छ । यसका साथै संयुक्त राष्ट्र संघका लागि स्थायी दूतावास पनि जेनेभामा रहेको छ । त्यसैगरी, नेपालमा २५ मित्रराष्ट्रहरूले आवासीय दूतावास स्थापना गरी कार्य सञ्चालन गरिरहेका छन् भने ८२ मुलुकहरूले गैरआवासीय कूटनीतिक सेवा प्रदान गरिरहेका छन् ।

### ३. नेपालको परराष्ट्र नीति र नागरिक सुरक्षा

नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तरगत धारा ५० को उपधारा ४ मा राष्ट्रिय हितको रक्षा गर्दै विश्व समुदायमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध परिचालन गर्ने निर्देशक सिद्धान्त अवलम्बन गरिएको छ । त्यसैगरी राज्यका नीतिहरू अन्तरगत धारा ५१ को (झ) को ५ मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित बनाउने, (ड) मा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिमा राष्ट्रिय हित र अन्तर्राष्ट्रिय कानुनहरूको मान्यताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध परिचालन गर्ने नीति उल्लेखित छ ।

राष्ट्रिय हितलाई अन्तर्राष्ट्रिय सम्बन्धको प्रमुख लक्ष्य मानिआएको सन्दर्भमा संविधानको धारा ५ मा राष्ट्रय हितको परिभाषा गरिएको छ । जसअनुसार सार्वभौमिकता, भौगोलिक अखण्डता, सीमा सुरक्षाका अतिरिक्त नेपालीको हक हित तथा आर्थिक समुन्नति र समृद्धिलाई समेत राष्ट्रिय हितको रूपमा स्वीकार गरिएको छ । राष्ट्रिय हितका विपरित हुने क्रियाकलाप कानुन बमोजिम दण्डनीय हुने व्यवस्था रहेको छ ।

नेपालले पहिलोपटक जारी गरेको लिखित परराष्ट्र नीति २०७७ को चुनौतीको खण्डमा वैदेशिक रोजगारी, प्रवासी नेपालीहरूका सवाल र अन्तरदेशीय संगठित अपराधलाई उल्लेख नगरेको भए पनि अवसरहरूका रूपमा बुँदा नं. ९ मा वैदेशिक रोजगारीलाई आर्थिक कूटनीतिको अवसरको रूपमा स्वीकार गरेको छ ।

परराष्ट्र नीति २०७७ को मार्गदर्शक सिद्धान्त तथा मान्यताहरू अन्तरगत बुँदा नं. ७ मा अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यता तथा बुँदा नं. १२ मा लोकतन्त्र मानवअधिकार र विधिको शासन तथा बुँदा नं. १४ मा मानव जातिको सुरक्षालाई उल्लेख गरेको पाइन्छ ।

परराष्ट्र नीतिको परिच्छेद ४.३ मा परराष्ट्र नीतिका आधारभूत शर्तहरू उल्लेख गरिएको छ । जहाँ परराष्ट्र नीति नेपालको बाह्य सम्बन्ध सञ्चालनमा मूल नीतिको रूपमा र अन्य क्षेत्रगत नीतिहरूको परिपूरक नीतिको रूपमा स्वीकार गरिएको छ ।

परिच्छेद ७ मा उल्लेखित परराष्ट्र नीतिका उद्देश्यहरूको सम्बन्धमा बुँदा नं. ३ मा साइबर अपराध नियन्त्रण, सुरक्षित आप्रवासन तथा बुँदा नं. ७ मा विदेशमा पेशा, व्यवसाय र रोजगारीमा संलग्न नेपाली समुदाय र कानुनी हितको संरक्षण गर्नु उल्लेख गरेको छ ।

परराष्ट्र नीति अन्तरगत द्विपक्षीय सम्बन्धसम्बन्धी नीतिको नीति नं. ८.१ को रणनीति तथा कार्यनीति अन्तरगत बुँदा नं. ४ र ५ मा निम्न कार्यनीति उल्लेख गरिएको छ :

४. सुरक्षा, अपराध नियन्त्रण तथा सीमापार अपराध एवम् आर्थिक र व्यापारिक विचलन लगायतका अवैध गतिविधिको नियन्त्रण, आवागमन सहजता र व्यापार तथा पारवाहन सहजीकरण जस्ता पक्षलाई ध्यानमा राखी समन्वयात्मक ढङ्गले सीमा व्यवस्थापन गर्ने ।
५. सबै प्रकारका अन्तरदेशीय अपराध नियन्त्रणका लागि द्विपक्षीय सहयोग प्रवर्द्धन गर्ने ।

त्यसैगरी बहुपक्षीय सम्बन्ध अन्तरगतका नीतिहरू अन्तरगत ८.५ को सबै प्रकारका आतङ्कवाद एवं अतिवाद विरुद्धका राष्ट्रिय प्रयासलाई सार्थक बनाउन विश्व समुदायसँग ऐक्यवद्धता र सहकार्य गर्ने नीतिको रणनीति तथा कार्यनीतिको बुँदा ३ मा संगठित अपराध, मुद्रा निर्मलीकरण, खोटाचलन, मुद्राको अवैध कारोवार तथा कर छली जस्ता विषयमा अन्तर्राष्ट्रिय संयन्त्रमा सक्रिय भूमिका निर्वाह गर्ने र बुँदा नं. ५ मा मानव तस्करी, लागु पदार्थको अवैध ओसारपसार, साइबर

अपराध, अन्य सीमापार अपराधविरुद्ध द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा सहकार्य गर्ने उल्लेख गरिएको छ ।

परराष्ट्र नीतिको बुँदा नं. ८.९ मा अन्तर्राष्ट्रिय आप्रवासनलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित तुल्याउने प्रयासमा सहकार्य गर्ने गरी मुख्य नीतिकै रूपमा स्वीकार गरिएको छ। त्यसैगरी आर्थिक कूटनीति अन्तरगत बुँदा नं. ८.१४ मा वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने विषयलाई मुख्य नीतिकै रूपमा अङ्गीकार गरिएको छ । त्यसैगरी नीतिको बुँदा नं. ८.१५ को आप्रवासी नेपालीको ज्ञान सिपको उपयोग गर्ने नीति अन्तरगत बुँदा नं. ७ मा समस्यामा परेका नेपालीलाई कानुनी परामर्श, राहत तथा उद्धारको व्यवस्था गर्ने र आवश्यकताअनुसार आप्रवासी नेपालीको सहयोग लिने उल्लेखित छ । त्यसैगरी प्राकृतिक तथा कानुनी व्यक्तिको हकहितको संरक्षण अन्तरगत बुँदा नं. ८.१६ मा विदेशमा नेपालीको हक हितको रक्षा गर्ने नीति लिइएको छ भने यसका लागि उद्धार, स्वदेश फिर्ती तथा कानुनी सहायताका कार्यनीतिहरू उल्लेख गरिएको छ ।

नेपालको विद्यमान परराष्ट्र नीतिले विविध ढङ्गले नागरिक सुरक्षाका विषयमा बोलेको माथिका तथ्यहरूले पुष्टि गर्दछ । यी सबै व्यवस्थाहरू चाहे वैदेशिक रोजगारीको होस, चाहे सुरक्षित आप्रवासनको वा सीमापार संगठित अपराध नियन्त्रण गर्ने विषय वा विदेशमा समस्यामा परेका नेपालीको सहायताका विषय, कुनै न कुनै ढङ्गले मानव ओसारपसार तथा बेचबिखनविरुद्ध लक्षित छन् । तसर्थ नेपाली कूटनीतिक सेवाले मानव ओसार पसार तथा बेचबिखन लक्षित भूमिका विस्तार गर्ने र प्रभावकारिता अभिवृद्धि गर्ने दायित्व नेपालको परराष्ट्र नीतिले सिर्जना गरेको स्पष्ट छ ।

## ४. वर्तमान अभ्यास र सवालहरू

नेपालले संवैधानिक र कानुनी रूपमा नै मानव ओसार पसार तथा बेचबिखनलाई निषेधित र दण्डनीय कार्यको रूपमा स्वीकार गरेको छ। १५औं आवधिक योजनासम्म आइपुग्दा पनि मानव ओसारपसार तथा बेचबिखनलाई अन्त गर्ने कार्ययोजना स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ। विश्वव्यापी रूपमा रहेको मानव ओसारपसार तथा बेचबिखन र आधुनिक दासताको समस्यालाई समाधान गर्न दिगो विकास लक्ष्य अन्तरगत पनि लक्ष्य र सूचकहरू व्यवस्था गरिएको छ । यसै अनुरुप दिगो विकास लक्ष्य ८.७ (मानव बेचबिखन, बालश्रम र बाध्यकारी श्रमको अन्त्य गर्ने) को कार्यान्वयनमा जोड दिन तयार भएको विश्व मञ्च एलायन्स ८.७ को सदस्य तथा पथ प्रदर्शक राष्ट्रको रूपमा नेपाल रहेको छ ।

आन्तरिक रूपमा कार्य विभाजनका दृष्टिले मानव ओसारपसार तथा बेचबिखनको मुख्य जिम्मेवार मन्त्रालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ । साथसाथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालय पनि यस कार्यमा विभिन्न ढङ्गले जोडिने गरेको पाइन्छ ।

विशेषगरी, कूटनीतिक नियोगमा रहेका अट्याचीहरू मार्फत नागरिक सुरक्षा र वैदेशिक रोजगारीको व्यवस्थापन गर्ने गरेको पाइन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रकाशित वैदेशिक रोजगारीसम्बन्धी प्रतिवेदन (२०२२) अनुसार हालसम्म नेपालले १० वटा गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । ५ हजारभन्दा बढी कामदार रहेको वा १ हजारभन्दा बढी महिला कामदार रहेको गन्तव्य मुलुकमा श्रम कुटिनीतिज्ञ वा अट्याचीको नियुक्ति गर्ने कानुनी व्यवस्था गरेको भए पनि बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबीया, जेद्दा र संयुक्त अरब एमिरेट्स गरी ७ वटा गन्तव्यमा लेबर एटेची र दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरेबीया, रियाद र मलेसिया गरी ५ वटा गन्तव्यमा लेबर कन्सुलरको नियुक्ती गरिएको छ ।

नेपाली नागरिकहरू आज १५० भन्दा बढी मुलुकहरूमा पुगिसकेका छन् । जुनसुकै नाममा गएको भए पनि ती नेपालीहरूले आफ्नो गन्तव्यमा राज्यको संरक्षण र सुरक्षा तथा सहजीकरणको अपेक्षा गरिरहेका हुन्छन् । यद्यपि देशको आर्थिक तथा प्रशासनिक क्षमताका कारण सिमित मुलुकमा मात्र कार्यालय स्थापना गरेर वा अधिकारीको नियुक्ति गरेर नेपाली नागरिकको संरक्षण गरे पनि अन्य मुलुकहरूमा वैकल्पिक उपायहरूको खोजी र परिचालन गर्न जरुरी छ, जुन अहिले अभाव देखिन्छ ।

नेपालको परराष्ट्र नीतिले विदेशमा नेपालीको हक हितको संरक्षण गर्ने, वैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित बनाउने तथा समस्यामा परेका नेपालीलाई सहायता

उपलब्ध गराउने र सीमापार संगठित अपराधविरुद्ध सहकार्य गर्ने नीति लिएको भए पनि विद्यमान कूटनीतिक अभ्यासहरू त्यसअनुरुप पर्याप्त रूपमा हुन सकेको छैन र सरोकारवालाहरूले पनि यस विषयमा प्रभावकारी र पर्याप्त आवाज उठाएको पाइँदैन ।

**५. अबको बाटो के हो ?**

मानव ओसारपसार तथा बेचबिखन विरुद्धको कूटनीतिक पहलकदमी भन्नाले मुख्यतया निम्न कार्यहरू पर्दछन् :

पहिलो, विदेशमा रहेका नागरिकहरूको अनुगमन र संरक्षण । मानव ओसारपसार तथा बेचबिखनको घटना सुरुवातमा पीडितहरूलाई विभिन्न अवसरहरूको आशामा लोभ्याएको कारण उनीहरू आफु मानव तस्करको जालोमा परेको अनुमान गर्न सक्दैनन् र मुलतः तस्करहरूकै पक्षमा र सहयोगमा रहन्छन् वा अझ भनौं सुरक्षित वैदेशिक यात्रा गरिरहेको व्यक्ति कुनै कारणवश वा परिस्थितिबाट मानव तस्करहरूको जालामा पनि पर्न सक्छ । यस अवस्थामा विदेशमा रहेका कूटनीतिक नियोगको मुख्य भूमिका भनेको आफ्ना नागरिक जुनसुकै कारणबाट जोखिममा परेको भए पनि उनीहरूको पहिचान र संरक्षण गर्नु हो । तर, नेपाली कूटनीतिक नियोग अत्यन्तै औपचारिक प्रक्रिया र शर्तमा अल्झिएका कारण उपयुक्त दस्तावेज नभएका, श्रम स्वीकृति नभएका वा नेपाल बाहेक अन्य देशको विमानस्थल प्रयोग गरेका नागरिकहरूलाई समयमै आवश्यक सहायता प्रदान गर्न सकिरहेका छैनन् । नीतिगत र कानुनी जटिलताहरूका कारण कूटनीतिक नियोगमा खटिएका अधिकारीहरू नागरिक सुरक्षाका लागि आफ्नो पदीय जोखिम लिन सकिरहेका छैनन् । यसका लागि परराष्ट्र मन्त्रालयले आवश्यक नीतिगत सहजीकरण, समयमा नै अनुमति र स्वीकृति दिने तथा सम्बन्धीत अधिकारीहरूलाई संवेदनशिलता र राज्य प्रतिनिधिको भूमिकाप्रति जागरुक बनाउने कार्य सञ्चालन गर्न जरुरी छ ।

दोस्रो, द्विपक्षीय तथा बहुपक्षीय सहकार्यको पहल । सीमापार नागरिकको संरक्षण तथा व्यवस्थापनका सन्दर्भमा कूटनीतिक नियोगका सीमितताहरू रहेका हुन्छन् । तसर्थ कूटनीतिक नियोगका पदाधिकारीहरूले सम्बन्धीत मुलुकका अधिकारीहरूसँगको सहकार्य र समन्वयलाई प्राथमिकताका साथ अघि बढाउन जरुरी हुन्छ । सम्बन्धीत निकायका प्रतिनिधिहरूसँगको औपचारिक तथा अनौपचारिक सम्पर्क विस्तार र नेपालीहरूका समस्याका विषयलाई तदारुकताका साथ सम्बोधन गर्न सहजीकरण गर्न सक्ने सक्षम निकाय र व्यक्तिहरू बिच नियमित समन्वयलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न कूटनीतिक नियोगका पदाधिकारी तथा नियोग व्यवस्थापनलाई पर्याप्त लचकता र स्रोत साधन उपलब्ध गराइनु जरुरी छ ।

तेस्रो, क्षतीपूर्तिको दाबी तथा विश्व समुदायको ध्यानाकर्षण । मानव ओसारपसार तथा बेचबिखन सीमापार अपराधको रूपमा रहिरहेको सन्दर्भमा, मानव ओसारपसार तथा बेचबिखनका प्रभावितहरूको प्रयोगबाट गन्तव्य मुलुकले आर्जन गरेको हुन्छ । यस अर्थमा पीडितको पक्षमा क्षतिपूर्तीको दाबी जरुरी छ । साथै, मानव बेचबिखन तथा ओसारपसार केवल स्रोत मुलुकमा रहेका समस्याका कारणहरू मात्र नभई विश्व बजार व्यवस्था, राजनीतिक सम्बन्ध र युद्ध तथा त्यसबाट उब्जिएका प्रभावहरू, विश्व सैनिकिरण, जलवायु परिवर्तनका कारणहरू भइरहेका छन् । यस्ता संगीन मुद्दाहरूमा साझा धारणा बनाउने, सहकार्य गर्ने, संगठित रूपमा विश्वमञ्चमा प्रस्ताव अघी बढाउन नेपाली कूटनीतिक नियोगका अधिकारीहरूलाई सक्षम बनाइनु पर्दछ ।

माथि उल्लेखित कार्यहरू गर्न नेपाल सरकारको सिमित स्रोत साधनबाट सम्भव नहुन सक्छ । वा कतिपय अवस्थामा दोस्रो ट्र्याकको कूटनीतिको आवश्यकता पर्न सक्दछ । तसर्थ नागरिक संस्था, सामाजिक अभियन्ताहरूले मानव बेचबिखन तथा ओसारपसारका सवालमा केवल महिला मन्त्रालय र श्रम मन्त्रालयको क्षेत्रमा मात्र पैरवी नगरी परराष्ट्र मन्त्रालय, परराष्ट्र अध्ययन केन्द्र, कूटनीतिक नियोग, डायस्पोराहरूसँगको सहकार्यलाई पनि उपयुक्त ढङ्गले अघी बढाउन जरुरी छ ।

**सन्दर्भ स्रोतहरू:**


नेपालको संविधान, २०७२

परराष्ट्र नीति, २०७७, नेपाल सरकार

नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

CTDC Global Data Set, Counter Trafficking Data Collaborative (CTDC), 2023

UNODC, Global Report on Trafficking in Persons 2022 (United Nations Publication, Sales No.: E.23.IV.1)


*(लेखक सामाजिक राजनीतिक अभियन्ता हुन् ।)*

# बालबालिका एवं किशोरकिशोरीहरूको बेचबिखन तथा अवैध ओसारपसार



✍ विजय पौडेल

इतिहासको अध्ययन गर्दै जाँदा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी एकातर्फ दासदासी प्रथाको अवशेषका रूपमा र अर्कातर्फ राजा, महाराजा वा सामन्तहरूकहाँ स्याहारसुसारको काम गर्न गाउँगाउँदेखि आएकाहरूमाथि हुने श्रमशोषण र यौनशोषणको आधुनिक रूप नै हो। यही कारण मानव बेचबिखन तथा तस्करीलाई आधुनिक समयको दासता (modern day slavery) भनिन्छ । यसैगरी इतिहासदेखि नै कामको खोजीमा भारत जाने, भोट जाने वा लाहुरे बन्न जाने परम्परा वा बाध्यताको निरन्तरता नै अहिलेको वैदेशिक रोजगारी हो। तर अहिले परम्परागत कारणहरू सँगसँगै नयाँ नयाँ उद्देश्यहरूका लागि पनि मानव बेचबिखन तथा ओसार पसार र मानव तस्करी बढेको छ । यसको पछिल्लो उदाहरण कलिला बालबालिका र किशोरकिशोरीहरूको छाला वयस्क व्यक्तिका मेकअपका लागि चाउरी परेको छालामा प्रत्यारोपण गर्न उनीहरूको गैरकानुनी ओसार पसार र बेचबिखन हुनु हो । मानव बेचबिखन तथा ओसारपसारको मूल उद्देश्य यौनशोषण तथा श्रमशोषण नै हुने गरेको अहिलेसम्मका अध्ययनहरूले देखाएका छन् । सुरुसुरुका दिनहरूमा यौनशोषण र श्रमशोषणका लागि सजिलै लगिन्थ्यो भने पछिल्लो समयमा वैदेशिक रोजगारी र उच्च शिक्षाका आडमा वैधानिक वा अवैधानिक काजगपत्र बनाएर लैजाने गरिएको छ ।

देशमा रोजगारीको अभाव हुनु र राज्यले सरकारी नीतिअन्तरगत नै लाहुरे बनाएर होस् वा श्रमिक बनाएर विदेश पठाउने नीति लिएपछि काम गर्न सक्ने वयस्क उमेरका व्यक्तिहरू रोजगारीका लागि विदेश जानु कुनै नौलो विषय भएन । तर आफ्ना नागरिकलाई विदेश काम गर्न पठाउने र उनीहरूले पठाएको विप्रेषणबाट अर्थतन्त्र धान्ने सरकारले उनीहरूमाथि भइरहेको श्रमशोषण र यौनशोषणलाई कत्तिको गम्भिरतापूर्वक लिएको छ ? यो मुख्य सवाल हो । राजनीतिक दल र निर्वाचन मार्फत उनीहरूबाट बन्ने सरकारका घोषणापत्र र भाषणहरू हेर्ने हो भने उनीहरू यो सवालमा निकै गम्भिर देखिन्छन् । तर अध्ययनले देखाउँछ, व्यवहारमा भने अवस्था ठीक विपरित छ । राज्य गम्भिर नभइदिँदा यौनशोषण, श्रमशोषणका लागि, मानव अङ्ग तथा मानव बेचबिखनका लागि, मानव तस्करीका लागि दलालहरू सक्रिय छन् र उनीहरू निकै हदसम्म सफल पनि भइरहेका छन् । यसभित्र पनि सबैभन्दा गम्भिर र डरलाग्दो तथ्याङ्क के छ भने, मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीको चपेटामा सबैभन्दा बढी १७ वर्षभन्दा कम उमेर समूहका कलिला बालबालिका र किशोरकिशोरीहरू परिरहेका छन् ।

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन)ले हालै सार्वजनिक गरेको मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीसँग सम्बन्धीत सञ्चार माध्यममा प्रकाशित समाचार तथा समाचारमूलक सामग्रीहरूको पाँच वर्षे (२०७४-०७८) तुलनात्मक अध्ययन प्रतिवेदनका अनुसार, अध्ययनको पाँचै वर्षमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा उमेर समूहका हिसाबले सबैभन्दा बढी बालबालिका परेका छन् । प्रतिवेदनमा विस्तृत विवरण निकाल्नका लागि 'प्रभावितको उमेर' सूचक बनाएर त्यसलाई विभिन्न उमेर समूहको उपसूचक बनाइएको छ । जस अन्तरगत १७ वर्ष भन्दा कम उमेर समूह, १८ वर्ष देखि २९ वर्ष उमेर समूह, ३० देखि ४९ वर्ष उमेर समूह र ५० वर्षभन्दा माथि उमेर समूहमा तथ्य तथ्याङ्कलाई विविधीकरण गरी अध्ययन गरिएको छ । प्रतिवेदनअनुसार, "२०७४ सालमा यो उपसूचक अन्तरगत प्राप्त ६६ जनाको नमूनामा १७ वर्षभन्दा कम उमेर समूहका अर्थात् बालबालिका एवं किशोरकिशोरी ३५ प्रतिशत थिए । यसैगरी २०७५ सालमा १ सय ८१ जनाको नमूनामा ५० प्रतिशत, २०७६ सालमा प्रकाशित समाचारमा उमेर खुलेका प्रभावितहरू ९ सय ७९ जना मध्ये सबैभन्दा धेरै ५२ प्रतिशत बालबालिका

र किशोरकिशोरी थिए । २०७७ सालको कोभिड-१९ पछिको अवस्था (मंसिर १६ देखि चैत मसान्तसम्म) मा प्राप्त २७ वटा नमूनामा ५२ प्रतिशत यसै उपसूचक अन्तरगत परेका थिए भने २०७८ सालमा प्राप्त ७४ वटा नमूनामा ६० प्रतिशत १७ वर्षभन्दा कमका बालबालिका तथा किशोरकिशोरी थिए ।"

प्रतिवेदनले प्रस्तुत गरेको पाँच वर्षको तुलनात्मक विश्लेषणमा बिचको वर्ष अर्थात २०७७ सालको वैशाखदेखि मंसिर १५ गतेसम्मको समयमा कोभिड-१९ महामारी र लकडाउन सहितको प्रतिकुल अवस्था रहेकाले प्रत्येक व्यक्ति घर भित्रै बस्न बाध्य भएका थिए । तर घरभित्रै बस्नुपर्दा पनि यो समयमा समेत १७ वर्ष भन्दा कम उमेरका बालबालिका र किशोरकिशोरीनै बढी हिंसामा परेका थिए । प्रतिवेदनका अनुसार, "नमूनाका रूपमा आएका ३ सय ९० जनामध्ये सबैभन्दा बढी २ सय ६५ जना बालबालिका र किशोरकिशोरी परेका थिए, जुन ६७ प्रतिशतभन्दा बढी हुन आउँछ ।"

यो तथ्याङ्कले के देखाउँछ भने १७ वर्षभन्दा कम उमेर समूह अर्थात् बालबालिका र किशोरकिशोरीहरू नै बढी मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीमा परिरहेका छन्। यो एकदमै भयावह तस्वीर हो। युवायुवती र वयस्क व्यक्ति पर्नुमा उनीहरू कामको खोजीमा बाहिर निस्कने र यौनशोषण तथा श्रमशोषणमा पर्ने कारण पनि मान्न सकिन्छ । महिलालाई सुरुमा कामका लागि लगेपनि गएपछि निकृष्ट काममा लगाउने, श्रमशोषण गर्ने अनि यौनशोषणसमेत गर्ने गरेको अध्ययनहरूले बताउँछ । तर बालबालिका र किशोरकिशोरी किन परिरहेका छन् ? के उनीहरू पनि कामको खोजीमा बाहिर निस्किरहेका छन् वा यिनीहरूको माग श्रमशोषण र यौनशोषणका लागि बजारमा धेरै छ ? यसमा विस्तृत अध्ययन हुनु आवश्यक छ । प्रतिवेदनको पाँच वर्षको तुलनात्मक तथ्याङ्कले पनि के देखाउँछ भने पछिल्लो समयमा बालबालिका र किशोरकिशोरी बढी सङ्कटमा छन् र उनीहरूको ओसारपसार तथा बेचबिखन र तस्करी लगातार बढ्दै गएको छ ।

उमेर समूहका हिसाबले १७ वर्षभन्दा कम उमेरका बालबालिका र किशोरकिशोरी जोखिममा रहेको तथ्यलाई पुष्टि गर्ने घेरै घटनाहरू प्रतिवेदनमा समेटिएका छन् । प्रतिवेदनले औंल्याएका समाचारहरूमा बाल मन्दिरबाटै बालबालिका बेचबिखन हुने, बालसुधार गृहका नाममा बेचबिखन र तस्करी हुने, यौनशोषण, श्रमशोषणका लागि बालबालिका किनबेच हुने, नक्कली आमा बनेर बालबालिका किनबेच गर्ने, धर्म सन्तान अर्थात् धर्मपुत्र/पुत्रीका नाममा बालबालिका तस्करी हुने, अवैध बालगृह खोलेर किनबेच, तस्करी र यौनशोषण र श्रमशोषण गर्ने घटनाहरू देखिएका छन् ।

बालबालिकाको संरक्षण गर्ने तथा जिम्मेवारी लिने सरकारी एवं निजी बालसुधार गृह, बालमन्दिर तथा यसका पदाधिकारीहरू नै बेचबिखन तथा ओसारपसार र तस्करीमा संलग्न भएको अध्ययन प्रतिवेदनले औंल्याएको छ । २०७४ सालको, "सहाराका नाममा बाल व्यापार" २०७६ सालको अति नै चर्चित समाचार मध्ये एक, नेपालका बालबालिकालाई नक्कली आमा बनेर किन्ने अनि विदेश लैजाने गरेको समाचार यसका उदाहरण हुन् । सबैभन्दा बिडम्बना त के छ भने यस्तो कार्यमा नेपाल बाल संगठनका पदाधिकारी नै सामेल भएका थिए । "अनि नाम राखियो किम छानोराङ" शीर्षकको समाचारअनुसार, दक्षिण कोरियाली युवती किम नाराले पोखराका मगर दम्पतिसँग उनीहरूको ५ महिनाको छोरा लिएर आफैले नेपालमा जन्माएको कागजपत्र बनाएर किम छानोराङ नाम राखी पासपोर्टसमेत बनाई भिसा लिन जाँदा अध्यागमनले पक्राउ गरेको थियो । यस्तै खालको अर्को समाचार थियो, "नक्कली आमा बन्ने प्रयास विफल", अर्काको सन्तानलाई आफूले जन्माएको कागजपत्र बनाएर बेलायत लैजाने प्रयास गर्ने महिला डोना स्मिथ पक्राउ परेको कुरा यसमा उल्लेख थियो । समाचारअनुसार उनीहरूले नगरपालिकालाई समेत भुक्याएर वा मिलाएर जन्मदर्ता बनाइसकेका थिए । यसैगरी नगरपालिकाको जन्मदर्ता कै आधारमा दूतावासले हचुवामा पासपोर्ट बनाइदिएको थियो । तर बालमन्दिरका पदाधिकारीको मिलेमतो तथा नगरपालिका एवं दूतावासलाई समेत छल्न सफल उनले अध्यागमनको आँखा छल्न भने सकिनन् । उनलाई एयरपोर्टको अध्यागमनले शङ्का लागि पक्राउ गरेर छानविन गर्दा यी कुरा बाहिर आएका थिए । यही घटनासँग सम्बन्धीत अर्को समाचार थियो, "बालिका बेचबिखन आरोपमा बालमन्दिरकै निर्देशक पक्राउ" । समाचारअनुसार, अर्काको सन्तानलाई आफ्नो बनाएर बेलायत लैजान खोज्ने डोना स्मिथलाई पैसा लिएर बाल

मन्दिरका निर्देशकले बच्चा उपलब्ध गराएका थिए । "संरक्षणकर्ता नै तस्करीमा" भन्ने समाचारमा पनि यही विषय उल्लेख थियो ।

नक्कली आमा बनेर बच्चा किनेर लैजाने घटनासँगै २०७६ सालमा धर्म सन्तान बनाएर लैजाने तर उनीहरूलाई दुर्व्यवहार गर्ने समाचार प्रतिवेदनमा समेटिएको छ । धर्म सन्तान बनाएर पठाउन गिरोह नै सक्रिय हुने तथा धर्म सन्तानका नाममा बच्चा किनबेच हुनेगरेको पनि समाचारमा उल्लेख थियो । "धर्म सन्तानको अवैध धन्दा" शीर्षकको समाचारअनुसार धर्म सन्तानका नाममा भएका तस्करी धन्दा नियन्त्रण गर्न सरकारले कडा प्रावधान ल्याएपछि अवैध ढङ्गले बालबालिका विदेश पुऱ्याउने श्रृङ्खला झन् बढेको थियो । धर्म सन्तानका नाममा बालबालिका बेचबिखन तथा ओसारपसार बढेपछि संसदीय समितिले समेत धर्म सन्तानका नाममा बालबालिका बेचबिखन गर्न नदेऊ भनेर सरकारका नाममा निर्देशन दिएको थियो । यस्तै, अर्को समाचारमा नेपाल सरकारको नीतिलाई लिएर प्रश्न उठाइएको थियो । सरकारले दस्तुर लिएर नेपाली बालबालिकालाई विदेशमा पठाउने हो भने त्यसको जिम्मेवारी पनि लिनुपर्ने, नभए बेचबिखन गरेको ठहरिने समाचारमा उल्लेख छ । समाचारको शीर्षक नै थियो, "आठआठ हजार डलर लिएर बालबालिका विदेश पठाउने कारोबारमा सरकार ।"

प्रतिवेदनका अनुसार, अध्ययनका पाँच वर्षमा बालगृहहरूमा सरकारले छापा मारेका समाचार धेरै आएका छन् । बालगृहहरूले विभिन्न ठाउँबाट बालबालिकाहरू पढाइदिने नाममा उठाएर ल्याउने र साह्रै निकृष्ट अवस्थामा शोषण गरेर राख्ने आशङ्कामा छापा मारिएका थिए । यसैगरी बालगृहहरूले श्रमशोषण तथा यौनशोषण गरेको पनि कतिपय समचारमा उल्लेख थियो भने बेचबिखन तथा ओसारपसारको आरोप समेत बालगृहहरूलाई लागेको थियो । त्यस्ता बालगृहका सञ्चालकलाई पक्राउ गरी सरकारले मुद्दा समेत चलाइरहेको छ ।

"अवैध बालगृहबाट आठ बालबालिकाको उद्धार" शीर्षकको समाचारअनुसार, अवैध रूपमा सञ्चालन गरिएको बालगृहबाट कालिकोटका आठजना बालबालिकाको उद्धार गरिएको थियो । अर्को समाचार थियो, "पढाउने भन्दै बालबालिका बेपत्ता पारिँदै" । यस्तै, "पढाइदिने प्रलोभन देखाउँदै असुली" भन्ने समाचारमा, काठमाण्डौंमा रहेका केही बालगृहले राम्रो शिक्षा दिलाउने भन्दै गाउँगाउँबाट बालबालिका बटुल्छन्, अभिभावकबाट पैसा उठाउँछन् र तीनै बालबालिका देखाएर संघ संस्थाबाट रकम जुटाउँछन् भन्ने उल्लेख छ । २०७६ को अर्को निकै चर्चित समाचार थियो, ऐश्वर्य बालगृहको, "बालगृहका नाममा ठगी धन्दा" शीर्षकको समाचारमा ऐश्वर्य बालगृह लगायतका बालगृह सञ्चालकले प्रलोभन देखाई अभिभावकसँग रकम असुल्ने तर बालबालिकालाई उचित वातावरण नदिने उल्लेख थियो । "बढ्यो बालिका तस्करी", "कहाँ हराउँछन् बालबालिका", "कहाँ पुऱ्याउँछन् दिनहुँ १० बालबालिका" जस्ता समाचारले पनि मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करी बालबालिकामा बढी केन्द्रित भएको हो कि भन्ने देखाएको प्रतिवेदनले उल्लेख गरेको छ ।

अवैध बालगृह सञ्चालन र गैरकानुनी तरिकाले बालबालिकाको ओसारपसारका घटना कोभिड-१९ महामारीको समयमा पनि जारी रहेको थियो । "धर्म सन्तानका नाममा ९ सय ४८ बालबालिका बेचिए", असहाय बालबालिकालाई संरक्षण दिन सञ्चालित नेपाल बाल संगठनका अधिकारीहरू नै बालबालिका बेचबिखनमा लागेको समाचार हो यो । "धर्मपुत्र/पुत्रीका नाममा तीन दशकयता ९ सय ४८ बालबालिका विदेश पठाइए पनि सरकारी तथ्याङ्कमा जम्मा ७२ जनाको मात्र अभिलेख राखिएको पनि समाचारमा उल्लेख छ ।"

बालबालिका बेचबिखन तथा ओसारपसारका यस्ता घटनामा सबैमा बाह्य दलालहरू मात्र संलग्न छैनन् । कतिपय अवस्थामा आमाबाबु वा आफन्तहरू नै संलग्न भएका हुन्छन् । जन्मदिने आमाबाबु वा विश्वास गरिएका र सुरक्षित मानिएका घरभित्रका आफन्तहरू नै बालबालिका बेचबिखन र ओसारपसारमा संलग्न हुने घटनालाई प्रतिवेदनले चुनौतिका रूपमा औंल्याएको छ । यिनैमध्ये "श्रममा बालबालिकालाई बाबुआमा नै पुऱ्याउँछन्" भन्ने शीर्षकको समाचारले भन्छ, पारिवारिक खर्च टार्न नसकेपछि दाङ घोराहीका अधिकांश मानिस मजदुरीका लागि भक्तपुरका इँटाभट्टामा बर्सेनी बालबच्चा बोकेरै पुग्ने गरेका छन् । "मदिराका लागि २५ हजारमा छोरा बेच्ने बाबु पक्राउ" शीर्षकको समाचारअनुसार, भारतका एक बाबुले रक्सी, मोबाइल र कपडाका लागि

आफ्नै छोरालाई बेचेका थिए। “नेपाली बालकलाई कसले ओसार्दै छ भारतीय गुम्बामा” शीर्षको समाचारअनुसार २०७२ सालको भुकम्पपछि भारतका गुम्बामा पढ्न लैजाने भन्दै बालबालिका ओसार्ने क्रम बढेको र १६ बालकलाई लैजाने ७ जना पक्राउ परेको तथा यो घटनामा स्थानीय तहका जनप्रतिनिधि पनि संलग्न भएको समाचारमा उल्लेख छ । यसैगरी, २०७५ सालको “उद्धार गरिएका १२ चेली फेरि बेपत्ता”, “बालबालिका हराउने क्रम रोकिएन” जस्ता शीर्षका समाचारले मानव बेचबिखन तथा ओसारपसारभित्रको चुनौतीका आयामहरूलाई बाहिर ल्याएको छ । यसका साथसाथै अध्ययनका पाँच वर्षमा बालबालिका वेपत्ता भएका, बन्धक बनाइएका, भ्रुण नै तस्करी गरिएका, धर्मका नाममा तस्करी गरिएका, नरबलीका लागि ओसारपसार गरिएका, अपहरण गरिएका धेरै घटनाहरू प्रतिवेदनमा समेटिएका छन् । यसैगरी प्रतिवेदनले बालबालिकाका र किशोरकिशोरीहरूको देशभित्रै डान्स बार, रेष्टुरेन्ट, गेष्ट हाउस र होटलहरूमा श्रमशोषण तथा यौनशोषणका लागि बेचबिखन तथा अवैध ओसारपसार हुने तथ्य पनि उजागर गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसारबाट संकटासन्न अवस्थामा रहेका महिला र बालबालिका सबैभन्दा बढी प्रभावित छन् । यसलाई अध्ययन र यसबाट प्राप्त तथ्य तथ्याङ्कहरूले पनि पटक पटक पुष्टि गरिसकेका छन् । नेपाल सरकारले पार्लेमो प्रोटोकलअनुसार ऐन कानुनमा संशोधन गर्न सकेको छैन । मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति र ढाँचा कार्यान्वयनमा ल्याउन ढिलाई भइरहेको छ। तर पनि हाल कार्यान्वयनमा रहेका मानव बेचबिखन तथा ओसारपसार विरुद्धका ऐन, नियम, नीति, रणनीति, योजना तथा निर्देशिका बमोजिम बालबालिका तथा किशोरकिशोरीको बेचबिखन तथा गैरकानुनी ओसारपासार रोकथाम, संरक्षण र न्याय प्राप्तिका लागि सहकार्य गर्नु आवश्यक छ ।

बालबालिकाको अवैध ओसारपसार र किनबेच तथा श्रमशोषण, यौनशोषण रोक्नलाई नेपाल सरकारले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग मिलेर काम गरिरहेको छ । सरकारको यो प्रयासमा नागरिक समाज संस्था र यसका सञ्जालहरूले पनि हातेमालो गरिरहेको छन् । तर पनि अध्ययनहरूले के देखाइरहेको छ भने, बालबालिका र किशोरकिशोरीहरूको बेचबिखन र अवैध ओसारपसार तथा तस्करी लगातार बढिरहेको छ। देशका कि यी भावी पुस्ताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संस्थाहरूले एकअर्कालाई सहयोग गर्दै, यसविरुद्ध सामुहिक रूपमा आवाज बुलन्द गर्न, प्रभावितलाई सहयोग गर्न, दोषीलाई दण्डित गर्न र प्रभावितलाई क्षतिपूर्ति, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्एकिकरण सहितको न्याय प्रदान गर्न आवश्यक छ ।

*लेखक पाँचवर्षे (२०७४-०७८) तुलनात्मक अध्ययन प्रतिवेदनका तथ्याङ्क विश्लेषक एवं लेखक हुन् ।*

*वरिष्ठ सञ्चारकर्मी*

**बधाई ज्ञापन**

**एटविनका सदस्य संस्था महिला आत्मनिर्भर केन्द्र (मांक), सिन्धुपाल्चोकलाई मानव बेचबिखन तथा ओसारपसार रोकथाम र नियन्त्रणको क्षेत्रमा सचेतना, पीडित/प्रभावितहरूलाई उद्धार, पुनर्स्थापना र व्यवस्थापनमा पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्वारा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको सत्रौं राष्ट्रिय दिवस-२०८० को अवसरमा सम्मानित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।**



**तारा भण्डारी**
अध्यक्ष तथा एटविन परिवार

# बालश्रम किन उन्मूलन हुन सकेन ?



✍ *कृष्णप्रसाद सुवेदी*

म एक बालक । मेरी दिदी एक बालिका । जब हामी एक गाँस जाउलोका लागि तड्पिएका थियौं, भोकै थियौं, तिमीले खाद्यान्न अधिकारको भाषण गर्‍यौ । जब विद्यालयमा शुल्क तिर्न नसकेर म र मेरी दिदी निकालियौं । तिमीले बालबालिकाको शिक्षाको अधिकारको बारेमा तारे होटलमा गोष्ठी गर्‍यौ । जब हामी बिरामी भयौं र जीवनजल नपाएर छट्पटिएका थियौं, तिमीले हाम्रो स्वास्थ्य अधिकारको सम्बन्धमा सेमिनार चलायौ । जब हामीलाई बचाउन बाबासँग कुनै विकल्प रहेन र अरब भूमिमा भाँसिनु भयो, तिमीले स्वदेशमा रोजगार पाउनु पर्दछ भनेर भाषण गर्‍यौ । जब मेरो बाबा अत्यधिक श्रमका कारण अरबमा बित्नु भयो, आमाले दुःख सहन नसकेर आत्महत्या गर्नुभयो । तिमीले म र मेरी दिदीको हेरचाहको प्रत्याभूतिका लागि प्रशिक्षण चलायौ । जब हाम्रो झुपडीमा साहु लागे र म र मेरी दिदी निकालियौं । तिमीले हाम्रो बासको व्यवस्था गर भन्दै जुलुस निकाल्यौ ।

जब मसँग बाँच्नको लागि कुनै विकल्प भएन र म सडकमा आउन बाध्य भएँ । मेरी दिदी घरेलु बालश्रमिक हुन बाध्य भइन्, तिमीले बालबालिकालाई श्रममा लगाउनु अपराध हो भन्दै छलफल चलायौ । जब म कुलतमा फसें र दुर्व्यसनी भएँ, तिमीले मलाई मनोपरामर्श गर्‍यौ । मेरी दिदीलाई साहुले गरेको यौनशोषण विरुद्धमा तिमीले आत्मसम्मानको जीवन बाँच्न पाउनु पर्दछ भन्दै जनवकालत गर्‍यौ । हो, म र मेरी दिदीको बालापन बचाउन तिमीले धेरै प्रयत्न गर्‍यौ । मेरी दिदी अहिले भारतको कोठीमा नारकीय जीवन बाँच्न विवस छिन् । म मर्नु र बाँच्नुको दोसाँधमा छु । अहिले म सोह्र वर्षको भएँ । मेरो अवस्था झन्झनै बिग्रदै गयो । म एच.आई.भी.ले ग्रसित भएको छु र अहिले शास्वत तर असामयिक मृत्युको पर्खाइमा छु ।

गलत कहाँ भयो ? कोबाट भयो ? यसको जिम्मेवार को-को हुन् ? किन बालबालिकाको बालअधिकारको रक्षा हुन सकेन ? गम्भीर समीक्षा गर्न ढिला भएन र ?

जुन देशमा बालबालिकाको वर्तमान उज्ज्वल छैन भने त्यो देशको भविष्य समृद्ध हुन सक्दैन । मुलुकको स्वर्णिम भविष्य बालबालिकामा निहित हुन्छ । विश्वका सबै देश समुन्नत बन्न चाहन्छन् । समुन्नत देशमा बालबालिका श्रममा होइन विद्यालयमा जानु पर्दछ । तर बालश्रमिक विश्वमा अझै किन समस्याको रूपमा रहेको छ, किन बालबालिका बेचबिखनमा पर्न विवस छन् ? विशेषतः दक्षिण एसिया र अफ्रिकामा यो समस्या झनै गम्भीर छ । नेपाल पनि यस समस्यामा किन जकडिएको छ ? बालश्रममुक्त नगर र गाउँ बनाउन स्थानीयदेखि संघीय सरकार तथा स्थानीयदेखि विदेशी गैरसरकारी संस्था, संयुक्त राष्ट्रसंघ वा नागरिक समाज सबै क्रियाशील छन्, तर बालश्रम किन उन्मूलन हुन सकेको छैन ? समस्याको जड के हो त ?

**बालश्रमको कारण ?**

गरिबीको कारण बालबालिका बालश्रमिक हुन्छन् ? के बालश्रमले गरिबी ल्याउँदछ ? बालश्रमका कारणहरूमध्ये गरिबी एउटा प्रमुख कारण हो । यसको अर्थ अन्य कारण छैनन् भन्ने होइन । एउटा बालक जब ईंटा उद्योगमा मौसमी काम गरेर गाउँमा घर फर्कन्छन्, गाउँका बालसखाहरू उसँग झुमिन्छन् । हातमा मोबाइल फोन खेलाउँदै गरेको देख्दछन् । सहरको रमझम ट्वाल्ल परेर सुन्दछन् । शहरको आकर्षणले मोहित हुन्छन् । विद्यालय करले गएका हुन्छन् । अधिकांश विद्यालय बालमैत्री छैनन् र सहरमा काम गर्न जान उत्साहित हुन्छन् । घरमा आमाबुबालाई विद्यालय जान्न, बरु सहरमा काम गर्न जाने भन्दछन् । आमाबाबुको विवशता या अज्ञानताका कारण जान त जा काम गर्न भन्दछन् । कुनै आमाबाले कसैको साथ लगाएर काम गर्न सहर पनि पठाउँछन् ।

कोही त भागेर सहरमा आइपुग्दछन् । बोकेको पैसा बाटोमै सिद्धिएको हुन्छ । भोक-भोकै, प्यासै, टिठ लाग्दो भएर, पसलमा सजाएर राखेको खानेकुरा हेर्दै टोलाउँछ। पसलेले देख्छ। ओहो ! के हेरेको भन्छ। लु भाँडा माझ तँलाई पेटभरि भात दिउँला भन्छ, साहुले । बालकले हुन्छ भन्दै भाँडा मोल्न बाध्य हुन्छ । अनि उसको नयाँ दिनचर्या सुरु हुन्छ। एक-दुई दिन हुँदै महिना बित्दछ। भाँडा मोल्दै गर्दा माइक्रो बस हानिएर उसैको अगाडि रोकिएको देख्दछ । यात्रु चढाउने तथा ओराल्ने काम उ जत्रै बालकले हातको औंलामा नोट च्याप्दै गरेको देख्दछ । ओ अंकल, अलिक भित्र-भित्र सर्नु त भन्दै यात्रुहरूलाई सानले धकेल्दै गरेको देख्दछ । खुर्र कुद्दै चुरोट किन्दछ । एउटा चुरोट चालकलाई दिँदै एउटा आफूले सल्काएको देख्दछ । ल ल गुरुजी जाँउ भनेको सुन्दछ। गाडी सरर कुदेको देख्दछ। यसरी भाँडा मोल्दै बस्नुभन्दा बरु गाडीमा खलाँसी हुने सोंच्दछ। कुनै दिन अर्को माइक्रोको खलाँसी हातभरि पैसा बोकेर होटेलमा खाना खान आइपुग्दछ । चिनजान सम्पर्क हुन्छ । होटेलका काम छोडेर खलासी बन्न पुग्दछ । चुरोट सेवन गर्दागर्दै, पानपरागको राग बढ्दै जान्छ र हुँदाहुँदै डेन्ड्राइड सुँघ्ने अनि भित्तीको पुच्छर खाँदै दुर्व्यसनी हुन पुग्दछ । कुलतकै कारण खलाँसी छोडेर बालक 'सडक बालक' बन्दछ ।

बालबालिकालाई श्रममा लगाउने साहुको मुख्य उद्देश्य भनेको बालकको श्रमशोषण गर्नु हो। थोरै ज्याला दिएर फाइदा बढी लिनु हो। बालबालिकालाई श्रममा कज्याउन सजिलो हुन्छ। वयस्कले जस्तो प्रतिरोध गर्न सक्दैनन्। किन बालकलाई श्रममा लगाएको भनेर सोधेमा साहुका आदर्शका पर्रा छुट्दछन् । घरेलु बालश्रमिक भएका घरकी साहुनीलाई सोध्ने हो भने उनी जति परोपकारी सायद उक्त टोलमा अरु कोही नभएको बखान गर्न पछि पर्दिनन् । 'यो केटीलाई मैले घरमा राखेर उसको मात्रै होइन, उसका बाआमा सबैको कल्याण गरेकी छु' भन्छिन् । अझ यो केटी राखे बापत महिनाको १२/१५ हजार खाना, लुगाफाटो, विद्यालयको फि, कापी किताबमा खर्च गरेको औंला भाँच्दै सगौरव बताउने गर्छिन्। तर, प्रत्युत्तरमा तपाईंले राम्रो गर्नुभएको रहेछ, तपाईंले महिनाको ५०० सय मात्रै सहयोग गरे यिनी आफ्नै घरमा आमाबुबासँगै पढ्न पाउँथिन् । यिनका परिवार मात्रै होइन, वरपरका छिमेकीले पनि तपाईंलाई ईश्वर मानेर सम्मान गर्ने थिए भन्दै अनुरोध गरेमा के होला ? औँठ लेब्राउँदै त्यस्तो कहाँ हुन्छ ? भन्ने जवाफ आउँदछ ।

हो, बालबालिका भौतारिदै सडकमा आइपुग्दछन् । यो समस्या गरिब देशमा मात्रै हैन, धनी देशमा पनि पाइन्छ । तर यी समस्यालाई सम्बोधन कसरी गर्ने ? यसको रोकथामका उपायमा बालमैत्री विद्यालय एउटा गतिलो औजार हुन सक्दछ । बालबालिका करले हैन, रहरले विद्यालय जाने वातावरण बनाउनु पर्दछ। यसको निगरानी गर्नका लागि नगर तथा पालिकाका प्रतिनिधि जागरुक भए धेरै समस्या गाउँमा नै समाधान हुन्छ । अत्यन्त विपन्न बाआमालाई आयमुखी व्यवसायका लागि सहयोग गर्न सकिन्छ । तर, यसको लागि बालबालिका लगायत परिवारको अभिलेखीकरण दुरुस्त राखिनु पर्दछ। सहयोगको सही सदुपयोग हुने अवस्था यकिन भएमा दातृ निकायको सहयोग जुट्न सक्दछ ।

बालबालिका श्रममा आउन नदिन पहल गर्नुपर्दछ । कथम कदाचित आइहाले सम्बन्धीत निकायमा खबर गर्नुपर्दछ । जस्तै १०४ वा १०९८ मा फोन गर्न सकिन्छ । यसरी खबर गर्नु सबै नागरिकको कर्तव्य हो । नागरिकको कर्तव्य पूरा नगरी जुनसुकै बहानामा बालबालिकालाई श्रममा लगाउने सामाजिक अपराधी हुन् । कुनै मोलाहिजा नराखिकन यस्ता अपराधीलाई कानुनी कारवाही गरिनु पर्दछ । अख्तियार प्राप्त अधिकारीले बालबालिकालाई श्रममा लगाउनु अपराध हो भन्ने हेक्का राख्नु पर्दछ। अख्तियारको दुरुपयोग गर्ने अधिकार कसैलाई हुन्न, गर्नेलाई छोडिनु पनि हुन्न ।

गैरसरकारी संस्थाले जिम्मेवारीका साथ काम गर्नुपर्दछ। एनजीओलाई पसल बनाउनेहरूको सरकारसँग लेखाजोखा हुनुपर्दछ । यस्ता एनजीओलाई कारबाहीको दायरामा ल्याउनु पर्दछ। पारदर्शिता हुनु पर्दछ। आवश्यकताको आधारमा कार्यक्रम बनाइनु पर्दछ। परियोजनाको रकम खर्च गर्ने होइन उपलब्धी ल्याउने हुनुपर्दछ । आज किन एनजीओ बदनाम भएका छन् ? मनन् गर्न ढिला भइसकेको छैन र ? बालबालिकासँग काम गर्ने स्वदेशी विदेशी गैरसरकारी संस्थाका जागिरे परिपक्व हुनुपर्दछ। कम्तिमा पनि बालबालिकासँग काम गर्दा कुराले भन्दा व्यवहारले प्रभाव पार्दछ भन्ने ज्ञान त हुनैपर्‍यो। चाइल्ड क्लबका बालबालिका बिच लभ अफेयर्स अनि विद्यालय

छाड्ने र भाग्ने घटना बिरलै भए पनि केही संस्थाको निद हराम गरेको नै होला । चाइल्ड क्लबबाट दिक्षान्त भएका केही बालक कतिपय विदेशी संस्थाको लागि टाउको दुखाइ भएकै होला । किन यस्तो भइराखेको छ ? कतै 'अल्प विद्या भयङ्करी' त भएको छैन ?

**स्वदेशी तथा विदेशी एनजीओको काम गराइको बारेमा एउटा सानो उदारहरण:**

एक कर्मचारी दुर्व्यसनीका बिचमा सिरिन्ज बाँड्ने काम गर्दा रहेछन् । एक वर्ष सिरिन्ज बाँडेछन् । परियोजना सकियो । उनको जागिर पनि सकियो । बिचका एक-दुई महिना हराए । फेरि एकाएक टोलमा देखा परे । काम सुरु गरे तिनै दुर्व्यसनीसँग । तर कामको प्रकृति थोरै फरक । वडा अध्यक्षले अचम्म मान्दै सोधे, "हैन बाबु, पहिले दुर्व्यसनीलाई सिरिन्ज बाँड्ने गरेको देखेको थिएँ । अहिले त बटुल्न थाल्नु भएछ ! के हो यो ?" युवाले भने- "अंकल, पहिलेको एनजीओको परियोजना सकियो । मेरो जागिर पनि सकियो । एक-दुई महिना खाली भएँ । अर्को एनजीओमा जागिर खुलेछ । नयाँ परियोजनाको लक्षित समुदाय पनि दुर्व्यसनी नै । काम गरेको अनुभव थियो, जागिर पाएँ । तर काम अलिक फरक छ । पहिले दुर्व्यसनीलाई सिरिन्ज बाँड्ने थियो । अहिले बटुल्ने ।" एनजीओको पहल र खहरे खोलाको भल उस्तै हो भन्ने खालको हुनु भएन । एनजीओले नवधनाढ्य जन्माउने होइन, समाज सेवा गर्नु पर्‍यो । श्रीमान्-श्रीमती तथा भाइ-बहिनी, साला-साली तथा भान्जा-भन्जीको चौतारी हुनु भएन एनजीओ ।

अपराधलाई दलगत राजनीतिकरण गरिनु भएन । राजनीतिक दलको खोल ओढाएर चोख्याउने काम गर्नु हुन्न । घरेलु श्रमिकलाई बर्षौ योनशोषण गर्ने साहुको पक्षमा बोल्न तथा कारबाही नचलाउन सबै दलका नेताको लर्को लाग्दछन् । भाषा एउटै हुन्छ, आरोपीले कसुर गरेको छैन । उजूरी गर्नुभएन, भन्छन् । यति ठूलो दबाब आउँछ कि, त्यो पीडितका पक्षमा अरु त परै जाओस्, आफ्नै आमा-बाबु पनि बोल्न नसक्ने अवस्था बन्दछ । कोही बेला त पीडक त्यति शक्तिशाली हुन्छ । यसको अर्थ यो हैन कि, पीडकलाई कानुनी दायरामा ल्याउन सकिदैन । संयमता जरुरी छ । हिम्मत हार्नुहुन्न । त्यस्ता धेरै अपराधी अहिले जेलमा छन् । पीडित बालबालिका पुर्नस्थापित भएर आफ्नै बा-आमासँगै बस्न सफल पनि भएका छन् ।

बालश्रमको अवस्थाको बारेमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) लगायतका संस्थाले के भन्दछन् ?

'सन २००० मा  विश्वमा २४ करोड ६० लाख बालश्रमिक थिए । सन् २०१२ मा यो सङ्ख्या घटेर १६ करोड ८० लाखमा झर्‍यो । सन् २०१८ मा १५ करोड २० लाख बालश्रमिक थिए । श्रम सर्वेक्षण २००८ मा नेपालमा १६ लाख बालबालिका श्रममा रहेको अनुमान गरिएका थियो । दस बर्ष अगाडि यो सङ्ख्या २६ लाख रहेको अनुमान गरिएको थियो । आइएलओ र युनिसेफले सन् २०२१ मा  बालश्रमिकको अवस्थाको बारेमा गरेको अध्ययनका अनुसार नेपालमा ११ लाख बालबालिका बालश्रमिकको रूपमा रहेको बताएको छ । यस तथ्याङ्कका अनुसार नेपालमा बालश्रमिकको सङ्ख्यामा उल्लेखनीय रूपमा घट्दै गएको देखाएता पनि अझै बालश्रमिक एक प्रमुख समस्याको रूपमा रहेक जगजाहेर नै छ ।

**के बालश्रम उन्मूलन हुँदैन त ?**

असम्भव छैन । बालश्रमको समस्या, तर सहज पनि छैन । बालबालिका श्रमिक हुनुका पछाडि धेरै कारण छन् । बालबालिकालाई के कारणले श्रम गर्न बाध्य छन्, पहिचान हुनुपर्दछ । बालश्रमको जोखिममा रहेका बालबालिकाको पहिचान गर्नुपर्छ । बालश्रमिकको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा छ, अनुगमन गर्न कठिन छ । जनप्रतिनिधि, अभिभावक र समाजलाई यसबारे सचेत गराउनुपर्छ । बालबालिकालाई श्रमबाट मुक्त गरेर विद्यालयमा भर्ना गर्ने, पठन-पाठनको वातावरण मिलाउनु पर्दछ । अटेर गरी बालबालिकालाई श्रममा लगाउनु सरासर कानुनको उल्लङ्घन हो, सामाजिक अपराध हो । यसो गर्ने जोकोहीलाई कानुनी कारबाही गरिनु पर्दछ । कुराले चिउरा भिज्दैन, काम हुनु पर्दछ । सबै इमान्दार बन्नु पर्दछ । परिपक्व सोच विचारका साथ काम गर्नु पर्दछ । यो सबै नागरिकको जिम्मेवारी हो । सरकारले नेतृत्व लिनुपर्दछ । सबै मिले बालश्रम उन्मूलन गर्न सकिन्छ । अवश्य सकिन्छ ।

# मनोरञ्जन क्षेत्र र बालबालिकाहरूको बेचबिखन



*हिरा दाहाल*

**मनोरञ्जन क्षेत्रमा बालबालिकाको संलग्नताः**
सिन्धुपाल्चोक घर भएकी निशा १४ बर्षमा दोहोरी साँझमा उनको सानिमाको माध्यमबाट पुर्‍याइन्छिन् । उनलाई त्यहाँ राम्रो जागिर पाइन्छ, थोरै समय काम गरेपनि राम्रो पैसा कमाइन्छ भनेर उक्साइन्छ । घरको आर्थिक अवस्था र पारिवारिक सहयोग नभएको कारणले उनले आफ्नो पढाईलाई काठमाण्डौंमा गए त केही न केही काम गरेर निरन्तरता दिन सकिहालिन्छ नि भन्ने आशमा काठमाण्डौं आएर आन्टीसँग बसेकी थिइन् । अन्ततः जागीर पाइएन अब दोहोरीमा काम गर भन्दै उनको आन्टीले नै उनलाई दोहोरीमा पुर्‍याइन् । दोहोरीमा उनले के काम गर्नुपर्छ भनेर केही भनिएको थिएन । उनलाई मानसिक र भावनात्मक रूपमा दबाब दिनुको साथै उनले गर्नुपर्ने कामको बारेमा झुक्याएको पनि देखिन्छ ।

तनहुँ स्थायी घर भएकी सृजना ठमेल स्थित लोटस दोहारीमा विगत १३ महिनादेखि काम गर्दै आएकी छन् । ठमेल स्थित छोरीज्ञको कार्यालयमा आउन थालेको थाहा पाएपछि उनको साहुले उनलाई साथी सुनिताबाट छुटाएर छुट्टै कोठा खोजेर आफुसँगै राखेका छन् । आफुसँगै काममा लाने, बाहिर कतै जान परेमा आफुसँगै लिएर जाने र उनलाई कोठामा चाहिने खाद्यान्नहरूको व्यवस्था आफैंले गरिदिने र उनलाई एक सेकेन्ड पनि एक्लै कतै जानु नपर्नेगरी व्यवस्था मिलाए । सृजना भर्खरै १६ वर्षमा टेक्दैछिन् । उनी साहुले गरिदिएको यो सबै व्यवस्थालाई अभिभावकत्व सम्झिन्छिन् । उनीहरू लिभिङ टुगेदरको सम्बन्धमै छन् । उनको साहु एक विवाहित व्यक्ति मात्र नभएर दुई छोराछोरीका बाबु पनि हुन् । सृजनाको दिनचर्या अहिले आफ्नो कोठा र डान्सबारमा पूर्ण रूपमा सीमित छ । सृजना यस डान्स बारको साहुको पूर्ण नियन्त्रणमा छिन् ।

यी माथिका दुईवटा घटनालाई विश्लेषण गर्ने हो भने मनोरञ्जन क्षेत्रमा पुगेका वा पुर्‍याइएका बेचबिखनका प्रभावित बालिकाहरूमध्येका प्रतिनिधि पात्र हुन् ।

युएन प्रोटोकलले गरेको मानव बेचबिखनको परिभाषालाई आधार मानेर हेर्ने हो भने माथिका दुवै घटनामा पीडितहरूको इच्छाबिना नै यस्ता काममा संलग्न गराइएको छ । त्यसमा पनि बालबालिकाको हकमा ईच्छाको सवाल नै उठ्ने भएन । त्यसैगरी पीडितको अन्तरनिहित मानव अधिकारको हनन भएको छ । उनीहरू आफूले भोग्नुपर्ने जीवनप्रति अनभिज्ञ छन् भने दुवै कथामा श्रम शोषण तथा यौन शोषणको उद्देश्य प्रष्ट रूपमा देख्न सकिन्छ ।

छोरी संस्थाले २०२२ मा २०४ जना सहभागीहरूसँग गरेको अध्ययनमा १३ प्रतिशत बालकालिकाहरू रहेका थिए ।

विनरक इन्टरनेशनलले २०२० मा गरेको अध्ययनमा सहभागीहरू मध्ये ७१.९ प्रतिशतले आफु मनोरञ्जन क्षेत्रमा गएर के काम गर्दैछु भनेर थाहा नभएको बताएका थिए । ५४.४ प्रतिशतले आफुलाई जे काम भनिएको हो, त्योभन्दा फरक काम गर्न लगाएको कुरा व्यक्त गरेका छन् । त्यसैगरी मनोरञ्जन क्षेत्रमा आउने बेलामा उनीहरूको उमेर कति थियो भनेर सोधिएको प्रश्नमा १०.५ प्रतिशत १४ नपुग्दै आएका थिए भने ३५.१ प्रतिशत १४ देखि १८ बर्ष उमेरका थिए । ७० प्रतिशतले आफू यौन शोषणमा परेको तथा अत्याधिक

1 गैरसरकारी संस्था

जोखिममा रहेको कुरा बताएका छन् । यस अध्ययनबाट पनि प्रष्ट हुन्छ कि मनोरञ्जन क्षेत्र बालबालिकाको बेचबिखन हुने एक मुख्य क्षेत्र बनिरहेको छ ।

**मनोरञ्जन क्षेत्रमा बालबालिकाहरू आइपुग्ने कारणहरू**

ओखलढुङ्गा घर भएकी रीना (नाम परिवर्तन) १४ बर्षकी हुँदा काठमाण्डौं आइन् र आफ्ना काका काकीसँग जडिबुटीमा बस्न थालिन् । उनका काकाकाकी दैनिक ज्यालादारीको काम गर्थे । रीना उनीहरूको छोरीलाई हेर्ने काम गर्थिन् । रीनाकी आमाको मृत्यु पहिल्यै भइसकेको थियो भने उनका बुबा पेटमा क्यान्सर भएर रीनाले अलिकति भएपनि पैसा पठाउँछिन् कि भन्दै आश गर्दै बसेका थिए । रीनालाई काकाकाकीले बच्चा हेरे वापतको पैसा दिउँला भनेर ल्याए पनि काठमाण्डौं आएपछि उनलाई एक रुपैयाँ पनि पैसा दिएनन् । हुँदा हुँदा उनलाई राम्ररी खान दिन पनि छोडेपछि उनी काकाकाकीलाई छोडिदिएर त्यहीँ नजिकै बस्ने एक साथीको माध्यमबाट खाजा घरमा काम गर्न पुगिन् ।

२२ बर्षकी लिला तीन सन्तानकी आमा हुन् । उनी ठमेल स्थित मसाज सेन्टरमा काम गर्थिन् । कोभिड-१९पछि उनको स्पाको कमाई दिनदिनै घट्दै गएपछि उनले आफू बस्दै गरेको कोठाको भाडा तिर्न नसकेपछि कोठा छोडिदिइन् र आफ्ना तीन छोरीसहित स्पामै रात बिताउन लागिन् । १३ बर्षकी उनकी छोरीलाई दिनमा आउने ग्राहकहरूले आँखा मात्र लाउन थालेनन्, राती पनि उनलाई पछ्याउँदै मसाजमा आउन थाले ।

माथिका दुईवटा घटनाले के देखाउँछ भने, बालबालिकाहरू, अझ बालिकाहरू मनोरञ्जन क्षेत्रमा आईपुग्नुमा प्रमुख कारण पारिवारिक वातावरण नहुनु र सानैदेखि परिवारको लागि काम गरेर सहयोग गर्नुपर्ने बाध्यता रहनु देखिन्छ । त्यसैगरी, हाल मनोरञ्जन क्षेत्रमा काम गरिरहेका महिला कामदारका बालबालिकाहरू पनि उत्तिकै मात्रामा यस क्षेत्रमा आईपुग्ने अवस्थामा देखिन्छन् ।

तर यस क्षेत्रमा यसरी बालबालिका बेचबिखनमा पर्नुमा यिनै कारणहरू मात्र भने होइनन् । मनोरञ्जन क्षेत्रमा आईपुग्ने हरेक ग्राहकहरूले पाएसम्म सानो उमेरका बालिका नै खोज्ने गर्दछन् । जसले गर्दा मनोरञ्जन क्षेत्रका व्यवसायीहरू जहिले पनि सानो उमेरका बालिकाहरूलाई नै काममा लगाउन चाहान्छन् । भूकम्प तथा कोभिड-१९बाट खस्किदै गएको व्यवसायलाई टिकाई राख्न पनि उनीहरू बढीभन्दा बढी बालिकाहरूलाई रोजगारीमा लगाउन प्रयासरत छन् । चाहे बालबालिकाहरूलाई व्यवसायमा देखिने गरेर राखेर होस् या लुकाएर राखेर, उनीहरूको लागि बालबालिका चाहिएकै छ ।

यसरी हेर्दा मनोरञ्जन क्षेत्रमा बालबालिकाको माग र आपूर्ति दुवैको समायोजन मिलेको कारणले गर्दा नै बालबालिकाहरू मनोरञ्जन क्षेत्रबाट बाहिरिने अवस्था आईहाल्छ कि भनेर आश गर्न सकिने अवस्था छैन ।

**बालबालिकारहित मनोरञ्जन क्षेत्रः सम्भावित उपायहरू**

**परिवार**

छोरीले २०२२ मा नुवाकोट जिल्लामा सञ्चालन गरेको व्यवसायिक तालिममा सहभागी ४० जना किशोरीहरूमध्ये ३२ जनाले आफ्नो पढाई बिचैमा छोडेका थिए । छोरीले सञ्चालन गरेको सशक्तीकरण तालिमको क्रममा उनीहरूले पढाई छोड्नुको प्रमुख कारण गरिबी नै हो भनेर जिकिर गरेका थिए । विद्यालय शिक्षा सर्बसुलभ मात्र हैन, निशुल्क र अनिवार्य बनाउने गरी भएका सबै प्रावधानहरूलाई यसले धज्जी उडाएको छ । विभिन्न शीर्षकमा लिइने शुल्क, स्टेशनरी, पुस्तक लगायतका सामग्रीहरूको बढ्दो मुल्य, विद्यालय जाँदा काममा जान नपाउने अवस्था अर्थात् अवसर लागत ९इउउयचतगलष्तथ अयकत० लगायतका कुराहरूले बालबालिकाहरू विशेषतः किशोरीहरू विद्यालय बाहिर रहने अवस्था सिर्जना भएको देखिन्छ । शिक्षा र सुखद् भविष्य निर्माण बिचको ठूलै खाडल, जसले गर्दा पनि विद्यालय शिक्षामा लगानी गर्ने कुरा अभावग्रस्त परिवारलाई निरुत्साहित गर्न थप सहयोगी बनेको छ । यसका साथै, परिवारको सचेतना र छोरीहरूप्रतिको आम सोचको व्यवहारिक प्रतिबिम्ब हो भन्ने लाग्दछ । धेरैजसोले कापी कलम किन्न नसकेर पढाई छोड्नु परेको बताएका किशोरीहरूलाई ‘तिमीहरूको बुबालाई रक्सी

खान पैसा हुन्छ कि हुँदैन त ?' भनेर प्रश्न गर्दा सबैले रक्सी खान त कहिँ न कहिँबाट पैसा निकालिहाल्छन् नि भन्दै सबैले स्वीकारे । र, उनीहरूले महशुस पनि गरे कि, पैसा नभएर मात्र उनीहरूले पढ्न नपाएको होइन रहेछ ।

यसरी एउटा गरिब परिवारमा पनि बाबालाई रक्सी खान पैसा कहिँ न कहिँबाट उपलब्ध हुन्छ भने छोरीलाई कापी किन्न पैसा हुदैन, जसले गर्दा उनी स्कुल छोड्न बाध्य हुन्छिन् । त्यसैले गरिबी मात्रै भन्दा पनि छोरीहरूको शिक्षालाई प्राथमिकता दिन नसक्नु बालिकाहरूले बिचमा पढाई छोड्नुपर्ने मुख्य कारण हो । छोरीको पढाई कहिल्यै पनि परिवारको प्राथिमिकतामा नपर्दा परिवारका कोही सदस्य विरामी भएमा, लामो समयसम्म कुरुवा बस्नु परेमा वा घरमा कमाई गर्ने अभिभावकहरू विरामी परेमा पनि परिवारलाई पाल्नुपर्ने जिम्मेवारी सिधै छोरीमा आईपर्ने अवस्थाले गर्दा पनि बालिकाहरूले आफ्ना पढाई पूरा गर्न नपाईरहेको अवस्था देखिन्छ । त्यसैले, छोरीहरूको शिक्षा प्रत्येक परिवारको प्राथमिकताको विषय बन्नु जरुरी छ ।

परिवारले आफ्ना बालबालिकाप्रति गरिने व्यवहार, उनीहरूलाई दिने माया, स्याहार र एउटा परिवारको सदस्यको रूपमा दिनुपर्ने महत्व पनि बालबालिकालाई भावनात्मक रूपमा एक्लो हुनबाट बचाउँने, आत्मविश्वास बढाउन मद्दत गर्ने र आफ्नो उद्देश्यप्रति केन्द्रित हुन उत्प्रेरित गर्ने केही आधारभूत तत्वहरू हुन्, ताकि उनीहरू घरबाहिरको व्यक्तिहरू तथा साथीहरूभन्दा घरकै सदस्यलाई आफ्नो समस्याहरू बताउन सकुन् र विश्वास गर्न सकुन् । यति मद्दत पाए भने घर छोडेर भाग्ने बालबालिकाहरूको सङ्ख्या सायद अहिलेको तुलनामा घट्दै पनि जानेछ ।

**विद्यालय**

बास्तवमै आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई विद्यालयले कुनै पनि शुल्क नलिई विद्यालयमा निरन्तरता दिनसकेमा सानै खर्चको भारले गर्दा विद्यालय छोड्ने बालबालिकाले आफ्नो पढाईलाई निरन्तरता दिन सक्ने सम्भावना हुन्छ । बालबालिकालाई मानसिक तथा भावनात्मक रूपमा स्वस्थ वातावरणमा शिक्षा दिनको लागि शिक्षकहरूको विद्यार्थीप्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तनको पनि उत्तिकै आवश्यकता छ, ताकि विद्यार्थीहरूले विद्यालयमा हुने मानसिक तनावको कारणले विद्यालय छोड्ने निर्णय नगरुन् ।

**स्थानीय निकाय**

स्थानीय निकायले अति गरिब परिवारका बालबालिकाहरूले पनि विद्यालयमा निरन्तरता दिउन् भन्ने कुरालाई सुनिश्चित गर्नका लागि वैकल्पिक आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ । त्यसैगरी, स्थानीय सरकारले आफ्ना क्षेत्रभित्र पर्ने बालबालिकाहरूको संरक्षण तथा हराएका बालबालिकाहरूको खोजी, उद्धार तथा सामाजिक पुनर्स्थापनाको कार्यक्रम समेत सञ्चालन गर्नु जरुरी छ ।

काठमाडौं उपत्यकाका मनोरञ्जन क्षेत्रमा नियमित अनुगमन, बालबालिकाको तत्काल उद्धार तथा उनीहरूको अधिकारमुखी पुनर्स्थापना र उनीहरूलाई शिक्षामा निरन्तरताका कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ ।

**संघीय सरकार**

नेपालले युएन प्रोटोकल (कुन?) को अनुमोदन गरिसकेको हुनाले तत्कालै मानव बेचबिखन नियन्त्रण ऐनलाई संशोधन गरी मनोरञ्जन क्षेत्रमा बालबालिकाको प्रयोगलाई कानुनको दायरामा ल्याएर कारवाही गर्न सकेमा र 'बालबालिकारहित मनोरञ्जन क्षेत्र'को अभियान सञ्चालन गर्न सकेमा बालबालिकाको संरक्षित तथा सुरक्षित हुने अधिकारलाई केही मात्रामा भएपनि सुनिश्चित गर्न सकिन्छ ।

*(लेखक छोरी संस्थाकी कार्यकारी निर्देशक हुन्)*

# बालश्रम र बालश्रम निवारणका उपाय



✍ मणिराम आचार्य

"मैले सधैँ बिहान ३:०० बजे उठ्नु, ५:०० बजिनसक्दा खाना बनाउनु, ६:०० बजेदेखि विद्यालयबाट सञ्चालित ट्युसन कक्षा लिन पुग्नु, ८:०० बजे हतार हतार आएर खाना खुवाएर भाँडा माझेर १०:०० बजे स्कुल पुग्नु र ४:०० बजेपछि स्कुलबाट आएर बेलुकाको खाना जुठो भाँडो गरी गृहकार्य सकाउँदा रातिको ११:०० बजे सकाएर सुत्नु मेरो दैनिकी हो । विदाको दिन बिहान ३:०० बजेदेखि राति ११:०० बजेसम्म काम गर्नु पर्दछ त्यसैले बरु विद्यालय विदा नै नभइदिए हुन्थ्यो जस्तो लाग्छ मलाई ।" घरेलु श्रममा काठमाडौँमा काम गर्ने बालबालिकासँग भएको एक परामर्श कार्यशालामा सहभागी एक १७ बर्षीय बालकको पीडा हो यो । पढ्नकै लागि घरेलु श्रम गर्नुपर्ने बाध्यताका बालबालिकाको प्रतिनिधिमूलक एक घटना मात्र हो यो । उनका अनुसार, उनी नौ वर्षको उमेरमा घरायसी कामदारका रूपमा काठमाडौँ आएका हुन् । उनको जस्तै दैनिकी भएका बालबालिकाको सङ्ख्या काठमाडौँ उपत्यकामा कति रहेको छ, यकिन तथ्याङ्क न त स्थानीय सरकारसँग छ, न अरु निकायसँग ।

बालश्रम प्रतिवेदन २०२१ अनुसार नेपालमा बालश्रमिकको सङ्ख्या १० लाख ८१ हजार रहेको छ । त्यस मध्ये २ लाख २२ हजार बालबालिका जोखिमयुक्त बालश्रममा रहेका छन् । नेपालको संविधानले मौलिक हकका रूपमा नै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि धारा ३१ ले बालबालिकालाई आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हकको व्यवस्था गरेको छ । तर यस किसिमको मौलिक हकको कार्यान्वयनको पाटो फितलो भएकै कारण गुणस्तरीय शिक्षाका नाममा नेपालका विभिन्न जिल्लाका कलिला बालबालिका सहरी क्षेत्रमा घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य भएको तथ्याङ्कले पुष्टि गर्दछ । यतिमात्र हैन, नेपालको संविधानको धारा ३९ को उपधारा ४ ले कुनैपनि बालबालिकालाई जोखिमयुक्त श्रममा लगाउन नपाइने भनी मौलिक हकको व्यवस्था गरेको भएता पनि मौलिक हकको कार्यान्वयन हुन नसक्नु र बालबालिकालाई श्रममा लगाउनु दण्डनीय अपराध हो भन्ने कानुनको चेतना सबैमा नहुनु विडम्वना हो ।

बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि नेपालको कानुनी व्यवस्था अन्य क्षेत्रको भन्दा प्रगतिशील छ । नेपालको संविधानको धारा ३९ र बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७ ले बालबालिकाको संरक्षणसम्बन्धी व्यवस्था गर्दै बालबालिकालाई श्रम तथा जोखिमयुक्त श्रमबाट संरक्षणको व्यवस्था गरेको छ । त्यसैगरी, बालश्रम निवारणका लागि नेपाल सरकारको संघीय, प्रदेश तथा स्थानीय तिनै तहको सरकारले विभिन्न कानुन, नीति योजना र कार्ययोजना निर्माण गरी कार्यान्वयनको अभ्यास गरिरहको छ। नेपालको संविधान, बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन २०५६, बालश्रम नियमावली २०६२, बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७, बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ प्रत्यक्ष रूपमा बालश्रमसँग सम्बन्धित कानुन तथा योजनाहरू हुन् । यति मात्र हैन, नेपालले बालश्रमसँग सम्बन्धी न्यूनतम उमेरसम्बन्धी आइएलओ महासन्धि १३८ र जोखिमयुक्त बालश्रमसम्बन्धी आइएलओ महासन्धि १८२ अनुमोदन गरी पक्षराष्ट्र भएको छ । तर विडम्वना बालबालिकाको अधिकार सुनिश्चिततामा चुनौति दिनानुदिन बढ्दो दरमा रहेको छ ।

बालबालिकाको अधिकार संरक्षण तथा बालश्रम निवारणमा यति धेरै कानुनी व्यवस्था भएता पनि नेपाली जनमानसहरूको संरचनागत सोंच र गरिबी बालश्रमको प्रमुख कारण हो । बालबालिकाले सकेको काम गर्नु पर्छ, उनीहरूले कमाएर परिवारलाई पाल्नु पर्छ, बालबालिकाले काम गर्न सक्छन् र गर्नु पर्दछ

भन्ने सामाजिक मूल्य मान्यता पनि अर्को कारक तत्व हो, जसले गर्दा बालश्रमको विषयलाई गम्भिरतापूर्वक लिनुभन्दा पनि सबै क्षेत्रबाट स्वीकार गरिएको देखिन्छ। नेपालको बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ ले वि.सं २०७९ भित्र जोखिमयुक्त बालश्रम र वि.सं २०८२ भित्र सबै प्रकारका बालश्रमको निवारण गर्ने लक्ष्य लिएको छ । तर हालको अवस्थामा देखिएको बालश्रमको तथ्याङ्कले यो लक्ष्य पूरा हुने सम्भावना कम भएको आँकलन गर्न सकिन्छ। बालश्रम निवारणमा नेपाल सरकारका अतिरिक्त विभिन्न सामाजिक संघसंस्था तथा विकासका साझेदारहरूले सरकारको सहयोगीको रूपमा कार्य गरिरहेका छन् । तथापि, नेपालमा बालश्रमको अवस्था जिउँका तिउँ छ। यति मात्र हैन, बालश्रम निवारणको कार्य प्रभावकारी रूपमा हुन नसक्नुमा बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन २०५६ संघीयताको मर्मअनुसार परिमार्जन हुन नसक्नु, प्रचलित ऐन, कानुन, नीति, नियम कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रको स्थापनामा ढिलासुस्ती, कानुन कार्यान्वयनमा उदासिनता, सम्बन्धित निकायको फितलो अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रमुख रूपमा हो भन्न सकिन्छ।

माथि उल्लेखित कमजोरी सुधारगरी बालअधिकारको संरक्षणका लागि नेपाल सरकारको ऐन, कानुन र नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग, खबरदारी गर्नका लागि नेपालमा गैरसरकारी संस्था तथा सञ्जालहरूले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यस्ता संस्था तथा सञ्जालहरूमा विषेशगरी राष्ट्रिय बाल संरक्षण सञ्जाल, दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च, नेपालमा महिला तथा बालबालिका बेचविखन विरुद्ध एलायन्स, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय अभियान लगायत आसमान नेपालले प्रत्यक्ष रूपमा बालश्रम निवारणमा काम गरिरहेको पाइन्छ। आसमान नेपालले शिक्षाको माध्यमबाट बालश्रम निवारण गर्ने मान्यता लिएको छ । सोही मान्यताअनुसार आसमान नेपालले स्थापना कालदेखि नै बालश्रम निवारणका लागि बालबालिकाको शिक्षा र बालश्रम निवारणमा विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गरिरहेको छ। यस संस्थाले बालश्रम निवारणका लागि सञ्चालन गरेका विभिन्न अभियान मध्ये "काम छोडाऔं, स्कुल पठाऔं" अभियान एक सफल अभियानको रूपमा रहेको छ। त्यसैगरी "ढकिया खुर्पी कातमे, कापी कलम हातमे" नामक अभियानले समुदायमा बालश्रम निवारणमा राम्रो प्रभाव पारेको छ । यी अभियानमा आसमन नेपालले निरन्तर रूपमा समुदाय र सरोकारवालाहरू माझ बालबालिका श्रममा हुँदा उनीहरूमा पर्ने सामाजिक, शारीरिक तथा मानसिक असरका साथै शिक्षा आर्जनको अधिकारबाट बञ्चित भए भोलिका दिनमा अदक्ष श्रमिक मात्र बन्न जाने, जसले गर्दा परिवारको आर्थिक अवस्था ज्यूँका त्यूँ रहने कुरामा सहमत भई हालको मधेश प्रदेशका हजारौं बालबालिकालाई पूर्णकालिन कामबाट छुटाएर विद्यालय भर्ना गराई पढाइलाई निरन्तरता दिन सफल भयो । पछि आएर उक्त अभियानलाई समुदाय तथा सरोकारवालाहरूले आत्मसात गर्दै परिवर्तनका संवाहकका रूपमा काम गर्न थाले। जसको परिणामस्वरुप मधेश प्रदेशमा रहेका बालश्रमको सङ्ख्यामा कमी आई विद्यालय भर्ना तथा टिकाउ दरमा सुधार आयो । विगतको सिकाइलाई निरन्तरता दिदै सन् २०२१ देखि सबै बालबालिका पूर्ण समय दिवा स्कुलमा हुनु पर्दछ भन्ने अभियान सञ्चालनमा आइरहेको छ।

यति मात्र हैन, जसको सवाल उसकै नेतृत्व भन्ने भावनाअनुसार बालश्रम निवारणमा श्रमिक बालबालिकाको सहभागिता प्रवर्द्धनले अर्को नयाँ आयाम थपेको छ । जसमा श्रममा भएका ३६४ बालबालिकाहरूसँग परामर्श गरी उनीहरूका वास्तविक समस्या र भोगाइहरूको प्रलेखिकरण गरेको छ । परामर्शमा सहभागी भएका बालबालिकाहरूले पहिलो पटक कसैले श्रममा भएका बालबालिकाको बारेमा सोधेको वताए भने उनीहरूले आफ्ना भोगाई तथा समस्याहरू विभिन्न सहभागिता औजार मार्फत व्यक्त गर्ने अवसर पाए। बालश्रमलाई दिगो रूपमा निवारणका लागि सम्पूर्ण सरोकारवालाहरूको सहकार्यात्मक पहल आवश्यक छ । आसमान नेपालको २५ वर्षको कार्य अनुभव र परामर्शमा सहभागी बालबालिकाले दिएका सुझाव समेतका आधारमा बालश्रम निवारणका लागि तपसिल बमोजिमका कार्य गर्न आवश्यक देखिएको छः

### क) नीतिगत परिमार्जन र एकरूपता

बालश्रम निवारणका लागि नेपालको विद्यमान कानुनहरूको परिमार्जन पहिलो कार्य हो। बालश्रमसम्बन्धी

नेपालका विद्यमान कानुनको परिमार्जन गरी संघ, प्रदेश र स्थानीय तहको बालश्रम निवारणमा जिम्मेवार बनाउनु आजको मुख्य आवश्यकता हो । यसका लागि निम्नानुसारको नीतिगत परिमार्जन र व्यवस्थापन गरिनु जरुरी छः

- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ लाई समयानुकुल संशोधन गरी बालश्रम र निकृष्ट बालश्रमको स्पष्ट र मापनयोग्य परिभाषा, अनौपचारिक बालश्रमलाई सम्बोधन, बालश्रमिकका लागि क्षतिपूर्ति तथा स्थानीय तहको अनुगमन र न्यायिक भूमिका सहितको व्यवस्थाहरू समावेश गरी संशोधन गरिनु पर्दछ ।
- बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ९ मा रहेको बालश्रमसम्बन्धी व्यवस्थालाई परिमार्जन गरी प्रचलित कानुन विपरीत कसैले पनि बालश्रम प्रयोग गर्न गराउन नपाइने व्यवस्था उल्लेख गरिनु पर्दछ ।
- स्थानीय तहहरूले व्यवसाय सञ्चालन दर्ता गर्दा, व्यवसाय अनुमति दिने निकायले व्यवसाय अनुमति प्रदान गर्दा अनिवार्य रूपमा बालश्रम र बाध्यकारी श्रमको प्रयोग नगर्ने स्वःघोषणा गर्नुपर्ने व्यवस्था सम्बन्धित स्थानीय तह, प्रदेश र संघका सम्बन्धित कानुनहरूमा समावेश गरिनु पर्दछ ।

**ख) संरचना विस्तार र सवलीकरण**

बालश्रमको अनुगमन, नियमन, बालश्रमिकको उद्धार, संरक्षण, व्यवस्थापन र कानुनी कारबाहीका हकमा रहेको विद्यमान सीमिततालाई परिवर्तन गरी निम्न व्यवस्थाहरू लागु गर्नु पर्दछः

- प्रत्येक स्थानीय तहमा श्रम व्यवस्थापन डेस्कको स्थापना र सो डेस्कमार्फत अनौपचारिक श्रमिकको पञ्जीकरण, सामाजिक सुरक्षाका साथै बालश्रम अनुगमनका कार्यहरू सञ्चालन गरिनु पर्दछ ।
- श्रम अडिटलाई अनिवार्य लागु गर्न देशव्यापी अनुमति प्राप्त श्रम-अडिटरहरूको प्रवर्द्धन गर्ने र श्रम-अडिटमा आपूर्ति श्रृङ्खला र बालश्रमको प्रयोगको विषय समेत समावेश गरिनु पर्दछ ।
- बालश्रमको रोकथाम, बालश्रमिकको उद्धार तथा संरक्षण व्यवस्थापनका कार्यका लागि बालबालिका खोजतलास सेवा (१०४)लाई सातै प्रदेशमा र बाल हेल्पलाइन सेवा (१०९८) लाई प्रत्येक जिल्लामा विस्तार गर्न जरुरी छ ।
- बालश्रमको जोखिममा रहेका, बालश्रममा रहेका तथा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकालाई तत्काल शैक्षिक सहायता प्रदान गरी सवै बालकालिका पूर्ण समय दिवा स्कुलमा हुने व्यवस्थाका लागि अभियानहरू सञ्चालन गर्न आवश्यक छ ।
- प्रत्येक विद्यालय र समुदायमा श्रमिक बालबालिका तथा पूर्व श्रमिक बालबालिका समेत समावेश रहने गरी बाल क्लबको गठन, बालश्रम तथा जोखिम अनुगमन र सचेतनाका लागि बाल क्लबहरूको सहभागिता र सक्रियता प्रवर्द्धन गरिनु पर्दछ ।

**ग) रोजगारदाता तथा श्रमिक सङ्गठनहरूसँग सहकार्य**

बालश्रम निवारण रोजगारदाता र श्रमिक सङ्गठनहरूको महत्वपूर्ण सरोकार हो । एकातर्फ वयश्क रोजगारी संकुचन हुने र अर्कोतर्फ शोषणमूलक श्रम व्यवहारका कारण रोजगारदाता र श्रमिक संगठनहरू बालश्रम निवारणका लागि सक्रिय साझेदार हुन् । उनीहरूसँगको सहकार्यले बालश्रम निवारणमा सहयोग पुग्दछ ।

घ) बालश्रमिक र अन्य बालबालिकाको सहभागिता र नेतृत्व

बालश्रम निवारणका लागि श्रमिक बालबालिका र गैरश्रमिक बालबालिकाको सहभागिता र नेतृत्व प्रवर्द्धन गर्न जरुरी हुन्छ । सहभागिता प्रत्येक बालबालिकाको अधिकार हो । बालश्रम निवारणका लागि श्रमिक बालबालिका र गैरश्रमिक बालबालिकाको सहभागिता र नेतृत्व प्रवर्द्धन गर्नु आवश्यक छ ।

अन्त्यमा, बालश्रम निवारण सबैको सरोकारको बिषय हो । बालश्रम निवारणका लागि सरकार, नागरिक समाज संस्था, विकासका साझेदार, रोजगारदाता, श्रमिक संगठनहरू, श्रमिक बालबालिका र तीनका परिवार लगायतको समन्वय, सहभागिता र सहकार्यबाट बालश्रम निवारण सम्भव छ । त्यसका लागि सबैको एकिकृत योजना र कार्य आवश्यक छ । जस मार्फत बालश्रममुक्त देश नेपाल बनाउन सकिन्छ ।

*(आचार्य आसमान नेपालका कार्यक्रम व्यवस्थापन हुन्)*

# अभिभावकीय शैली र मानव बेचबिखनका जोखिमहरू



✍ बुद्धिकुमार श्रेष्ठ

अभिभावकको आफ्नो बुझाई र बालबालिकासँग गरिने व्यवहारले बालबालिकाहरूको सिकाई र विकाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ । तत्कालिन सामाजिक सम्बन्ध, अभ्यास र प्रचलनहरूले अभिभावकीय शैली प्रभावित हुन्छ । यसै सन्दर्भमा बालबालिकाले हुर्कने र आफ्नो बाल्यकाल बिताउने क्रमको भोगाइ र अनुभूतिजन्य अभिभावकीय व्यवहार र शैलीले बालबालिकाको व्यक्तित्व विकासमा पार्ने प्रभाव र त्यसले पैदा गर्ने जोखिमका पक्षहरूलाई ध्यान दिंदै यस लेखमा छलफल गर्न खोजिएको छ ।

मानव बेचबिखन एउटा घृणित अमानवीय कार्यको रूपमा नेपाली समाजले भोग्दै आएको जटिल मुद्दा हो । तथ्याङ्कमा आधारित भएर विशिष्टीकरण गर्दा महिला र बालबालिका नै यसबाट बढी प्रभावित भएको पाइन्छ । यसको कारणहरू प्रत्यक्ष हेर्दा व्यक्तिका व्यक्तिगत सीमिततासँग जोडिएर यदाकदा व्याख्या गर्ने गरिएता पनि यसको सम्बन्ध तत्कालीन अर्थराजनीति र मनोसामाजिक सांस्कृतिक सम्बन्धहरूसँग देख्न सकिन्छ। हुन त, मानव बेचबिखनका सवालहरूमा छलफल गर्दै गर्दा गरिबी, असमानता, सामाजिक अलगाव, विभेद, कुशासन लागयतका सामाजिक सवालहरूको कारणबाट जन्मने परिस्थितिहरूलाई नजरअन्दाज गरेर आफ्नो भाग्य प्रवृत्ति, व्यक्तिगत र पारिवारिक कारणसँग जोड्नु संरचनागत असमानताका स्रोतहरूलाई बिर्सनु हो । यद्यपि, पारिवारिक संस्कार र प्रचलनको आधार विद्यमान सामाजिक संरचनासँग जोडेर हेरिनुपर्दछ । यसर्थ, व्यक्तिको मानव बेचबिखनको जोखिम उसको तत्कालीन सामाजिक धरातलमा अडेको पारिवारिक अवस्था र सोही भित्रको उनीहरूको बाल्यकालको हुर्काइसँग पनि जोडिएको हुन्छ ।

सन् १८०२ मा अङ्ग्रेजी साहित्यका चर्चित कवि विलियम वर्ड्सवर्थले मेरो मुटु ढुकढुक गर्छ (माई हार्ट लिप्स अप) भन्ने कवितामा एउटा लाइन 'द चाइल्ड इज द फादर अफ म्यान', अर्थात् बालबालिका भनेको मानिसको बुबा हो भनेर उल्लेख गरेका छन् । (लैङ्गिक पक्षबाट यसमा असहमति जनाउन सकिन्छ ।) कविले यस हरफमार्फत बाल्यकालमा इन्द्रेणी हेरेर रमाएको सन्दर्भ दिएर बाल्यकालको प्रभाव युवा र प्रौढ अवस्थामा पनि रहने बताएका छन् । अर्थात्, उनका अनुसार बाल्यकालले बयस्क मानिसको ढाँचा निर्माणमा अहम् भूमिका खेल्दछ । यस पङ्क्तिले व्यक्तिको सिकाइ र व्यक्तित्व विकासमा पालनपोषण लगायत वातावरणीय (नर्चर) पक्षलाई आधार बनाएको छ। यस पङ्क्ति मार्फत कविले बाल्यकालका भोगाइ, अनुभूति र व्यवहारहरू दीर्घकालसम्म रहने र व्यक्तिको बयस्क अवस्थामा देखिने व्यक्तित्वलाई निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरालाई जोड दिएका छन् ।

प्रारम्भिक बाल्यकालमा पाएको खानपिन, हेरचाह र सिकाइका अवसरहरूले उसको शारीरिक, बौद्धिक, सामाजिक र भाषिक विकासमा निर्णायक भूमिका खेल्दछ । गर्भावस्थामा आमाको हेरचाह कस्तो भएको छ, जन्मपश्चात बालबालिकाको स्याहारसुसार कस्तो रह्यो, कस्तो वातावरण प्राप्त गऱ्यो, बालबालिकाको पोषण, स्वास्थ्य, प्रारम्भिक सिकाइको अवसर, हेरचाह र सुरक्षामा कति ध्यान दिन सकियो भन्ने कुराले समग्र व्यक्तिको बयस्क जीवनलाई असर पार्दछ । त्यसैले हुनुपर्दछ, वर्ड्सवर्थले बालबालिकालाई सांकेतिक रूपमा बयस्क मानिसको पनि अभिभावकको रूपमा प्रस्तुत गरेका छन् । भनिन्छ कि, अभिभावकहरू भनेको बालबालिकाको लागि ऐना जस्तो हो, जसको हरेक व्यवहारले बालबालिकामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

हाम्रो समाजको विद्यमान अभिभावकीय शैलीलाई विश्लेषण गर्ने हो भने अलि हुकुमी शैलीको (अथोरिटेरियन) भएको पाइन्छ । बालबालिकालाई 'बच्चा' त हो नि भनेर अलि बेवास्तापूर्ण व्यवहार गर्ने गरेको पाइन्छ । उनीहरूलाई हप्कीदप्की गर्ने, घर परिवारमा केही बिग्रेको अवस्थामा साना बालबालिकालाई नै दोषारोपण गर्ने प्रचलन अझै पनि देखिन्छ । कतिपय अवस्थामा उनीहरूका बाल

स्वभावजन्य सानातिना कमी कमजोरीमा पनि कडा सजाय भोग्नुपरेको पाउँदछौं । यसरी कठोर अनुशासनमा हुर्केका बालबालिकाहरूमा अलि जिद्धिवाल, घुर्की लगाउने, आत्मविश्वास कम भएको, भविष्यप्रति कम आशावादी, सानातिना कुरामा पनि झर्कने, रिसाउने र विद्रोह गर्ने स्वभाव विकास हुन जान्छ । उनीहरूले सामाजिक सीपहरूको यथेष्ट विकास नभएको र संवेगको सहज व्यवस्थापन गर्न कठिनाई पर्ने जस्तो समस्याहरू भोग्दछन् ।

यसैगरी, परिवार एउटा सामाजिक एकाईको रूपमा बुझ्दा समाजमा रहेका आर्थिक, लैङ्गिक लगायतका असमानताहरू परिवारमा पनि प्रष्ट झल्कन्छ । घरपरिवारमा सामान्यतया पुरुषहरूको नै दबदबा रहन्छ, घरमुलीले अरुको विचारलाई कम महत्व दिने मात्र हैन, कतिपय अवस्थामा हिंसामा नै उत्रिएको पाउँछौं । घरमा बसेर घरायसी काम गर्नेको मान्यता कम र बाहिर गएर कमाउनेहरूको अलि बढी चुरीफुरी हुन्छ, पारिवारिक निर्णयमा अह्म भूमिका रहन्छ । यस्तो विभेदकारी अभ्यासबाट हुर्कदै गर्दा बालबालिकामा पनि त्यही अनुसारको जसरी पनि कमाउने मानसिकताले जरो गाड्दै जान्छ । फरक मतलाई कदर गर्नेभन्दा पनि हिंसात्मक प्रतिकार गर्ने प्रवृत्ति रहने र अर्कोतर्फ किशोरी तथा महिलाहरूमा सकेसम्म सहनु पर्छ, आफ्नो मनमा नै राख्नुपर्छ भन्ने खालको भावनाहरूले काम गरेको पाउँदछौं । सामाजिक रूपमा अझै पनि छोरालाई प्राथमिकता दिने र छोरी जन्मिदा आमा र बच्चा दुवैले विभेद भोग्नुपर्ने अवस्था छ । परिवारभित्र यथेष्ट माया र सम्मानबिना हुर्केका बालबालिकाहरूमा छिटो अरुको भनाई र आश्वासनमा विश्वास गर्ने, आफ्नोपन महसुस गर्ने र छिटै फकिने स्वभाव बन्न जाने, जसले गर्दा दुर्व्यवहार र यौनशोषणमा पर्ने जोखिम उच्च हुन जान्छ । अध्ययनको क्रममा के देखिएको छ भने, कैयन किशोरीहरूले सहरतर्फ बसाइँसराइ गर्नको लागि बाध्यता सिर्जना गर्ने विविध पक्षहरूमध्ये उनीहरूले गाउँघर र परिवारमा भोग्नु परेको हिंसा र दुर्व्यहार पनि एक हो । यस्तो बाध्यात्मक परिवेशले पनि उनीहरूलाई मानव बेचबिखन र यौनशोषणको जोखिम अवस्थामा पुऱ्याउन योगदान गरेको छ ।

यसरी, पारिवारिक अभ्यास, अभिभावकीय शैली, बालबालिकाको विकास र त्यो सँगै बेचबिखनमा पर्ने जोखिमका बिचमा आपसी सम्बन्ध रहेको हुन्छ। सामान्यता देहायका तीन अवस्थामा- जस्तै, कोही व्यक्तिले आफूलाई हानी हुने जोखिम मोल्नु परेको छ, कसैलाई जोखिम भोग्नुपर्ने अवस्था टार्नको लागि आवश्यक स्रोतको अभाव छ र जोखिम भोग्नुपरेको अवस्थामा त्यसलाई मुकाबिला गर्न असमर्थ रहेको अवस्था छ भने व्यक्तिको जोखिम उच्च रहन्छ । सकारात्मक अभिभावकत्व र उचित ढङ्गको बाल्यकालको हुकाईले उसमा आइपर्ने जोखिमलाई मुकाबिला गर्ने क्षमता विकासमा सहयोग पुऱ्याउँदछ ।

जोखिमको सन्दर्भ व्यक्तिको आफ्नो अवस्था र नैतिक दायित्वको स्रोतसँग जोडेर हेर्न सकिन्छ । स्वभाविक रूपमा, मानिसहरू आफ्नो शारीरिक अवस्था र वरपरको वातावरणमा रहेको सामाजिक सम्बन्धहरू आफुलाई प्रभाव पार्ने वा आफ्नो स्वार्थलाई असर पुऱ्याउने खालका परिवर्तनहरूप्रति बढी संवेदनशील हुन्छन् । व्यक्तिले आफ्नो जोखिमतासँग देखाउने लचकता र पुनर्स्थापना क्षमता र साधनहरू सामाजिक संस्थाहरूबाट प्राप्त गर्दछ र यसको विकासमा त्यस्ता सामाजिक संस्था वा संस्थागत र ऐतिहासिक अभ्यास र व्यक्ति बिचको सम्बन्धले काम गरिरहको हुन्छ । लोककल्याणकारी राज्यले त्यस्ता सम्बन्धहरू कायम गर्न, सुदृढ र सबल बनाउन तथा संस्थागत रूपमा विकास गर्नमा ध्यान पुऱ्याउनु पर्दछ । जसले गर्दा जोखिमबाट रोकथाम, क्षतिमा न्यूनीकरण तथा शीघ्र क्षतिपूर्ति गराउनमा सहयोगी हुन्छ ।

त्यसैले, हामीले मानव बेचबिखनरहित समाजको कल्पना गरिरहँदा बालबालिकाको जीवनको सुरुवातदेखि नै उनीहरूलाई गरिने सकारात्मक र उत्प्रेरणात्मक अभिभावकीय व्यवहार, उनीहरूलाई स्वस्थ तथा खुसी भएर हुर्कन आवश्यक पर्ने बालमैत्री घर तथा विद्यालय र आत्मविश्वासका साथ बाँच्ने तथा सही निर्णय लिने क्षमता बढाउने खालका गतिविधिहरू आजबाट नै परिवार, समुदाय तथा राज्यबाट सुरुवात गर्न सकेमा बालबालिकाको बेचबिखन रोकथाम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्नेछ ।

*(लेखक प्लानेट इन्फयान्ट्स एण्ड डेभलप्मेन्टका कार्यक्रम सल्लाहकार हुनुहुन्छ ।)*

# मधेश प्रदेशमा बालश्रमको लागि बालबालिकाहरूको बेचबिखनः अवस्था, चुनौति र सुझावहरू



✍ लालबाबु प्रसाद कुशवाहा

नेपालको कानुन विपरीत कुनै पनि बालबालिकाहरूलाई काममा लगाउनु वा आयआर्जन गर्ने काममा संलग्न गराउनुलाई बालश्रम मानेको छ । आर्थिक उद्देश्यका लागि परिवार, आफन्त वा समुदायलाई मद्दत गर्ने कुनै पनि गतिविधि र काम बालश्रम अन्तर्गत पर्दछ । जुन मानसिक वा शरीरिक प्रयासमा आधारित, तलवी वा बेतलवी, परिवारभित्र वा बाहिर, औपचारिक वा अनौपचारिक क्षेत्र, जबरजस्ती र बेचबिखनमा आधारित हुने गरेको छ ।

बालबालिकाहरूलाई उनीहरूको स्वेच्छाले करार गरी वा नगरी काममा लगाउनु वा स्वरोजगार बनाउनु, तथा बालबालिकाहरूलाई आंशिक वा पूर्ण समयसम्म काममा लगाउनु र ती बालबालिकाहरूमार्फत सम्पादन गरिएका कामहरू उनीहरूको सर्वोतम हितमा छैन भने यसलाई बालश्रम भन्न सकिन्छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको एक प्रतिवेदनअनुसार विश्वभर करिब १५२ मिलियन बालश्रमिकहरू रहेका छन्, जसमध्ये करिब आधा सङ्ख्यामा रहेका बालश्रमिकहरू जोखिम तथा खतरानाक अवस्थामा काम गर्नेको निष्कर्ष रहको पाइन्छ । बालश्रमले बालबालिकाहरूको सर्वाङ्गीण विकासबाट बञ्चित रहेका छन् । ती बालश्रमिकहरू मनोसामाजिक तथा शारीरिक, यौन दुर्व्यवहार, हिंसा, बेचबिखन, बाध्यकारी श्रम, यौन दासताको जोखिममा रहेका छन् । सरकारी तथा गैरसरकारी तवरबाट बालश्रमलाई न्यूनीकरण गर्ने प्रयास गरिए पनि गरिबी, अशिक्षा, बालश्रमिकको बजारमा बढ्दो माग, कानुनको फितलो कार्यान्वयन आदिले बालश्रमिकहरूको समस्या समाधनमा थप चुनौतीहरू थपिदै गएको पाइन्छ ।

नेपालमा बालबालिकाहरूको प्रमुख समस्याहरूमध्ये बालश्रम पनि एक प्रमुख हो । विभिन्न तथ्याङ्कहरूले नेपालमा विगतको तुलनामा बालश्रमिकको सङ्ख्या घट्दो क्रममा रहेको देखाए पनि बालश्रम एउटा गम्भीर समस्याका रूपमा रहेको छ ।

आइएलओ र केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रमसम्बन्धी प्रतिवेदन २०२१ का अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका ११ लाख अर्थात् १५.३ प्रतिशत  बालबालिकाहरू बालश्रममा संलग्न रहेको पाइन्छ र करिब ३ प्रतिशत अर्थात् २ लाख ११ हजार बालबालिकाहरू निकृष्ट प्रकृतिका बालश्रममा आबद्ध रहेको देखाइएको छ । बालश्रमिकको उपस्थिति हेर्दा कृषि क्षेत्रले बालश्रमको ८७ प्रतिशत हिस्सा ओगटेको छ भने, कुल निकृष्ट बालश्रमको ६२.३ प्रतिशत हिस्सा यसैमा रहेको पाइन्छ ।

बालश्रमिकहरू गलैंचा उद्योग, ढुङ्गा खानी जस्ता क्षेत्रमा कम हुदै गएको छ भने सडक व्यापार, सवारीसाधन मर्मत, सामान ओसारपसार, घरायसी काम, भरिया, होटल, मनोरन्जन क्षेत्र, सीमामा अवैध सामान ओसार पसार, कपडामा जरी भर्ने तथा इँटा उद्योग जस्ता केही क्षेत्रमा बालश्रमको प्रयोग बढेको पाइन्छ ।

त्यसैगरी, राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ का अनुसार इँट्टाभट्टामा बस्ने पाँच देखि १७ बर्ष उमेर समूहका ३४,५९३ बालबालिकाहरू मध्ये १७,७३८ जना (४९ प्रतिशत) बालबालिकाहरू बालश्रममा रहेको पाइन्छ । जसमा आधाभन्दा बढी (५१ प्रतिशत) भारतीय नागरिकका बालबालिकाहरू रहेको पाइएको छ ।

मानवअधिकार आयोगको २०१९ कै एक प्रतिवेदनअनुसार ३५ हजार व्यक्ति बेचबिखनमा परेका छन् । जसमध्ये १५ हजार महिला, ५ हजार बालबालिका छन् ।

मधेश प्रदेशमा विद्यमान समस्याहरूमध्ये बालश्रम पनि एक गम्भीर समस्याको रूपमा रहेको छ । प्रत्येक बालबालिकाहरूको उचित पालनपोषण, उचित शिक्षा र मनोरञ्जन गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार

हो । तर मधेश प्रदेशमा कम उमेरमै अधिकांश बालबालिकाहरूले पढाई गर्ने उमेरमा बालश्रमिक हुने बाध्यतामा बाँच्नु परेको अवस्था छ । बालबालिकाहरूले बाल्यावस्थामै उच्च शारीरिक र मानसिक प्रयासमा आधारित श्रम गरी जीविकोपार्जन गरेको र पारिवारिक खर्चहरू धानेको अवस्था छन् । बालबालिकाहरूलाई घर, परिवारबाटै कम उमेरमै घरको जिम्मेवारी सम्हाल्न बाध्य पारिएको अवस्थाहरू छन् ।

नेपालमा बालश्रमिकहरूमध्ये सबैभन्दा बढी २४.६ प्रतिशत बालश्रमिकहरू कर्णाली प्रदेश र ११.५ प्रतिशत बालश्रमिकहरू गरी छैठौं स्थानमा मधेश प्रदेशमा बालश्रमिकहरू रहेको तथ्याङ्कले देखाएको छ । बालश्रमिकको सङ्ख्या शहरी श्रेत्रभन्दा ग्रामिण क्षेत्रहरूमा बढी रहेको पाइन्छ ।

मधेश प्रदेशमा बालबालिकाहरू विशेष गरी आन्तरिक तथा बाह्य गरी दुई तरिकाले बालश्रम गर्न बाध्य रहेका छन्। आन्तरिक बालश्रम अन्तर्गत नेपाल भरि गरिने श्रम तथा बाह्य बालश्रम भन्नाले सीमा पारी गरिने बालश्रम बुझिन्छ। आन्तरिक बालश्रम अन्तर्गत बालबालिकाहरू कृषि, ग्यारेज, इँट्टा भट्ठा, घरेलु कामदार, होटल कामदार, यातायात, उद्योग, पर्यटन, पशु बधशाला, शीत भण्डार, मनोरञ्जन (आर्कष्ट्रा), भरिया आदि जस्ता क्षेत्रहरूमा काम गरेका छन भने बाह्य बालश्रम अन्तर्गत १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूले नेपाल बाहिर गरिएको श्रम हो । बाह्य बालश्रम अन्तर्गत बालबालिकाहरू कृषि, पर्यटन, रेष्टुरेन्ट, मनोरञ्जन, सीमावारपार हुने अवैध तस्करी, भरिया, घरेलु कामदार, होटलमा कामदार जस्ता औपचारिक तथा अनौपचारिक क्षेत्रहरूमा काम गरेको पाइन्छ । मधेश प्रदेशमा उमेर नपुगी विवाह गर्नेहरूको सङ्ख्या उल्लेख्य रहेको छ । बालविवाहको कारण पारिवारको भरणपोषण गर्न बालबालिकाहरूलाई आर्थिक बोझ बढ्ने र पढाई समेत छोडी बालश्रममा लाग्नेहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दै गएको देखिन्छ ।

संरक्षण नेपालले सञ्चालन गरेको बाल हेल्पलाइन सेवा १०९८ र बालश्रम शोषण रोकथामः स्थानागमन तथा मानव बेचबिखनविरुद्ध क्षमता तथा निगरानी अभिवृद्धि परियोजनामार्फत बालश्रममा परेका तथा बेचबिखनको जोखिममा रहेका र यौन दुव्यवहार, हिंसा, घरेलु तथा होटलका बालश्रममा परेका ६० जना बालबालिकाहरूलाई भारतका विभिन्न स्थानहरूबाट स्वदेश फिर्ता गरी पारिवारिक पुनर्मिलन गरिएको छ । साथै, बालश्रम तथा बेचबिखनको जोखिममा पर्नबाट समुदाय/सीमा नाकाबाट १३० जनालाई अवरोध/रोक्ने गरी पारिवारिक पुनर्मिलन गरिएको छ, भने ११८ जनालाई अस्थायी संरक्षण सेवा प्रदान गरी पारिवारिक पुनर्मिलन गरिएको तथ्याङ्कले देखाएको छ। बेचबिखनको जोखिममा रहेको तथा बालश्रम, हिंसामा परेकाहरूलाई स्वदेश फिर्ती गरिएको र समुदाय/सीमा नाकाबाट अवरोध गरिएका बालबालिकाहरूमध्ये ४२ जनालाई शैक्षिक सहयोग, ४८ जनालाई स्वास्थ्य उपचार सहयोग, ६ जनालाई मनोसामाजिक परामर्श तथा १० जनाको परिवारलाई लघु व्यवसाय सहयोग गरिएको छ ।

आन्तरिक तथा बाह्य बालश्रममा संलग्न बालबालिकाहरू बेचबिखनको एकदमै जोखिममा रहेका पाइएको छ । हालसम्ममा स्थानीय, प्रदेश र संघीय सरकारसँग बालश्रमिकको यकिन तथ्याङ्क रहेको छैन ।

मधेश प्रदेश लगायत स्थानीय तहहरूले बालश्रम निषेध र नियमित गर्न तथा मानव बेचबिखन तथा ओसार पसार रोकथाम, पुनर्स्थापना र पुनर्मिलनसम्बन्धी कुनै कानुन, कार्यविधि, निर्देशिका पास भएका छैनन् । श्रम निषेध र नियमित गर्न तथा मानव बेचबिखन तथा ओसारपसार रोकथाम, पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय तथा जिल्ला स्तरमा व्यवस्था भएका सयन्त्रहरू पनि निष्क्रिय रहेको पाइन्छ। कतिपय स्थानीय तहहरूमा त अहिलेसम्म गठन समेत भएको छैनन् ।

सीमा नाका तथा समुदायमा मानव बेचबिखनको जोखिममा रहेका व्यक्तिहरूको पहिचान गरी कम उमेरका बालबालिकाहरूको परिवारलाई र उमेर पुगेकाहरूलाई वैकल्पिक रोजगारीको व्यवस्था गरिनु पर्छ । सोबाट परिवारको आम्दानीमा वृद्धि भई पुनः बालश्रममा फर्किने संभावना टर्छ र बालबालिकाहरूको पढाईलाई निरन्तरता गराउन सकिन्छ । राज्यस्तरमा नेपाल र भारतबीच स्वदेश फिर्तीसम्बन्धी द्विपक्षीय सम्झौता नभएकोले मानव बेचबिखनको जोखिममा रहेका तथा बालश्रमिकलाई स्वदेश फिर्तीसम्बन्धी लामो र झन्झटिलो प्रक्रिया भोग्नु परेको छ । साथै, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र

प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्डमा सम्बन्धित निकायहरूको स्पष्ट जिम्मेवारीहरू नतोकिएको कारणबाट पनि मापदण्डको प्रभावकारी कार्यान्वयमा समस्या देखिएको छ ।

नेपालले बालबालिकाको संरक्षण, सहभागिता र संवर्द्धन गर्न तथा बालश्रम निषेध र नियमित गर्न र मानव बेचबखिन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर ाष्ट्रिय सन्धि र सम्झौताहरूको पक्ष राष्ट्र भएको र विभिन्न ऐन, नीति र नियमावली पास गरी कार्यान्वयन गर्न अभ्यासरत अवस्थामा रहेको छ । ती कानुन र नियमावलीमा भएको व्यवस्था बमोजिम विभिन्न संयन्त्रहरूको व्यवस्था गरेको छ, तर कार्यान्वयन पक्ष भने फितलो रहेको छ । बालबालिकाहरूको संरक्षण र सहभागिता, शिक्षा, स्वास्थ्य, र बालश्रम र बालबालिका बेचबिखन रोकथाम, पुनर्स्थापनाको सवाल सम्बोधन गर्न स्थानीय, प्रदेश र संघीय सरकार उदासीन रहेको छ र स्थानीय, प्रदेश र संघीय सरकारले बजेट तर्जुमा, योजना तथा कार्यक्रमहरूको न्यून व्यवस्था गरिनु र व्यवस्था गरिएको बजेट पनि खर्च नगर्नु वा रकमान्तर गरिनुले पनि राज्य बालबालिकाहरूको सवालप्रति उदासिन रहेको प्रमाणित गर्दछ ।

बालबालिकाहरूको हकहित तथा सर्वाङ्गीण विकासको लागि नेपालमा व्यवस्था भएको ऐन, नियमावली, नीतिहरू र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूको बारेमा स्थानीय र प्रदेश सरकारका प्रतिनिधिहरू जानकार नहुनुले पनि बालबालिकाहरूका सवालहरूप्रति स्थानीय र प्रदेश सरकारको प्राथमिकतामा बालबालिकाहरू नपरेको ठम्याई रहेको छ ।

सरकारी र गैरसरकारी निकाय बिच प्रभावकारी समन्वय तथा सहकार्यमा कमी र आर्थिक स्रोतको कमी भई भारतबाट बालबालिकाहरू समयमै स्वदेश फिर्ता गर्न समस्याहरू रहेका छन् ।

**सुझावहरू**

- प्रदेश तथा स्थानीय सरकारहरू बालबालिकाको संरक्षण तथा सहभागिता, बालश्रम निषेध र नियमित गर्न र मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी प्रदेश तथा स्थानीय स्तरमा कानुन, नीति, निर्देशिकाहरूको व्यवस्था गर्ने ।
- स्थानीय तहले बालश्रम, असुरक्षित स्थानागमन तथा लैङ्गिक हिंसा जस्ता सामाजिक सवालहरूलाई सचेतनामूलक कार्यक्रमहरूमार्फत रोकथाम गर्न, क्षमता अभिवृद्धि गर्न, बेरोजगारहरूको तथ्याङ्क संकलन गरी बेरोजागारी तथा पीडित प्रभावितहरूको सीप विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने । साथै, न्यायिक समितिमार्फत सामाजिक सवालका घटनाहरू सम्बोधन गरिनु पर्ने ।
- नेपाल सरकारले बालश्रम निषेध र नियमित गर्न, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न तथा बालबालिकाहरूको संरक्षण र सहभागिता सुनिश्चित गर्न विभिन्न कानुनी प्रावधानहरू गरेको छ । ती कानुनहरूको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।
- स्थानीय, जिल्ला स्तर र प्रदेश स्तरमा भएको संयन्त्रहरू स्थापना (मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण जिल्ला समिति र स्थानीय समिति, वडा स्तरीय बालअधिकार समिति, पालिका स्तरीय बालअधिकार समिति र प्रदेश स्तरीय बालअधिकार समिति)को स्थापना र प्रभावकारी सञ्चालन गरिनु पर्ने ।
- कानुनमा भएका अस्पष्ट व्यवस्थाहरूलाई संसोधन गरिनु पर्ने र स्थानीय तह र प्रदेश सरकारका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई व्यापकरुपमा कानुनी सचेतीकरण गराउनु पर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न, मानव बेचबिखन तथा प्रभावितहरू, बालबालिकाहरूको संरक्षण तथा सहभागिता सुनिश्चित गर्न र बालश्रमिकहरूको आवाजलाई उठान गर्न विभिन्न समूह सञ्जाल गठन गरिनु पर्ने र उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- तीन तहकै सरकारले बालबालिकाहरूको सवालप्रति गम्भिर भई बजेट विनियोजन गरी रोकथाम, संरक्षण आदिको व्यवस्था गरिनु पर्ने ।

*(लेखक संरक्षण नेपालका पूर्व कार्यकारी निर्देशक हुन् ।)*

# सुदूरपश्चिम प्रदेशको सन्दर्भमा बालश्रमको लागि बालबालिकाहरुको बेचबिखनः अवस्था, चुनौति र सुझावहरू



✍ शान्ता राना

बालश्रम वास्तवमा बालबालिकाहरूको आधारभूत मौलिक अधिकारहरूको हनन् मात्र नभई उनीहरूको मनोसामाजिक, बौद्धिक एवं भौतिक वृद्धि विकासका अवसरबाट बञ्चित गर्नु समेत हो । यसले उनीहरूको सर्वाङ्गीण विकास मात्र नभई दीर्घकालीन रूपमा मानव सुरक्षालाई नै नकारात्मक प्रभाव पार्दछ । बालश्रमका लागि बालबालिकाहरूको ओसारपसार एव बेचबिखन हुने काम एक अन्र्तदेशीय सवाल बनिसकेका छ । विश्व विकासको परिप्रेक्ष्यबाट हेर्दा बालश्रम र बालश्रमका लागि बालबालिकाहरूको ओसारपसार एव बेचबिखन एक अमानवीय अपराध तथा जटिल समस्याका रूपमा नेपालमा समेत पहिचान भइसकेका छ । यस मुद्दालाई सम्बोधन गर्न नेपाल सरकारले संविधानतः बालबालिकासम्बन्धी ऐन लगायत विशेष कानुनहरू तर्जुमा गरी बालसंरक्षणका लागि संरचनागत व्यवस्था समेत गरेको छ । यति हुँदाहुँदै पनि बालश्रमका लागि बालबालिकाको ओसारपसार तथा बेचबिखन नियन्त्रण, रोकथाम र अन्त्य एकदम चुनौतीपूर्ण रहेको छ ।

आफन्त नेपाल (KIN Nepal) ले विगत १५ वर्षदेखि नेपाली चेलीहरूका बेचबिखन तथा शोषणविरुद्ध सक्रिय रूपमा आवागमन निगरानी, सूचना प्रवाह, परामर्शसहित पीडित तथा जोखिममा परेकाहरूलाई अवरोध तथा उद्धार गर्दै आएको छ । यी १५ वर्षहरूमा नेपालबाट भारततर्फ रोजगारका लागि जानेहरूको सङ्ख्या बढ्दै गएका छ भने यसरी जानेहरूमा नाबालकहरूको उपस्थिति पनि उकालो लागिरहेको पाइएको छ । सन् २०१९ देखि २०२३ अगस्तसम्मका विगत ५ वर्षका आफन्त नेपालका तथ्याङ्कलाई नियाल्दा संस्थाले १८ वर्ष मुनिका ४१५ जनाको उद्धार तथा ८५३ जनालाई अवरोध गरेको छ । यी मध्ये २०९ जना ता १४ वर्ष मुनिका थिए भने १,०५९ जना चाहिँ १४–१८ वर्षका थिए । ती मध्ये ११९ जनालाई सुदूरपश्चिममा संस्थाका सीमानाकामा बर्हिगमन निगरानी टोलीले सेवा दिएका थियो । आ.व. २०७९/०८० का तथ्याङ्कलाई हेर्दा आफन्त नेपालले उद्धार तथा अवरोध गरेकाहरूमध्ये ४०% चाहिँ १८ वर्ष मुनिका रहेका छन् र तीमध्ये ४२४ जना चाहिँ बालिकाहरू तथा ५८ जना चाहिँ बालकहरू रहेका छन् । गत आ.व. २०७९/८० मा आफन्त नेपालले युनिसेफ नेपाल तथा एटविनसँगको साझेदारीमा सुदूरपश्चिममा विशेषगरी, कैलालीको धनगढी तथा कञ्चनपरको कृष्णनगर एवं भीमदत्त गरी तीन पालिकाहरूमा कार्यान्वयन गरेको 'बालश्रम शोषण रोकथामका लागि आवागमन तथा बेचबिखन निगरानी तथा क्षमता सबलीकरण परियोजना' अन्र्तगत पनि १४२ जना बालक तथा बालिकाहरूलाई उद्धार एवं अवरोध गर्न सफल भएको थियो । मात्र एक वर्षको अवधिमा देखिएको यस तथ्याङ्कले नेपालको सुदूरपश्चिममा बालश्रमको लागि बालबालिकाहरूको बेचबिखनको स्थिति र सम्भावना सोचनीय रहेको अनुमान गर्न सकिन्छ ।

आफन्त नेपालले सेवा दिन सकेका यी बालबालिकाहरू बालश्रमका लागि बेचबिखन वा उच्च जोखिममा पर्नुका पछाडि रहेका कारणहरू र स्थितिहरू विविध छन् । यी कारणहरूको सम्बोधन नहुँदासम्म ती बालबालिकाहरू सुरक्षित हुन सक्दैनन् । संस्थाले सेवा प्रवाह गरिरहँदा देखा परेका केही साझा र मुख्य चनौतीहरू यसप्रकार छन्:

१) **गरिबीः** विकासको परिभाषामा बाल गरिबी भनेर उल्लेख हुने दयनीय आर्थिक अवस्थामा भएका परिवारका बालबालिकाहरू एक पटक उद्धार वा

अवरोध गरी परिवारमा फर्किएका बालबालिका फेरी अर्को स्थानमा अरु कोहीसँग श्रम/रोजगारका लागि जाने गरेका छन्। उनीहरूलाई पुनः उद्धार/अवरोध गर्नु परेको छ।

२) **काम/श्रमसम्बन्धी परम्परागत अवधारणाः** नेपालको संविधानले सामाजिक न्याय र विभेद न्यूनीकरणका लागि प्रावधान गरेको भएता पनि अझ पनि समाजमा र व्यक्तिहरूमा श्रमका विषयमा परम्परागत सोच कायम भएका पाइएको छ। कपाल काट्ने सीप र काम कुनै एक समुदाय, जाति वा पुरुषले गर्ने, खाजा/खानाको व्यवसायमा कुनै खास जाति विशेषले गर्न नसक्ने, किनकि अन्यले खाइदिँदैनन् भन्ने डर भएको पनि पाइयो। यसैगरी, किशोरी वा महिलाहरूले सिलाईकटाई अथवा सौन्दर्य सीप नरुचाउने र घर समुदायभन्दा टाढा गएर सिक्न सिकाउनका लागि अभिभावकले नमान्ने स्थिति अझै पनि छ। यी अवस्थाहरूले उद्धार भई घर फर्किएका बालबालिका वा तिनीहरूका अभिभावकहरूको जीविकोपार्जन सुधारका लागि चुनौती कायम रहेको छ।

३) **नीतिगत स्पष्टता नहुनुः** आफन्त नेपालको सन्दर्भमा, नेपाल र भारत बिच बेचबिखन, ओसारपसारको विषयमा देशको नीति तथा प्रक्रिया स्पष्ट नहुँदा सीमापार उद्धार तथा स्वदेश फिर्तिमा एकरुपता छैन। जसले गर्दा बालबालिका र अन्यका हकमा पनि कागजपत्र, दस्तावेजीकरण र प्रक्रियाहरू फरक फरक हुने गरेको छ। अतः घटना व्यवस्थापनमा कठिनाई रहेको छ।

४) **श्रम क्षेत्रमा श्रमिकहरूको कानुनी दस्तावेजीकरणको अभ्यास नहुनुः** हाल वयस्क तथा मनोरञ्जन क्षेत्रमा संलग्न श्रमिकहरूले यस विषयमा पैरवी गरिरहेका छन्। श्रम क्षेत्रमा कामदारहरूको कानुनी दस्तावेजीकरणको अभ्यास नहुँदा वा अति नै कमजोर अभ्यास हुँदा उमेर नपुगे पनि श्रमका लागि संलग्न हुने, दुर्व्यवहार र शोषणमा पर्ने वा बेचबिखनमै पर्ने अवस्था रहेको हो।

५) **सर्वाङ्गीण पुनर्एकीकरणको दृष्टिकोण नहुनुः** बालश्रमको लागि घरपरिवारले बालबालिकालाई पठाउने वा उनीहरू आफै घर छाडेर जानुको पछाडि जुन कारणहरू छन्, ती कारणहरू जस्ताको तस्तै रहे पनि उद्धार वा अवरोध गरिएकालाई पुनर्मिलन वा पुनर्एकीकरण गरिन्छ। यसले उक्त पुनर्एकीकरण वा पुनर्मिलनका सङ्ख्यात्मक उपलब्धी त हुन्छ, तर सो व्यक्ति, परिवार वा समुदायमा अडिन सक्ने सुनिश्चितता भने हुँदैन।

६) **फितलो कानुनी कार्यवाहीः** बालबालिकालाई बालश्रममा लगाउनु कानुनी अपराध हो भन्ने जानकारी भएता पनि आफ्ना छरछिमेकका वा समुदायमा अन्य बालबालिकाहरू श्रम गरिरहेको, धेरथोर आम्दानी गरिरहेको देखेर, सुनेर अभिभावक र बालबालिकाहरू श्रम/रोजगारीका लागि उत्प्रेरित भएको पाइन्छ।

७) **श्रमशोषण तथा बेचबिखनबारे अन्यौलः** बालबालिकाहरू तथा तीनका अभिभावकहरूमा श्रमशोषण तथा बेचबिखनबारे अझै पनि अवधारणगत स्पष्टता छैन। यसकारण पनि परिवारका सदस्यहरू/अभिभावकहरूले उमेर नपुगेता पनि श्रम/रोजगारीमा जान हौस्याउने गरेको पाइन्छ।

८) **पीडित/प्रभावित बालबालिकामैत्री सेवा केन्द्रको अभावः** लैङ्गिकताको दृष्टिकोणबाट महिलाहरू (बालिका तथा किशोरी समेत)का लागि सेवाप्रदायक केन्द्रहरू, संस्थाहरू जति छन्, त्यसको तुलनामा अन्यका लागि भने अति न्यून मात्र सेवा प्रदायकहरू हुने, अझ बालक वा किशोरहरूका लागि संरक्षण गृह/सुरक्षित आवास गृह नहुँदा तिनीहरूलाई आवश्यक मनोपरामर्श, गोपनीयता, आवास तथा स्याहारको अभाव नै छ।

९) **विषयगत दक्ष मानव संसाधनः** संस्थाले परियोजना कार्यान्वयन गरिरहँदा सुदरपश्चिम प्रदेशको कैलाली तथा कञ्चनपुरमा सरकार, सुरक्षा निकाय, सीमा

वारपार सञ्जाल तथा सेवा प्रदायक संस्थाहरूलाई प्रशिक्षणका लागि विभिन्न विषयमा दक्ष र अनुभवी सहजकर्ता कम सङ्ख्यामा हुनाले सहज उपलब्धता र छनौटका लागि विकल्प पनि नभएको अवस्था भोगेका थियौँ ।

यी चनौतीहरू हुँदाहुँदै पनि युनिसेफ तथा एटविन, प्रहरी एवं सीमा सुरक्षा बल, स्थानीय सरकार लगायत अन्य सेवा प्रदायक संस्था तथा निकायहरूबाट आफन्त नेपाललाई प्राप्त भएको निरन्तर सहयोग र सुझावहरूले यस अभियानमा निरन्तर लागिरहन थप प्रोत्साहन मिलेको छ ।

**केही सुझावहरू:**

केही सुझावहरू, जुन आगामी दिनहरूमा यस क्षेत्रमा कार्यक्रम वा सेवा गर्न इच्छुक अथवा कार्यरतहरूका लागि पनि सहयोगी हुन सक्दछन्, तल उल्लेख गरिएको छ:

१) **दीर्घकालीन परियोजना:** बालश्रम, श्रमशोषण तथा बेचबिखनका गम्भीरताअनुसार यसलाई सम्बोधन गर्न परियोजनाहरू सेवाग्राहीका जीवनमा सकारात्मक परिणाम ल्याउने उद्देश्यसहित दीर्घकालीन अवधिको भएमा मात्र पीडित/प्रभावितहरूले जीवनमा सकारात्मक र दीगो परिवर्तन अनुभव गर्न सक्नेछन् ।

२) **जीविकोपार्जन सहयोग:** यो सहयोग अत्यन्त आवश्यक हुने भएकोले यसको प्रभावकारिताको लागि तत्काल राहतमूखी सहयोग समेतको लामो र छोटो अवधिका सहायताहरू जस्तै, आयमूलक सीप विकास, बीउ पुँजी, व्यवस्थापन शिक्षा, प्रर्वद्धन सहयोग सँगसँगै हुनुपर्दछ । बालबालिकाहरूको रुची र अवस्था विश्लेषण गरेर उनीहरूसँग छलफल गरी उचित प्रबन्ध गरिनु पर्छ ।

३) **सचेतना अभिवृद्धि:** मानव बेचबिखन न्यूनीकरण गर्न र बालश्रमशोषण रोकथाम गर्न समुदाय स्तरमा विशेषगरी, अभिभावक र रोजगार क्षेत्रलाई यसका सामाजिक तथा कानुनी नतिजाहरू बारेमा सचेत बनाउने खालका क्रियाकलापहरू सञ्चालन गर्ने, जसबाट बालश्रमशोषण र बेचबिखनलाई न्यूनीकरण गर्न समुदायस्तरबाट नै सहयोग हुन्छ ।

४) **समुदायस्तरीय निगरानी:** बालअधिकार रक्षक, किशोरी समूह, निगरानी समूह जस्ता विभिन्न समूहमार्फत समुदायलाई बालश्रमशोषण र बेचबिखनविरुद्ध संगठित गर्न, उनीहरूका ज्ञान र अवधारणा विस्तार गर्नका लागि प्रशिक्षण दिने र परिचालन गर्ने, सबै वडा तथा टोलमा निगरानी समूह गठन गर्नसके राम्रो हुने रहेछ ।

५) **प्रभावकारी नीति, नियमन तथा कार्यान्वयन:** चाहे सीमा वारपारसम्बन्धी होस् वा राष्ट्रिय/स्थानीय नीति एवं योजनाहरू, बालश्रमका लागि बालबालिकाको ओसारपसार र बेचबिखन नियन्त्रण तथा रोकथामका लागि यी सब व्यवस्था तथा संयन्त्रहरू कार्यमुखी र परिणाममुखी बनाउनु पर्दछ । यी सबै बारे जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र निगरानी समूहका पदाधिकारीलाई पटक पटक अभिमुखीकरण गर्ने, जसले गर्दा उनीहरू यस सवालमा जानकार भई योजना तथा बजेट विनियोजन गर्न, कार्यक्रम कार्यान्वयन गर्न र रोकथाम र न्यूनीकरणका लागि प्रतिबद्ध भई क्रियाशील हुन सक्दछन् ।

६) **समन्वय, संप्रेषण र सहकार्य:** बाल श्रमशोषण र मानव बेचविखनविरुद्ध काम गरिरहेका संघसंस्था र सरकारी संयन्त्रसँग निरन्तर समन्वयले सम्प्रेषण तथा सहकार्य मार्फत चुनौतीहरूलाई सम्बोधन गर्न सहज हुन्छ ।

माथि उल्लेखित चनौतीहरू तथा सुझावहरू आफन्त नेपालको नितान्त कार्यगत अनुभव भएको हुनाले यसमा भिन्न बुझाई वा मत हुन सक्ने तथ्य यहाँ पनि लागु हुने जानकारी गराउँदछौं ।

*(लेखक आफन्त नेपाल पूर्व कार्यकारी निर्देशक हुन् ।)*

# राष्ट्रिय बालबालिका नीति, २०८०

राष्ट्रिय बालबालिका नीति, २०८० मा बालबालिकाको बेचबिखन तथा हिंसासँग सम्बन्धित प्रावधानलाई मात्र जानकारीकालागि यहाँ राखिएको छ ।

**१२. कार्यनीतिहरु**

१२.१.२ नेपालभित्र वा बाहिर बेचबिखन तथा ओसारपसारमा परेका, बेवारिसे भएका, श्रम शोषण लगायतका कसुरबाट पीडित नेपाली बालबालिकाको उद्धार र सकुशल स्वदेशफिर्ती, पुनर्स्थापना तथा पुनर्एकीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२.१.४ बालबालिकाविरुद्ध हुने बलत्कारजस्ता जघन्य अपराधमा उजुरी गर्दा हदम्यादसम्बन्धी व्यवस्थामा सुधार गरिनेछ ।

१२.२.२ बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. १०९८) को पहुँच सहजरुपमा देशभर पु¥याउन आवश्यकता अनुसारका स्थानमा यी सेवा बिस्तार गरी प्रभावकारी परिचालन गरिनेछ ।

१२.२.३ विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, हिंसा, शोषण तथा जोखिमको उजुरी गर्न अनलाइन तथा अफलाइन उजुरी प्रणालीको सरल र सहज व्यवस्थापन गरिनेछ ।

१२.२.४ बालअधिकार संरक्षण र संवर्धनका लागि संघ, प्रदेशमा कार्यरत जनशक्तिका साथै स्थानीय तहका बाल कल्याण अधिकारी, समाजसेवी, बाल मनोविज्ञ तथा प्रोवेशन अधिकारीको क्षमता अभिवृद्धि गरिनेछ ।

१२.२.५ बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी तथा सामाजिक संस्थालाई बालअधिकार संरक्षण र प्रवर्धन गर्ने कार्यमा प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२.२.६ संघ, प्रदेश र स्थानीय तहमा समन्वयात्मक रुपले बालबालिकासम्बन्धी खण्डीकृत सूचना प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गरिनेछ ।

**रणनीति ११.३: विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।**

**१२.३ कार्यनीति**

१२.३.१ बाल संरक्षणसम्बन्धी प्रभावकारी तथा समन्वयात्मक सेवा प्रवाहका लागि बाल संरक्षण संयन्त्रबिचको समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।

१२.३.२ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका र हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि स्थानीय तहमा बाल कोषको स्थापना र परिचालनमा जोड दिइने छ । बालसंरक्षण तथा पुनर्स्थापनाका क्षेत्रमा स्थानीय र प्रदेश सरकारको लगानीलाई प्रोत्साहित गरिनेछ ।

१२.३.४ हिंसा, दुर्व्यहार र कसूरबाट पीडित तथा प्रभावित, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राज्यबाट विशेष राहत, उद्धार, क्षतिपूर्ति, तत्काल संरक्षण तथा व्यवस्थापन, उपचार सहायता लगायतका सेवा सुविधाको व्यवस्था गरिनेछ ।

१२.३.६ बालगृहहरुको नियमित अनुगमन गरी कानूनविपरीत बालगृहमा राखिएका बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिने छ । बालबालिकालाई कानूनविपरीप ओसार पसार गर्ने व्यक्ति एवं संस्थालाई कानूनी दायरामा ल्याइनेछ ।

१२.३.७ संघ, प्रदेश र स्थानीय तहबाट सडक बालबालिका, बालश्रमिक, लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि निजी क्षेत्र, गैरसरकारी संघसंस्था तथा समुदायसँग समन्वय तथा सहकार्य गरी निरोधात्मक, उपचारात्मक,

मनोविमर्शात्मक उपायका साथै सिपमूलक तालिम तथा पुनर्स्थापना लगायतका कार्य सञ्चालन गरिनेछ ।

१२.३.८ सबै प्रकारका बालश्रम निवारणका लागि संघ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१२.३.१० बाबुआमा तथा अभिभावकविहीन र हेरचाह गर्ने कोही पनि नभएका, विपन्न एकल अविभावकका बालबालिका, कैद सजाय भोगिरहेका अविभावकसँग आश्रित बालबालिका, बाबुआमा फेला गर्न नसकेका बालबालिकाको अविभावकत्व सरकारले ग्रहण गरी वैकल्पिक स्याहार तथा आवश्यक संरक्षणका लागि पारिवारिक सहयोगको व्यवस्था गरिने छ ।

१२.३.१२ विपद्को समयमा बाल संरक्षण, पूर्वतयारी तथा प्रतिकार्य प्रणाली प्रभावकारी बनाइनेछ ।

१२.३.१३ नेपालभित्र फेलापरेका कसूर पीडित तथा बेवारिसे विदेशी बालबालिकालाई निजको आफ्नो देश फिर्तिका लागि समन्वय र सहजीकरण गरिनेछ ।

१२.४.२ बालबालिकाको जोखिम नक्साङ्कन प्रणाली र सूचकको निमार्ण गरी जोखिम नक्साङ्कनको आधारमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१२.४.३ जोखिममा रहेका बालबालिकाको जोखिम न्यूनीकरणका लागि स्थानीय तहको बालकोषको परिचालन गरिनेछ ।

१२.४.४ बालबालिकाको आवगमनलाई सुरक्षित गर्न सीमा नाका, बसपार्क तथा सहरका प्रवेशद्वारमा प्रहरीबाट हुने चेकजाँचलाई बालमैत्री तथा बाल संरक्षण लक्षित बनाइनेछ ।

१२.४.९ विपद्को समयमा बालबालिकाको जोखिम मुल्याङ्कन, सेवा प्रवाहको व्यवस्था र संरक्षण तथा अनुगमनका लागि स्थानीय स्तरमा बाल संरक्षण समूहको गठन गरी स्वयंसेवक परिचालन गरिनेछ ।

१२.३.९ बलात्कार, बाध्यात्मक बसाइसराइ, बालश्रम तथा बेचबिखनजस्ता सवालसमेत बाल विवाहसँगै जोडिएर आउने भएकोले यस्तो कार्य गर्ने, गराउने, प्रोत्साहन गर्ने वा बाल विवाहमा सहभागी हुनेसमेतलाई कानूनी दायरामा ल्याइनेछ ।

**रणनीति ११.६ः बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न संघ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने ।**

**१२.४ कार्यनीति**

१२.४.१ शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनको अन्त्यका लागि संघ, प्रदेश, स्थानीय तहका बाल अधिकार तथा संरक्षण संयन्त्रहरु, सञ्चार माध्यम, निजी क्षेत्र, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ ।

१२.४.२ स्थानीय तहमा नै शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनसम्बन्धी घटनाको सूचना, जानकारी वा उजुरी दिन व्यक्ति, परिवार, समुदाय वा जोसुकैलाई प्रोत्साहन गरिनेछ र प्रतिकार्य चुस्त दुरुस्त बनाइनेछ ।

१२.४.३ शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यहार, बालश्रम, बालबालिकाको ओसार पसार तथा बेचबिखनका कारण जोखिममा परेका बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाई कानूनी प्रतिरक्षा गरिनेछ ।

१२.४.६ सबै स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह बनाउँदै लगिनेछ । बालबालिका विरुद्धको विद्युतीय माध्यमबाट हुने दुर्व्यहार अन्त्यका लागि अनलाइन बाल सुरक्षासम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गरिनेछ ।

१२.६.५ विद्यायल, अस्थायी संरक्षण केन्द्र, पुनस्थार्पना केन्द्र, बाल सुधार गृह, वैकल्पिक हेरचाह तथा बालगृहमा बालबालिकाको सहभागिता र विचारको सुनवाइ हुने व्यवस्था लागु गरिनेछ।

*स्रोतः राष्ट्रिय बालबालिका नीति, २०८०*

# एटविनको संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन

(समय अवधिः १ श्रावण २०७९ देखि ३१ असार २०८० सम्म)

| क्र.स | मिति | क्रियाकलाप | स्थान/सहभागी संख्या |
|---|---|---|---|
| | **संस्थागत** | | |
| १ | ३० भदौ २०७९ | **सामाजिक लेखा परिक्षण** | बुद्धनगर, काठमाडौं जम्मा -६० |
| २ | ३० भदौ २०७९ | **१९औं वार्षिक साधारण सभा** | बुद्धनगर, काठमाडौं जम्मा - ३४ |
| ३ | १६ साउन २०७९ | **प्रतिनिधि सभाको कानून, न्याय तथा मानवअधिकार समितिको बैठकमा प्रस्तुती**<br>संघीय संसद र राष्ट्रिय सभाका सदस्यहरूसँगको अन्तरक्रिया कार्यक्रमपछि नेपालमा पलेर्मो प्रोटोकलको कार्यान्वयन सम्बन्धि प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा एटविनलाई आमन्त्रण गरिएको थियो । बैठकमा समितिका सभापति माननीय कृष्ण भक्त पोखरेल, समिति सदस्यहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री उमा रेग्मी लगायत सचिव, गृह मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघसंस्थाहरुको उपस्थिति थियो ।<br>बैठकमा एटविनले मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय नीति तर्जुमा, मानव बेचबिखनबाट पीडित/प्रभावितको उद्धार र स्वदेश फिर्ती गर्ने निर्देशिका, मनोरञ्जन क्षेत्रबाट श्रम तथा यौन शोषण अन्त्य गर्ने र त्यसलाई नियमन गर्ने, मानव तस्करी सम्बन्धी कानुन निर्माण गर्ने, पीडितमैत्री कानुन र संयन्त्र जस्ता मानव बेचबिखन न्यूनीकरणका नीतिगत विषयहरूमा ध्यानाकर्षण गराएको थियो । | सिंहदरबार, काठमाडौं जिल्ला |
| ४ | २० भदौ २०७९ | **मानव बचेबिखन तथा ओसारपसार विरुद्ध १६औं राष्ट्रिय दिवस र्‍याली, २०७९**<br>एटविनको पहल र संयोजनमा विभिन्न संघसंस्थासँग समन्वय र आर्थिक सहयोगमा नागरिक समाजको ऱ्यालीको आयोजना गरेको थियो । र्‍यालीलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव डिल्लीराम शर्माले सम्बोधन गर्नु भएको थियो । ऱ्यालीमा ५२ संस्था र सञ्जालले मुख्य ब्यानरमा आफ्नो लोगोका साथ ऐक्यवद्धता जनाएका थिए भने करिब ५०० जनाको सहभागिता रहेको थियो । | काठमाडौं |
| | | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आयोजना गरेको मुख्य समारोहमा पनि एटविनले सहभागीता जनाएको थियो । कार्यक्रममा नागरिक समाजको तर्फबाट एटविनका अध्यक्ष सीता पौड्यालले मन्तव्य दिनु भएको थियो । मूल समारोहको व्यवस्थापन समितिको सदस्य र सम्मान तथा पुरस्कार सिफारिस उपसमितिको संयोजकको भुमिका निर्वाह गरेको थियो । | |
| ५ | २०७९ मंसिर १५ | **मानव बेचबिखन विरुद्धको नमूना प्रदेश नीति हस्तान्तरण**<br>एटविनले तयार गरेको मानव बेचबिखन विरुद्धको नमूना प्रदेश नीति मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रतिनिधिलाई अध्यक्ष सीता पौड्यालले जनकपुर हस्तान्तरण गरेको थियो । यस सहित एटविनले सातै प्रदेशमा नमूना प्रादेशिक नीति हस्तान्तरण सम्पन्न गरेको छ । | जनकपुर, धनुषा |
| ६ | | **नियमित त्रैमासिक बैठक - २ पटक** | काठमाडौं |
| ७ | २०७९ चैत्र २१ | **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय नीति तर्जुमा समितिमा मनोनयन र बैठकमा सहभागिता** | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ८ | २०७९ माघ ६ | **NACG नेपालको नेतृत्व हस्तान्तरण**<br>एटविनले NACG नेपालको दुई वर्षे नेतृत्व सफलतापूर्वक पुरा गरि यसको साधारण सभा मार्फत यसको सह अध्यक्षता गरि रहेको सदस्य संजाल कन्सोर्टियम नेपाललाई आगामी कार्यकालकालागि नेतृत्व हस्तान्तरण गरेको छ । | काठमाडौं |
| **परियोजना तथा साझेदारको नामः Amplifying Voices for Dignified Life and Decent Work/विमेन फण्ड एसिया** | | | |
| १ | १३ साउन २०७९ | **"मानव बेचबिखन न्यूनीकरणमा नीति निर्माणकर्ताको भूमिका" अन्तरक्रिया कार्यक्रम**<br>मानव बेचबिखन विरुद्धको कानून, नीति र पीडित/प्रभावितहरुको संरक्षण र मनोरञ्जन क्षेत्रमा बेचबिखन तथा शोषणको जोखिम न्यूनीकरणका लागि वकालत गर्न संघीय स्तरका नीति निर्माणकर्ताहरूसँगको कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको प्रमुख अतिथि प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिका सभापति माननीय कृष्णभक्त पोखरेल थिए । कार्यक्रममा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरुको सहभागिता रहेको थियो ।<br>माननीय पोखरेलले संसदबाट प्रोटोकल बमोजिम ऐन संशोधन र कार्ययोजना निर्माणमा भएको प्रगतिबारे तत्काल समितिलाई जानकारी गराउन बारम्बार निर्देशन दिएको बताए । उहाँले छिटै एटविन र अन्य संस्थालाई गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग बैठक बोलाएर छलफल गर्ने प्रतिबद्धता जनाएका थिए । | नयाँ बानेश्वर, काठमाडौं<br>जम्मा - ६४ |
| २ | ८-१० भदौ २०७९ | **मानव बेचबिखन विरुद्ध अवधारणागत स्पष्टता सम्बन्धी प्रशिक्षण**<br>मानव बेचबिखन विरुद्धको अभियानमा थप टेवा पुऱ्याउन सक्ने श्रोत व्यक्तिहरुको विकास गरी मानव बेचबिखन र शोषणका अन्य प्रकारको अवधारणालाई थप स्पष्ट पार्ने उद्देश्यले सदस्य संस्थाहरुकालागि प्रशिक्षणको आयोजना गरिएको थियो । | धुलिखेल, काभ्रे<br>जम्मा - ३८ |
| ३ | १५ भदौ २०७९ | **"मानव बेचबिखन न्यूनीकरणमा सरकारी निकायको भूमिका" संवाद कार्यक्रम**<br>मानव बेचबिखन विरुद्धको १६औं राष्ट्रिय दिवसको सन्दर्भमा मानव बेचबिखन न्यूनीकरणमा सम्बद्ध सरकारी निकायको भूमिकालाई प्रभावकारी बनाउनका लागि विभिन्न सरकारी सरोकारवालासंग संवाद कार्यक्रमको आयोजना गरिएको थियो । | हनुमानस्थान, काठमाडौं<br>जम्मा - ४७ |
| ४ | २० भदौ २०७९ | **टेलिभिजन कार्यक्रमः मानव बेचबिखन न्यूनीकरणमा तीन तहको सरकारको भुमिका**<br>मानव बेचबिखन तथा ओसारपसार विरुद्ध १६औं राष्ट्रिय दिवस, २०७९को सन्दर्भमा "मानव बेचबिखन न्यूनीकरणमा तीन तहको सरकारको भुमिका" विषयमा हिमालयन टीभीमा कार्यक्रम सन्चालन गरिएको थियो । | काठमाडौं |
| ५ | २१ भदौ २०७९ | **"मानव बेचबिखनबाट प्रभावितहरुका सवाल पहिचान" छलफल बैठक**<br>मानव बेचबिखनबाट प्रभावित व्यक्तिहरूका समस्याहरू पहिचान गरि आगामी दिनहरूमा वकालत गर्ने उद्देश्यका साथ शक्ति समूहको समन्वयमा मानव बेचबिखनबाट प्रभावितहरुको राष्ट्रिय सञ्जालसँग बैठक आयोजना गरेको थियो । | गौशाला, काठमाडौं<br>जम्मा - २० |
| ६ | २८ भदौ २०७९ | **"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४को संशोधन" परामर्श गोष्ठी**<br>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई पर्लेमो प्रोटोकल रसंघीय संरचना अनुरूप परिमार्जन गर्न कार्यशालाको आयोजना गरिएको थियो । | बुद्धनगर, काठमाडौं<br>जम्मा - ४८ |
| ७ | ३१ भदौ- २ असोज २०७९ | **"संस्थागत विकास तथा रणनीतिक योजनाको समीक्षा तथा निर्माण" कार्यशाला गोष्ठी**<br>एटविनले आफ्नो विद्यमान ३ वर्षे रणनीति योजनाको समीक्षा गर्न र आफ्नो नयाँ संस्थागत विकास तथा रणनीतिक योजना २०२३-२०२६ को विकास गर्न कार्यशालाा बैठक आयोजना गरेको थियो । चौथो रणनीति योजना २०२०-२०२२ को पनि समीक्षा गरिएको थियो । | धुलिखेल, काभ्रे<br>जम्मा - ३७ |
| ८ | ४ असोज २०७९ | **"मनोरञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकहरुका सवाल पहिचान" छलफल बैठक**<br>काठमाडौं बाहिरका मनोरञ्जन क्षेत्र र महिला श्रमिकको अवस्था, तिनका समस्या र चुनौतिहरू बुझ्ने, थप वकालतका लागि मुद्दाहरू पहिचान गर्ने रहेको थियो । बैठकमा विश्वाश नेपालले गठन गरेका मनोरञ्जन तथा सत्कार क्षेत्रमा कार्यरत श्रमिकहरुको राष्ट्रिय र प्रादेशिक संजालका सदस्यहरुको सहभागिता थियो । | पोखरा, कास्की<br>जम्मा - २० |

| | | | |
|---|---|---|---|
| ९ | २३ - २४ कार्तिक २०७९ | **"मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय कार्ययोजना" परामर्श कार्यशाला**<br>आगामी कार्ययोजनालाई प्रभावकारी र पीडित /प्रभावितमैत्री बनाउन प्रभावित र सम्बन्धित संघसंस्थाहरु र सरोकारवालाहरूबाट सिफारिसहरू सङ्कलन गर्न दुई दिने परामर्श कार्यशाला आयोजना गरेको थियो । | गोदावरी, ललितपुर जम्मा - ४२ |
| १० | १२ मंसिर २०७९ | **"मानव बेचबिखन अन्त्यका लागि संचारको भूमिका" संवाद कार्यक्रम**<br>मानव बेचबिखनको अन्त्य गर्न सञ्चारकर्मीको भूमिकालाई उजागर गर्न र संचार विश्लेषणका निष्कर्षहरू सरोकारवालाहरूलाई जानकारी गराउन संचारकर्मीहरुसंग संवाद कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा वरिष्ठ पत्रकार विजय पौडेलले मिडिया विश्लेषण २०७८ को निष्कर्षको प्रस्तुति गरेका थिए । | झम्सीखेल, ललितपुर जम्मा - २९ |
| ११ | कार्तिक २०७९ | **संचार अनुगमनको वार्षिक विश्लेषण २०७८**<br>२०७८ सालमा छापा तथा अनलाइनमा प्रकाशित मानव बेचबिखन, वैदेशिक रोजगारी र मानव तस्करी सम्बन्धी समाचार, लेखको अनुगमन र विश्लेषण गरेको थियो । विश्लेषणको महत्वपूर्ण उद्देश्य मानव बेचबिखन सम्बन्धी समाचारलाई सञ्चारमाध्यमले दिएको प्राथमिकता र मानव बेचबिखनसम्बन्धी संवेदनशील मुद्दाको रिपोर्टिङ गर्दा पत्रकारिता आचारसंहिताको पालना सम्बन्धि जानकारी हासिल गर्नु थियो । | काठमाडौं |
| १२ | ५ असार २०८० | **"मानव बेचबिखन तथा मानव तस्करी" विषयक अन्तरक्रिया कार्यक्रम**<br>मानव बेचबिखन तथा मानव तस्करीका विषयमा सरोकारवालाहरूबीच अवधारणगत स्पष्टता ल्याउनका साथै आगामी दिनमा मानव तस्करीविरुद्ध चाल्नुपर्ने कदमबारे छलफल गर्न अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । डा. मीना पौडेलले आप्रवासनको ढाँचा मार्फत मानव तस्करी र मानव बेचबिखन बारेमा छलफल, अनियमित आप्रवासनका प्रकारहरू, यस बीचको आधारभूत सम्बन्ध र भिन्नताहरूमा स्पष्टता ल्याउनका लागि छलफल भएको थियो । | गोदावरी, ललितपुर जम्मा - ५१ |
| १३ | ७-असार २०८० | **"मानव बेचबिखनबाट प्रभावितहरूको मुद्दा पहिचान" बन्द कार्यशाला गोष्ठी**<br>मानव बेचविखनबाट प्रभावित महिलाहरूको दृष्टिकोणबाट उनीहरूका समस्या, चुनौति र सिकाईबारे बुझ्न, विशेषतः सशक्तिकरणउन्मुख समस्या समाधानका उपायहरूको पहिचान र बेचविखनबाट प्रभावित महिलाहरूको वकालत र पैरवीका लागि सवाल पहिचान गर्नका लागि कार्यशालाको आयोजना गरिएको थियो । सहभागीहरूले उद्धार, स्वदेश फिर्ता, पुनर्स्थापना र पुनएकीकरणको प्रक्रियामा सामना गरेका आफ्ना भोगाइ साझा गरेका थिए । | गोदावरी, ललितपुर जम्मा - २४ |
| १४ | १५ असार २०८० | **टिभी कार्यक्रम - बाल श्रम तथा बालबालिकाको बेचबिखन**<br>बालश्रम विरुद्धको विश्व दिवसको सन्दर्भमा बालबालिकाको बेचबिखन र बालश्रमको विषयमा टेलिभिजन कार्यक्रममा छलफल गरिएको थियो । कार्यक्रमका वक्ताका रुपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका बाल श्रमका उपसचिव अम्बिका अधिकारी र बालअधिकार अभियन्ता मिलन धरेल थिए । | काठमाडौ |
| १५ | १७ असार २०८० | **"मनोरञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकहरूका सवाल पहिचान" छलफल बैठक**<br>मधेस प्रदेशमा मनोरञ्जन क्षेत्रको अवस्था र त्यहाँ कार्यरत महिला श्रमिकहरूको अवस्था बुझ्नका लागि छलफल बैठक आयोजना गरेको थियो । | वीरगञ्ज, पर्सा जम्मा - २५ |
| १६ | १७ -२४ असार २०८० | **अध्ययन भ्रमण**<br>कोलकातामा मानव बेचबिखन, विशेष गरी नेपाली युवती र महिलाको बेचबिखन र त्यहाँ मानव बेचबिखन विरुद्ध कार्यरत संघसंस्था र सञ्जालहरूले कसरी काम गरिरहेका छन् भन्ने बारेमा बुझ्न सिकाइ भ्रमणको आयोजना गरिएको थियो । भ्रमणमा कोलकातामा कार्यरत सन्लापको संरक्षण गृह, संजोग र मानव बेचबिखन विरुद्धको सञ्जाल पार्टनर्स फर एन्टी ट्राफिकिङ (एब्त)का सदस्य संस्थाहरु र बेचबिखनका प्रभावितहरुसँग अन्तरक्रिया गरिएको थियो । साथै, मानव बेचबिखनको परिदृश्य अवलोकन गर्न खिद्दिरपुरको रेडलाइट क्षेत्र भ्रमण र नेपालीहरुको अवस्थाबारे बुझ्न कोलकाताको नेपाल महावाणिज्य दूतावाससंगको बैठकमा छलफल गरिएको थियो । | कोलकाता, भारत जम्मा - १२ |

| | | | |
|---|---|---|---|
| १७ | साउन २०७९-असार २०८० | **एटविन सूचना तथा स्रोत केन्द्र**<br>प्रयोग कर्ता: ६२<br>विविध प्रकाशनहरू प्राप्त: ५३३<br>विविध प्रकाशनहरू वितरण: १९,१८५ | काठमाडौं तथा विभिन्न जिल्लाहरू |
| **परियोजना तथा साझेदारको नाम: बालश्रम शोषण रोकथाम: स्थानगमन तथा बेचबिखन विरुद्ध क्षमता तथा निगरानी सुदृढीकरण/युनिसेफ नेपाल**<br>कार्यान्वयन संस्थाहरू: संरक्षण नेपाल, शक्ती समुह र आफन्त नेपाल | | | |
| १८ | २०७९ भदौ ३० देखि २०८० असार ३० सम्म | **मानव बेचबिखन र बालश्रम शोषणका जोखिममा रहेकालाई अवरोध, पुनर्मिलन तथा फिर्ती**<br>मानव बेचबिखन र बालश्रम शोषणका जोखिममा रहेका तथा पिडितहरू ३८१ जना लाई अवरोध गरियो, ३९३ जना लाई पुनर्मिलन गरियो । जोखिममा परेकाहरू र बेचबिखन पीडितहरूलाई सीमानाका तथा समुदायमा रोक्नका लागि तथा जनचेतना फैलाउनका लागी जानकारीमुलक फ्लायर प्रकाशन गरियो । | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका ११ वटा स्थानीय तह |
| १९ | २०७९ भदौ ३० - २०८० असार ३० | **जिविकोपार्जन सहयोग लगायत सामाजिक पुनःएकीकरण र पुर्नस्थापना**<br>यस अवधिमा मानव बेचबिखन र बालश्रम शोषणका जोखिममा रहेका तथा पिडितहरू ३९३ जनालाई पुनःएकीकरण गरीयो र १४ जनालाई जिविकोपार्जन सहयोग दिईयो । | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश |
| २० | २०७९ भदौ ३० - २०८० असार ३० | **जिविकोपार्जन सहयोग मार्फत सिप विकास तालिम**<br>मानव बेचबिखन र बालश्रम शोषणका जोखिममा रहेका तथा पिडितहरू २२ जनालाई सिप विकास तालिम दिईयो | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश |
| २१ | २०७९ मंसिर २३-फागुन २ २०७९ | **रोकथाम/अवरोध/फिर्ता/पुर्नमिलन/पुनःएकीकरण/परामर्श सम्बन्धी तालिम (३ वटा)**<br>सिमा तथा समुदायमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा कार्यरत सामाजिक संघसंस्था, नागरिक समाजका प्रतिनिधिहरुलाई रोकथाम/अवरोध/फिर्ता/पुर्नमिलन/ पुनःएकीकरण/ परामर्श सम्बन्धी २ दिने आवासिय तालिम सम्पन्न । | रूपन्देही, पर्सा र कञ्चनपुर जम्मा- ११३ |
| २२ | २०७९ माघ २८ - चैत्र २७ २०७९ | **अवरोध, परामर्श र सम्प्रेशण सम्बन्धी अभिमूखिकरण कार्यक्रम (३ वटा)**<br>सीमा नाकामा कार्यरत सुरक्षाकर्मीहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, समुदाय प्रहरी, नेपाली सेना) लाई मानव बेचबिखन, बाल श्रम शोषण र स्थानागमन सम्बन्धमा हुने अवरोध, परामर्श र सम्प्रेषण सम्बन्धी वर्तमान अवस्था तथा प्रभावकारी रूपमा अवरोध, परामर्श तथा सम्प्रेषण कसरी गर्न सकिन्छ भन्ने विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । | रूपन्देही, पर्सा र कञ्चनपुर जम्मा- १०३ |
| २३ | २०७९ मंसिर २४- फागुन १२ | **श्रम शोषणसंग सम्बन्धित स्थानगमन तथा मानव बेचबिखनका मुद्दाहरू सम्बोधनका लागि बालश्रम र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम (११ वटा)**<br>निर्वाचित स्थानीय सरकार, सरकारी कर्मचारीहरू, बालसंरक्षण समिति, बाल अधिकार समिति, नागरिक समाजका प्रतिनिधिहरूलाई श्रम शोषण संग सम्बन्धित स्थानागमन र मानव बेचबिखनका मुद्दाहरू सम्बोधनका लागि बाल श्रम र लैङ्गिक हिंसा अन्त्यकालागि अभिमुखीकरण गर्न परियोजना कार्यान्वयन भएका स्थानिय स्तरमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । कार्यक्रमहरूमा पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, शाखाका कर्मचारी आदिको सहभागीता थियो । | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका ११ वटा स्थानीय तह जम्मा- ३०५ |
| २४ | २०७९ पुस २२ -चैत्र १३ | **श्रम सम्बन्धी बेचबिखनका मुदाहरूलाई रोक्न र सम्बोधन गर्न समन्वय सन्यत्रको स्थापना (१० वटा)**<br>श्रम शोषण र बेचबिखन सम्बन्धि समस्याहरूलाई रोक्न र सम्बोधन गर्न पालिकास्तरमा मानव बेचबिखन विरूद्ध तथा बाल संरक्षणका समितिहरू स्थापना/पुनः सक्रिय गरिएका थिए र स्थानिय स्तरमा मानव बेचबिखन, बाल श्रम शोषण र स्थानागमनको रोकथामको लागि समन्वय संयन्त्रको स्थापना गरिएको थियो । | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश जम्मा- १५५ |

| | | | |
|---|---|---|---|
| २५ | २०७९ मंसिर १४- चैत्र १४ | **विद्यमान भारत नेपाल बाल संरक्षण मञ्चलाई बलियो बनाउन र समापार सहकार्यलाई सहज बनाउन क्रसबोर्डर अन्तरक्रिया कार्यक्रम (३ वटा)**<br>भारत-नेपाल सीमापार सहकार्यलाई प्रभावकारी बनाउन मानव बेचबिखन, बाल श्रम शोषण र स्थानागमनको अवस्थामा आदानप्रदान गरी आगामी दिनमा यस बिषयमा प्रभावकारी समन्वय गर्न क्रस बोर्डर कार्यक्रमहरू सञ्चालन गरियो । कार्यक्रमहरूमा चाइल्ड् वेलफेयर कमिटि भारत, भारतीय पुलिस, नेपाल प्रहरी, रिड्स ईन्डिया, प्रयास भारत, एन्टी ह्युमन ट्रफिकिङ युनिट भारत, र भारतमा रहेका सम्बन्धित संस्थाहरू, मिडिया लगायतका प्रतिनिधिहरूको उपस्थिती थियो । | वीरगंज, पर्सा, महेन्द्रनगर, कञ्चनपुर, नेपालगञ्ज, बाँके<br>जम्मा- ९६ |
| २६ | २०७९ पौष २३-१९ माघ | **बालश्रम शोषणको रोकथाम, प्रारम्भिक पहिचान र सम्प्रेषण संकायलाई चलायमान बनाउन, स्थिति अनुगमन र प्रारम्भिक चेतावनी संयन्त्रको स्थापना गर्ने (११ वटा)**<br>श्रम शोषण र बेचबिखन सम्बन्धी समस्याहरूलाई रोक्न र सम्बोधन गर्न स्थानीय स्तरमा रहेका समूहहरू सक्रिय गराईएका थिए/स्थापना गरिएका थिए । समुदायमै बाल श्रम तथा बेचबिखनका तथा बाल श्रम शोषणका घटना रोक्न, जानकारी तथा रेफरल गर्नका लागी समुहहरू स्थापना गरिएका थिए । | मधेस, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश<br>जम्मा- १३२ |
| २७ | २०७९ पौष १ -२०८० असार १५ | **सेवा प्रदायक र सम्बन्धित सरोकारवालाहरूको सूची सहितको पुस्तिका प्रकाशन**<br>बाल संरक्षण, लैङ्गिक हिंसा, बेचबिखन बारे जानकारी समावेश भएको सम्प्रेषण निर्देशिका निर्माण गरियो । यसमा सातै प्रदेशको सरकारी तथा गैर सरकारी सेवा प्रदायकहरूको सूची, ठेगाना, सम्पर्क नम्बर र सम्बन्धित प्रदेशमा ती निकायहरूबाट प्रदान गरिने विभिन्न सेवाहरूको जानकारी समावेश रहेको छ । | काठमाडौं (५०० प्रति) |
| २८ | २०७९ माघ २२ - १७ फागुन | **बेचबिखन र बाल श्रम शोषण विरूद्ध सक्रिय जनशक्ति निमार्णका लागि प्रशिक्षण (३ वटा)**<br>नागरिक समाजका प्रतिनिधिहरुलाई मानव बेचबिखन, श्रम शोषण र स्थानगमन सम्बन्धी मुद्दाहरूको अवधारणागत स्पष्टता गराई यसको रोकथामका निम्ती क्षमता अभिवृद्धि गर्नको लागी प्रशिक्षण सञ्चालन गरियो । यसको उद्देश्य मानव बेचबिखन, श्रम शोषण र स्थानगमन सम्बन्धी मुद्दाहरूलाई अझ प्रभावकारी ढंगले सम्बोधन गर्न सहयोगी तथा सक्रिय जनशक्ति निर्माण गर्ने थियो । | वीरगंज, पर्सा, बुटवल, रूपन्देही,महेन्द्रनगर, कञ्चनपुर<br>जम्मा- ६८ |
| २९ | २०८० बैशाख १० | **प्रमाणमा आधारित वकालतकालागि निति तथा कानूनी वातावरणलाई सुदृढीकरण गर्न राष्ट्रियस्तरको परामर्श कार्यक्रम**<br>परियोजना अन्तर्गतका तथ्याङ्क तथा सम्बन्धित संस्थाहरू, लाभग्राहीहरू र सरोकारवालाहरूसंग लिईएको तथ्याङ्कलाई विश्लेषण गरी विभिन्न सरोकारवाला जस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय, मानव बेचबिखन अनुसन्धान ब्युरो, ट्रड युनियन, संघ संस्था आदि सरोकारवालाहरू समक्ष आगामी दिनहरूमा सम्बोधनकालागि प्रस्तुती गरिएको थियो । | काठामाडौं<br>जम्मा- ३८ |
| ३० | २०७९ पौष १ - २०८० असार १५ | **जोखिममा परेका बालबालिका, परिवार र बेचबिखन पिडितहरूलाई सम्बोधनका लागि बजेट र योजनाको लागि स्थानीय सरकारसंग वकालत**<br>नेपाल सरकारको स्थानीय तहको बजेट र योजनाका प्रावधानहरूको बारेमा वकालतका लागि, एटविनले नेपालका सबै प्रादेशिक सरकारहरू तथा स्थानिय सरकारहरूसँग यस बिषयमा उपलब्ध/विनियोजित बजेट बारे जानकारी गराउन तथा पैरवीकालागी एक पुस्तिका तयार गरियो र यस पुस्तिकाको माध्यमबाट सम्बन्धित विषयको लागि बजेट विनियोजन गर्नको लागि वकालत गर्नु भयो । | मधेस, बागमती, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश |
| ३१ | २०७९ मंसिर ०८ देखि मंसिर १५ | **सरोकारवालाहरूसंग प्रदेशस्तरीय परियोजना परिचयात्मक बैठक**<br>प्रदेश स्तरीय सरकारी तथा गैर सरकारी सरोकारवालाहरूलाई परियोजनाबारे जानकारी गराउने र विद्यमान अवस्थाबारे छलफल गर्ने, बालश्रम शोषण, स्थानागमन र मानव बेचबिखन सम्बन्धित सरोकारवालाहरूलाई संबेदनशील बनाउन र आगामी दिनमा समन्वय तथा संयोजनकालागि बैठकहरूको आयोजना गरिएको थियो । | बुटवल, महेन्द्रनगर र जनकपुरधाम<br>जम्मा- ८३ |

| | | | |
|---|---|---|---|
| ३२ | २०७९ मंसिर २० | **राष्ट्रियस्तरीय परियोजना परिचयात्मक बैठक**<br>परियोजनाका बारेमा जानकारी प्रदान गर्न, बालश्रम शोषण, स्थानगमन र बेचबिखन रोकथाम, पहिचान र सम्बोधन गर्ने र आवश्यक समन्वय र संयोजनका लागि राष्ट्रिय स्तरमा परामर्श बैठक आयोजना गरियो । बैठक सरोकारवाला सरकारी निकाय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्था, संचारकर्मी, आईएलओ तथा साझेदार संस्थाहरूको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं जम्मा- ४३ |
| | **विविध** | | |
| ३३ | २०७९ पुस ११ | **मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने आलेख (पर्लेमो प्रोटोकल) र यसको कार्यान्वयन**<br>आलेखको प्रभावकारी कार्यान्वयनको उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) शाखाको प्रमुख उपसचिव मीना पौड्याल र मानव बेचबिखन अनुसन्धान ब्यूरोका प्रमुख एसएसपी अनुराग द्विवेदीको उपस्थिती रहेको थियो । स्रोतव्यक्तिको रुपमा वरिष्ठ अधिवक्ता गीताले प्रस्तुती गर्नु भएको थियो । | नयाँ बानेश्वर, काठमाडौं जम्मा- ६१ |
| | **सह आयोजक** | | |
| १ | २२ भदौ २०७९ | **“मानव बेचबिखनबाट पीडित/प्रभावितहरुको उद्धार तथा फिर्तिका लागि कार्यसञ्चालन प्रक्रियासम्बन्धि मापदण्डको आवश्यकता” अन्तरक्रिया कार्यक्रम**<br>एटविन सदस्य संस्था कोकनले मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना र पुनःएकीकरणको लागि कार्यसञ्चालन मापदण्डको महत्वबारे छलफल गर्न अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । | हनुमानस्थान काठमाडौं जम्मा - ३९ |
| २ | ९-२४ मंसिर २०७९ | **लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सुरुवातको अवसरमा र्‍यालीको आयोजना गरेको थियो । | काठमाडौं |
| ३ | मंसिर २०७९ | **१४औं मानवअधिकार राष्ट्रिय महाभेला, २०२२**<br>एटविनले महाभेलाको तयारीका लागि विभिन्न समन्वय बैठकमा सहभागी हुनुका साथै भेलाको उद्घाटन समारोहमा सूचना तथा प्रकाशन सामग्रीहरूको स्टल राखेको थियो तथा र्‍यालीमा सहभागीता रहेको थिए । | काठमाडौं |
| ४ | कार्तिक- मंसिर २०७९ | **संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९को पूरक प्रतिवेदन**<br>महासन्धिमा नागरिक समाजको तर्फबाट संयुक्त रुपमा पूरक प्रतिवेदनको तयारीका लागि प्रादेशिक र राष्ट्रिय छलफल सहितको मस्यौदा तयारी भएको छ । उक्त मस्यौदामा एटविनले बालबालिकाको बेचबिखनको सवाल उठान गरेको थियो । | काठमाडौं |
| ५. | २०७९ फागुन २४ | **११३ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस, २०२३**<br>“लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार” भन्ने नाराको साथ आयोजना गरिएको र्‍यालीमा सहभागीता जनाईयो । | काठमाडौं |

**उपलब्धिहरू**

- प्रतिनिधि सभाको कानून, न्याय तथा मानवअधिकार समितिको बैठकमा पर्लेमो प्रोटोकलको घरेलुकरण, मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको सहभागिता र मुद्दा उठान गर्न सफल ।
- मानव बेचबिखनका विभिन्न मुद्दामा टिभी कार्यक्रमको निर्माण र टिभी, युट्युबको प्रसारण मार्फत् धेरै व्यक्ति साथ पुग्न सफल ।
- एटविनको पैरवीका कारण मानव बेचबिखनको राष्ट्रिय नीति बनाउन कानुन, न्याय तथा मानवअधिकार समितिद्वारा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देशन ।
- एटविनको तीन बर्षे नयाँ संस्थागत विकास तथा रणनीतिक योजना २०२३-२०२६ को मस्यौदा तयार ।
- सदस्य संस्थाहरूलाई मानव बेचिबखन विरुद्धको अवधारणगत स्पष्टता सम्बन्धी क्षमता अभिवृद्धि ।
- १६औं मानव बेचबिखन तथा ओसारपसार विरुद्धको दिवसको मानव बेचबिखन विरुद्धमा कार्यरत संघसंस्थाहरूको साझेदारितामा भव्य र्‍यालीको सफल आयोजना ।

- मानव बेचबिखन विरुद्ध भारत-नेपाल समन्वय समूहको सुरुवात ।
- मानव बेचबिखनबाट प्रभावित तथा मनोरञ्जन क्षेत्रका श्रमिक महिलाहरु तथा वहाँको संजालसंग प्रत्यक्ष संवाद र कार्यक्रमहरुमा संलग्नता र मुद्दा पहिचान ।
- मानव बेचबिखन, बाल श्रम शोषण तथा ओसारपसारको जोखिममा रहेका ३८१ जनालाई अवरोध ।
- जोखिममा रहेका १४ जना बालबालिका तथा उनका अभिभावकलाई जिविकोपार्जन सहयोग र २२ जनालाई सिप विकास तालिम दिइयो साथै ३९३ जनालाई पुनर्मिलन, पुनःएकिकरण तथा फिर्तीको सेवा प्रदान गर्न सफल ।
- ११ पालिकाहरूमा निगरानी समुहहरूको गठन/पुर्नस्थापना साथै समुदायहरूमा पनि निगरानी समुहहरूको गठन
- तीनै प्रदेशका मुख्य नाकाहरूमा क्रस बोर्डर कार्यक्रमहरूको माध्यमबाट सिमापारी समन्वयमा अभिवृद्धि ।
- विभिन्न कार्यक्रमहरूको माध्यमबाट मानव बेचबिखन, बाल श्रम शोषण र ओसारपसार साथै रोकथाम, अवरोध, फिर्ता, पुनर्मिलन, पुनःएकीकरण, परामर्श सम्बन्धी विभिन्न बिषयमा सुरक्षाकर्मी, पालिकाका कर्मचारी तथा जनप्रतिनिधि, गैर सरकारी संस्थाका कर्मचारी, स्थानीय जनसमुदाय तथा स्वयंसेवक र शिक्षकहरूको क्षमता अभिवृद्धि ।
- नेपाल सरकारको स्थानीय तहमा सम्बधित बिषयमा बजेट योजना र विनियोजन गराउन तथा पैरवीकालागि पुस्तिका तथा सातै प्रदेशमा कार्यरत सरोकारवाला सरकारी तथा गैर सरकारी संस्थाहरुले दिने सेवाहरुको रेफरल पुस्तिका प्रकाशित ।
- त्रैमासिक बैठक मार्फत सदस्य संस्थाहरुको कार्यक्रम, संस्थागत जानकारी, सिकाई एवं सहकार्यमा कार्यक्रम गरिएको ।
- अन्तर्राष्ट्रिय स्तरमा सहभागिता तथा विषयको उठान ।
- एटविन सदस्यतामा वृद्धि । (शान्ति फाउन्डेसन तथा परिवर्तनका लागि सहकार्य नेपाल)
- विभिन्न कार्यक्रमहरु मार्फत जम्मा ३०६६ जनासंग प्रत्यक्ष पहुँच ।
- एटविनको सूचना तथा श्रोत केन्द्रको प्रभावकारी परिचालन मार्फत ६२ जना प्रयोगकर्तालाई सुचना दिएको, ५३३ प्रकाशनहरू प्राप्त तथा १९,१८५ प्रकाशनहरू वितरण गरिएको ।

**चुनौती**

- राज्यको नयाँ संरचनामा संरचनामा मानव बेचबिखन सम्बन्धी मानव स्रोत र सम्पर्क व्यक्तिको अभाव तथा अन्यौलता ।
- पार्लेमो प्रोटोकलको अनुमोदन तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा नियमावली २०६५मा संघियता अनुसार वृहत्त संशोधनमा ढिलाई ।
- मानव बेचबिखन सम्बन्धमा समान बुझाई तथा अवधारणागत स्पष्टताको कमी ।
- मानव बेचबिखनको बदलिंदो स्वरुप र त्यसको सम्बोधन ।
- मानव बेचबिखनको मुद्दामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बाहेकका अन्य सरोकारवाला मन्त्रालयको कम प्राथमिकतामा पर्नु ।
- मानव बेचबिखनविरुद्ध थप कानूनहरुको अभाव जस्तै प्रभावित/पीडितको पुर्नफिर्ती नीति, समसामायिक राष्ट्रिय नीति आदि ।
- सरोकारवालाहरूको एटविनसँगको अपेक्षाहरुको सम्बोधन अनुसारको कार्यक्रम ।
- सीमित आर्थिक स्रोत ।
- सम्बन्धित विषयमा स्थानीय तहमा तथ्याङ्क अभाव ।






# संरक्षण नेपाल (Protection Nepal)



**सदस्य संस्थाको नाम :** संरक्षण नेपाल (Protection Nepal)
**एटविनमा आबद्ध भएको वर्ष/मिति :**
**दर्ता भएको जिल्ला र वर्ष :** २०५९ बारा
**कार्यक्षेत्र जिल्लाहरु :** मधेश प्रदेशका हालको कार्यरत जिल्लाहरुः बारा, पर्सा, रौतहट, सर्लाही र रणनैतिगत कार्यक्षेत्र भएको जिल्लाहरु महोतरी, धनुषा, सिरहा र सप्तरी, मधेश प्रदेश
**सम्पर्क नं :** ०५३५५०६०५/५५९०३१८
**ईमेल तथा वेभसाइट :** protectionnepal2002@gmail.com, pnbara@gmail.com pnbaradirector@gmail.com, www.pnbara.org.np

**परिकल्पनाः**
लैङ्गिक समानता र भेदभावरहित समतामुलक एंव सम्पुर्ण अधिकार सम्पन्न समाजको निर्माण ।

**ध्येयः**
बालबालिका, युवा, महिला तथा पिछिडिएको वर्गहरुको हकहित संरक्षण र अधिकार प्रति सकारात्मक परिवर्तन ल्याउने र उनीहरुमा वकालत गर्ने क्षमताको विकास तथा आर्थिक स्तरमा सुधार गर्ने वातावरणको सृजना गर्नमा सघाउ पुऱ्याउने ।

**लक्ष्यः**
बालबालिका, युवा, महिला तथा पिछिडिएको वर्गहरुको हकहित संरक्षण र अधिकार प्रति सकारात्मक परिवर्तन ल्याउने र उनीहरुमा वकालत गर्ने क्षमताको विकास तथा आर्थिक स्तरमा सुधार गर्ने वातावरणको सृजना गर्नमा सघाउ पुऱ्याउने ।

**प्रमुख सवाल तथा कार्यकम तथा सेवाहरु :**

- बालबालिकाहरुको संरक्षण र सहभागिता सम्वन्धि कार्य ।
- किशाोर किशोरी प्रजनन स्वास्थ्य सम्वन्धि कार्य
- लैगिक हिंसा निवारण तथा बाल विवाह अन्त्य सम्वन्धि कार्य ।
- विपद् व्यवस्थापन सम्वन्धि कार्य ।

संस्थाले प्राप्त गरेको पुरस्कार वा सम्मान (राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको) २०७३ सम्म

२०७५ श्रावण ०४ गते राष्ट्रिय महिला आयोगबाट लैङ्गिक हिँसा विरुद्ध काम गरेकोमा संरक्षण नेपालको तर्फबाट श्री बबिता जैसवाललाई सम्मान पत्र प्रदान गरेको ।

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धि**

- स्थानीय बाल संरक्षण मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, बाल श्रम रोकथाम गर्न चार स्थानीय सरकार र समुदायको संरचनागत सुदृढिकरण गर्न सहयोग गरिएको ।
- बाल हेल्पलाईन सेवा र बालश्रम शोषण रो कथामः स्थानागमन तथा मानव बेचबिखन विरुद्ध क्षमता तथा निगरानी अभिवृद्धि परियोजना मार्फत बालश्रममा परेका तथा बेचबिखनको जो खिममा रहेका र विभिन्न खालको हिँसामा परेका ६० जना बालबालिकाहरुलाई भारतको विभिन्न स्थानहरुबाथ स्वदेश फिर्ती गरिएको, बालश्रम तथा बेचबिखनको जोखिममा पर्नबाट समुदाय/सीमा नाकाबाट १३० जनालाई अवरोध गरी पारिवारिक पुनर्मिलन गरिएको र ११८ जनालाई अस्थायी संर क्षण सेवा प्रदान गरी पारिवारिक पुनःमिलन गर ाईएको । साथै बेचबिखनको जोखिममा रहेको तथा बालश्रम, हिँसामा परेकाहरुबाट स्वदेश फिर्ती गरि एको र समुदाय वा सीमा नाकाबाट अवरोध गरि एका बालबालिकाहरुमध्ये ४२ जनालाई शैक्षिक सहयोग, ४८ जनालाई स्वास्थ्य उपचार सहयोग, ६ जनालाई मनोसामाजिक परामर्श तथा १० जनाको परिवारलाई लघु व्यवसाय सहयोग गरिएको ।
- प्रजनन स्वास्थ्यसम्बन्धी स्वस्थ्यकर व्यवहार परि वर्तन गरी समाजमा विद्यमान रहेको कुरीति, कुसंस्कार (बाल विवाह) न्यूनीकरण गर्न तथा कम उमेरका किशोरकिशोरीले बच्चा नजन्माउन भनेर बारा जिल्लाको पाँच वटा स्थानीय तहहरुमा २१० वटा किशोरकिशोरी समुह, आम समुह, बुवा समुह तथा वयस्क महिला समुह परिचालन गरीएको ।

# शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल (ETSC - Nepal)

**सदस्य संस्थाको नाम :** शिक्षा तालिम तथा सामुदायिक सेवा नेपाल

**एटविनमा आबद्ध भएको वर्ष/मिति :** २०१०

**दर्ता भएको जिल्ला र वर्ष :** २०५६/०८/०२ मकवानपुर जिल्ला

**कार्यक्षेत्र जिल्लाहरु :** मकवानपुर, चितवन, बारा, पर्सा

सम्पर्क नं : ९८१९२५९६२४, ९८०७२०५७८०

**ईमेल तथा वेभसाइट :** iametscnepal95@gmail.com, ushathapa.etsc@gmail.com www.etscn.org.np




**इटिएससी-नेपालको परिकल्पना :**

“नयाँ आशाको ज्योति भएको समृद्ध र सिद्ध समाज हुनेछ ।”

**संस्थाको ध्येयः**

संकटाभिमुख समुदायको श्रोतमाथि पहुचमा बृद्धि गर्न र सिद्द समाजको स्थापना गर्न ।

**प्रमुख सवाल तथा कार्यकम तथा सेवाहरु :**

- मानव बेचविखन विरुद्ध चेतना जगाउने ।
- जिवीकोपार्जनद्धारा आयआर्जनमा वृद्धि
- वातावरण संरक्षण
- महिला तथा बालबालिको पक्षमा पैरवी गर्ने ।

संस्थाले प्राप्त गरेको पुरस्कार वा सम्मान (राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको) २०७३ सम्म

१. चुरियामाई मा.वि. हेटौडा १५ ले सम्मान पत्र
२. गाँउ बाल संरक्षण समिति हाडिखोलाले प्रशंसा पत्र
३. जिल्ला जनस्वास्थ्य हेटौडा मकवानपुरले मातृशिशु स्वास्थ्य कार्यक्रम अन्तरगत प्रशंसा पत्र
४. सामुदायिक प्रहरी सेवा उपकेन्द्र हेटौडा १० बसपार्कले सम्मान पत्र
५. पुर्ण खोप जिल्ला सुनिश्चित गर्न सहायता गरेकोले कदर पत्र
६. सुन्दर नेपाल सरसफाई अभियानमा हेटौडा बसपार्क सरसफाई गरेकोमा कदर पत्र
७. गढी गाउपालीकाका श्री भानु माध्यमिक विद्यालयबाट सम्मान पत्र
८. राक्सिराङ्ग स्वास्थ्य चौकी व्यवस्थापन समितिले पुर्ण खोपका लागि इटिएससीले सहायता गरेकोमा कदर पत्र
९. पल्पसा आइसोलेसन सेन्टरले कोभिडमा सहायता गरेकोमा कदर पत्र
१०. हेटौडा अस्पतालले कोभीडमा सामाग्री सहायता गरेकोमा कदर पत्र
११. बकैया गाउँपालीकाको छतिवन स्वास्थ्य चौकीले कोभीडमा सामाग्री सहायता गरेकोमा कदर पत्र

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धि**

- मातृशिशु स्वास्थ्य कार्यक्रमको क्षेत्रमा काम गर्दा ९ वटा स्वास्थ्य चौकीहरु मध्य ४ वटा स्वास्थ्य चौकीहरु २-३ बजे सम्म मात्र सेवाहरु उपलब्ध थिए भने संस्थाले गठन गरेको स्थानिय समुहको पहलमा ५ बजेसम्म सेवा सुविधा सुचारु गर्ने व्यवस्था भएको थियो ।
- संस्थागत विकास अन्तरगत मानविय सहायता, विपद जोखिस सम्बन्धि निति नियमहरु निर्माण गर्न सफल भयो ।
- २० वटा स्वनिर्भर समुहमा काम गर्दा २० वटै स्वनिर्भर समुहका व्यक्तिहरु अहिलेसम्म वचत गर्न सकिय भएर पालिका र स्थानिय निकाय समक्ष पहल, समन्वय गरेर श्रोत जुटाउन सक्ने भएका छन् ।
- २२५ जना महिला तथा बालबालिकाहरुको बेचविखन हुनबाट उद्धार गरिएको थियो ।



सुदूरपश्चिमका तीन नगरपालिकामा बाल श्रम र मानव बेचबिखन विरुद्ध क्षमता तथा निगरानी सुदृढीकरण परियोजना सञ्चालन

मानव बेचबिखनबाट प्रभावित व्यक्तिलाइ समाजमा पुनर्स्थापनाको समस्या

आज अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवस, विभिन्न कार्यक्रमका साथ मनाइँदै

मानव बेचबिखन नियन्त्रणका लागि सिमानाका सरोकारवालासँगको अर्न्तक्रिया कार्यक्रम सम्पन्न

'मानव बेचबिखन अन्त्यका लागि सञ्चारकर्मीसँगको संवाद' कार्यक्रम सम्पन्न

मानव बेचबिखन विरुद्धको नीति योजना प्रभावहीन

मानव बेविखन न्युनीकरणमा सरकारी निकायको भूमिका" विषयक कार्यक्रम सम्पन्न

मानव तस्करीविरुद्ध छुट्टै कानुन नहुँदा अपराधमा संलग्न व्यक्तिलाई कारवाही गर्न समस्या भयो

मानव बेविखन न्युनीकरणमा सरकारी निकायको भूमिका" विषयक कार्यक्रम सम्पन्न

कलैया वजारबाट बाल श्रम र श्रम शोषण अन्त्य गर्न मेयरसाहकोप्रतिबद्धता

मानव बेचबिखन न्यूनीकरणका लागि समन्वयात्मक भूमिका हुनुपर्ने

कृष्णपुरमा बालश्रम शोषण अनुगमनका लागि निगरानी समूह गठन

मानव बेचबिखन विरुद्धको नीति योजना प्रभावहीन

कृष्णपुरमा अभिमुखीकरण कार्यक्रम सम्पन्न

भीमदत्तका जनप्रतिनिधिलाई आफन्त नेपालको अभिमुखीकरण, मेयर बोगटी भन्छन्– मानव बेचबिखन गम्भीर अपराध हो, सामूहिक रुपमा सबैले यस विरुद्ध लाग्नु पर्छ

# समाचारमा मानव बेचबिखन

## पाण्डेलाई सात वर्ष कैद आदेश

## मानव तस्करीको सञ्जाल भत्काउने दुर्लभ अवसर

## मानव बेचबिखनमा 'राष्ट्रिय सहमति'

शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै एक अर्ब ठगी प्रकरण

## पक्राउ पर्न थाले गिरोहका 'हाई प्रोफाइल'

## फ्री भिसा फ्री टिकट : कार्यान्वयन, न नियमन

वैदेशिक रोजगारीका लागि १७८ वटा मुलुक खुला, तर १० वटासँग मात्रै श्रम सम्झौता

## आफ्नैबाट बेचिन्छन् वैदेशिक जगारमा जाने अधिकांश महिला

## भिजिट भिसामा महिलालाई ओमान लगेर १२ लाखमा बिक्री

मध्यपूर्वदेखि अस्ट्रेलिया र अमेरिकासम्म नेपाली कामदार...

## मानव बेचबिखन रोक्न साझा प्रतिबद्ध

नक्कली भुटानी शरणार्थी प्रकरण

## आरोपित जोगाउन दबाब बढाउँदै राजनीतिक नेतृत्व

## दुई सय व्यक्तिका मिर्गौला बेचेको गिरोह पक्राउ

श्रीमतीका लागि मिर्गौला खोज्दै हिँडेका...

## चेलीबेटी बेचबिखनको मुद्दा प्रहरीले नलिएको आरोप

## कम्बोडियाका चिनियाँ कल सेन्टरमा नेपाली युवाको तस्करी

## मिर्गौला तस्करीमा संलग्न पक्राउ

## वीरगन्ज नाकाबाट मानव बेचबिखन बढ्दै

## राजधानीमा मिर्गौला कारोबारीको गिरोह सक्रिय

## पाण्डेविरुद्ध शरीर बन्धक तथा मानव बेचबिखन मुद्दाको तयारी

मित्र भण्डारी
काठमाडौं, जेठ ८ गते

आठ वर्षअघि सम्पन्न सौन्दर्य प्रतियोगितामा सहभागी १६ वर्षीया किशोरीमाथि भएको बलात्कार घटनामा प्रहरीले आरोपितविरुद्ध शरीर बन्धक तथा मानव बेचबिखन कसुरमा अनुसन्धान अघि बढाउने तयारी गरेको छ।

## मानव तस्करको निशानामा चेलीबेटी

कार्यविधि नहुँदा उद्धारमा समस्या

## कोरोनापछि बढ्दो मानव तस्करी

## बालिका बेचबिखनमा संलग्नलाई ७ वर्ष कैद

## बौद्ध शिक्षाको बहानामा बालबालिका भारत पुऱ्याइँदै

## भारतबाट १६ नाबालकको उद्धार

## चार बालिका बेचबिखन कसुरमा ७ वर्ष कैद

## युगान्डाकी युवतीको काठमाडौंमा यौनधन्दा

## विमानस्थलमा भिजिट भिसाको सेटिङ, कुवेतमा बेचबिखन

सेटिङ मिलाउने ट्राभल सञ्चालक पक्राउ



मानव बेचबिखन तथा ओसारपसार विरुद्धको
१६औं राष्ट्रिय दिवसको र्‍यालीको संयोजन



"मानव बेचबिखन अन्त्यका लागि संचारको भूमिका"
संवाद कार्यक्रम



"मानव बेचबिखन विरूद्धको पार्लेमो प्रोटोकल र यसको कार्यान्वयन"
अभिमुखिकरण कार्यक्रम



मानव बेचबिखनविरुद्ध सीमापारका
सरोकारवालासंग कार्यक्रम



मानव बेचबिखन न्यूनीकरणका लागि राष्ट्रिय सभाको विधायन
व्यवस्थापन समितिका सभापतिलाई ज्ञापनपत्र हस्तान्तरण



नेतृत्व विकास प्रशिक्षण



"मानव बेचबखिन तथा मानव तस्करी"
अन्तरक्रिया कार्यक्रम



मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रमुख प्रहरी वरिष्ठ
उपरीक्षकसँग बैठक

# एटविन सूचना तथा स्रोत केन्द्र

**यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :**

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार, बाल अधिकार तथा महिला विरुद्धको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू, अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।**

---

## सूचना तथा स्रोत केन्द्र खुल्ने समयः

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

*एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।*